प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि
प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित

# निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्राविधिक सहयोग**

unicef for every child

ARNEC Asia-Pacific Regional Network for Early Childhood

Seto Gurans National Child Development Services

**सर्वाधिकार ©**

प्रकाशकमा

**प्रकाशन वर्ष**

वि.सं. २०७९

**प्रकाशन सहयोग**

युनिसेफ नेपाल

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.स. २०७८/०७९ मिति :- २०७९।०२।०६

च.नं.:

प्रारम्भिक बाल्यावस्था मानव विकासको जग निर्माण हुने अत्यन्त संवेदनशील र महत्त्वपूर्ण अवस्था हो । यसै अवस्थामा बालबालिकाको मस्तिष्क निर्माण र बौद्धिक विकास तीव्र हुन्छ भन्ने तथ्य विभिन्न अध्ययन तथा अनुसन्धानले देखाएको छ । प्रारम्भिक उमेरमा सिकेका र अनुभव गरेका आधारभूत ज्ञान, सिप, व्यवहार र बानीहरू नै भावी जीवनको आधारशिलाका रूपमा स्थापित हुने गर्दछन् । यो उमेर बालबालिकाको वृद्धि, विकास तथा सिकाइको जग बसाल्ने दृष्टिकोणले पनि महत्त्वपूर्ण समय हो । प्रारम्भिक बालविकासको दृष्टिकोणले बालबालिकाको उपयुक्त हेरचाह एवम् वृद्धि र विकासका लागि स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा, संरक्षण, उत्प्रेरणा तथा बालसिकाइलाई छुट्टयाउन सकिँदैन किनभने विकास तथा सिकाइका प्रक्रियाहरू समन्वयात्मक ढङ्गबाट सँगसँगै अगाडि बढ्ने क्रममा रहेका हुन्छन् ।

यसै सन्दर्भमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा रहेका बालबालिकाले जान्नै पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागद्वारा '४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, २०६९ (इ.सं.२०१२)' पुस्तिका विकास गरी कार्यान्वयनमा ल्याइएको थियो । सो पुस्तिकाभित्र रहेका ५ वटा क्षेत्र (शारीरिक विकास, सामाजिक र संवेगात्मक विकास, बौद्धिक विकास, भाषिक विकास र सांस्कृतिक विकास), ६६ वटा मापदण्ड र १८६ वटा सूचकहरूलाई समेटेर २० वटा विशिष्ट सूचकसहितको 'प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण' (ELDS Report Card) तयार गरिएको थियो । उक्त प्रगति सूचकहरु प्रयोगमा ल्याउन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा स्थानीय तहहरूलाई सूचित समेत गरिएको थियो । उक्त ELDS Report Card लाई सामयिक परिमार्जन गरी जुनसुकै समयमा (विपद्को समयमासमेत) पनि बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा, घरमा र कक्षा १ मा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकमा उल्लेख गरेअनुसार बालबालिकाको सिकाइ र विकास हासिल भए नभएको मूल्याङ्कन गर्न र आवश्यकतानुसार सुधार तथा प्रवर्धन गरी सिकाइ र विकासको क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो **"प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका"** तयार पारिएको छ ।

यस पुस्तिका नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, युनिसेफ नेपाल र सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको संयुक्त प्रयासमा तयार गरिएको हो । यो पुस्तिका तयार गर्न सहयोग गरेकोमा युनिसेफको दक्षिण एसिया क्षेत्रीय कार्यालय (रोजा) र प्रारम्भिक बालविकासका लागि एसिया प्रशान्त क्षेत्रीय सञ्जाल (Asia-Pacific Regional Network for Early Childhood -ARNEC) प्रति आभार प्रकट गर्दछौं । प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा सहभागी बालबालिकाको सिकाइ तथा विकासको गुणस्तर अभिवृद्धि गर्नका लागि प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा तथा कक्षा १ का शिक्षकहरू र अभिभावकका लागि यो पुस्तिका उपयोगी हुने विश्वास लिइएको छ ।

यस पुस्तिकालाई अझ बढी व्यवहारिक र उपयोगी बनाउनका लागि विज्ञ तथा सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

श्री चूडामणि पौडेल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चूडामणि पौडेल
महानिर्देशक

# निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका मुख्य पक्षहरू

यस निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा देहायअनुसारका तीन खण्ड छन्:

## खण्ड १ : निर्माणात्मक मूल्याङ्कन प्याकेजको मार्गदर्शन

यस खण्डले यस प्याकेजको महत्त्व, प्रयोग, लक्षित समूह र कस्तो सन्दर्भमा यो प्याकेज प्रयोग गर्न सकिन्छ भन्ने आधारसहितका पृष्ठभूमि प्रस्तुत गर्दछ । साथै यस खण्डले प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयका शिक्षकहरूलाई विभिन्न सन्दर्भहरूमा यस प्याकेजलाई कसरी प्रयोग गर्ने भनी विस्तृत मार्गनिर्देशन गर्दछ । यसभित्र बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालय खुल्दा, नियमित रूपमा सिकाइ क्रियाकलाप सञ्चालन हुँदा, बन्द हुँदा र पुनः खुल्दा तथा बालबालिका प्राथमिक विद्यालयको कक्षा १ मा प्रवेश गर्दाका अवस्थाहरूमा यस पुस्तिकाको प्रयोगका प्रक्रियाहरू उल्लेख गरिएका छन् ।

## खण्ड २ : प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय र प्राथमिक विद्यालयमा प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका

यस खण्डमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय र प्राथमिक विद्यालयका शिक्षकहरूले प्रयोग गर्नुपर्ने मूल्याङ्कन स्रोत पुस्तिका प्रस्तुत गरिएको छ। यस पुस्तिकामा समाविष्ट मूल्याङ्कन क्रियाकलापहरूका संरचनाले प्रत्येक बालबालिकाले विभिन्न स्तर/चरणहरूमा प्रवेश गर्दा हासिल गर्ने प्रत्येक विशिष्ट पक्ष तथा सक्षमताको क्षेत्रको निरन्तरतालाई जोड दिन्छ। साथै बालबालिकाको आफ्ना स्तरअनुसार उनीहरूका सिकाइमा सघाउ पुऱ्याउन आवश्यक मूल्याङ्कन क्रियाकलाप र सिकाइ रणनीतिहरू पनि यसमा समावेश गरिएको छ । यसको अन्त्यमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक/प्राथमिक विद्यालयका शिक्षकहरूका लागि बालबालिकाको मूल्याङ्कन क्रियाकलापहरू सञ्चालन गर्दा बहुपक्षीय अवलोकनका आधारमा प्रत्येक बालबालिकाको निम्ति यो मूल्याङ्कन प्रयोग गर्न र पूरा गर्न प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण उपलब्ध गराइएको छ ।

## खण्ड ३ : प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयहरू बन्द रहँदा अभिभावक/स्याहारकर्ता मार्फत प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका

यस खण्डले अभिभावक तथा स्याहारकर्तामार्फत घरमा प्रयोग गर्नुपर्ने मूल्याङ्कन स्रोत पुस्तिका प्रस्तुत गर्दछ । यस पुस्तिकाका मूल्याङ्कन क्रियाकलापहरूका संरचनाले अभिभावक तथा स्याहारकर्ताका लागि मूल्याङ्कन क्रियाकलापहरू, सरलीकरण गरिएको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण र सहयोगी सिकाइ अभ्यासहरू समावेश गर्दछ। यस्ता सिकाइ अभ्यासहरूलाई प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयका शिक्षकहरूले अभिभावकहरूको सक्षमता निर्माण गर्न प्रयोग गर्न सक्नुहुन्छ र कसरी बालबालिकाको सिकाइलाई घरमा सघाउन सकिन्छ भन्ने बुझ्न पनि प्रयोग गर्न सकिन्छ ।

# विषय सूची


| विषय | पृष्ठ नं. |
|---|---|
| **खण्ड १** | |
| **निर्माणात्मक मूल्याङ्कन प्याकेजको मार्गदर्शन** | १ |
| १. परिचय | २ |
| १.१ निर्माणात्मक मूल्याङ्कन के हो ? | २ |
| २. नेपालका पूर्वप्राथमिक तहका बालबालिकाका लागि निर्माणात्मक मूल्याङ्कन प्याकेज | ३ |
| २.१. यो प्याकेज किन ? | ३ |
| २.२. यो प्याकेज कसले प्रयोग गर्छ ? | ४ |
| २.३. यो प्याकेज कहिले प्रयोग गर्ने ? | ४ |
| ३. नेपालका लागि यो प्याकेज अनुसरणका चरणहरू | ५ |
| ४. प्याकेजमा भएका सामग्रीहरूको संरचना | ६ |
| ५. निर्माणात्मक मूल्याङ्कन प्याकेज प्रयोग गर्ने प्रक्रिया | ९ |
| ६. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/विद्यालयको वातावरणमा निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका प्रयोग गर्नका लागि शिक्षकहरूलाई मार्गदर्शन | १० |
| ७. बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द हुँदा घरमा रहेका अभिभावक/स्याहारकर्तासम्म पहुँच पुऱ्याउन प्रारम्भिक बालविकास सहजकर्ता/पूर्वप्राथमिक विद्यालय शिक्षकका लागि मार्गदर्शन | १५ |
| **खण्ड २** | |
| **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयमा प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका** | १९ |
| क) यस पुस्तिकाको प्रयोग गर्दा ध्यान दिनुपर्ने केही कुरा | २० |
| ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण) | ७८ |
| **खण्ड ३** | |
| **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयहरू बन्द रहँदा अभिभावक/स्याहारकर्तामार्फत प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका** | ८६ |
| क) निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका र यसको प्रयोगमा ध्यान दिनुपर्ने केही कुरा | ८७ |
| ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (अभिभावक/स्याहारकर्ताहरूसँग प्रयोग गर्नका लागि घरमै आधारित संस्करण) | १०४ |
| ग) घरमै सिकाइ प्रवर्द्धन गर्न सहयोगात्मक सिकाइ अभ्यासहरू | १०९ |
| घ) घरमा सिकाइ सहयोग प्रवर्द्धनका लागि विकासका अन्य क्षेत्रहरू | १२२ |
| **अनुसूची** | १३२ |



# खण्ड १

## निर्माणात्मक मूल्याङ्कन प्याकेजको मार्गदर्शन



## १. परिचय

विश्वभरका सरकारहरूलाई कोभिड-१९ महामारी फैलिन नदिन बन्दाबन्दी (Lock down) गर्ने र पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रहरूसहितका विभिन्न सार्वजनिक सुविधा र सेवाहरू बन्द गर्ने जस्ता यसअघि कहिल्यै नलिएका कदमहरू चाल्नु पर्ने परिस्थिति सिर्जना भयो । प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयहरू लामो समयसम्मका लागि बन्द भएकाले बालबालिका यसबाट निकै प्रभावित भए । यसले उनीहरूको सर्वाङ्गीण विकास (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक र सांस्कृतिक) मा असर पारी सिकाइमा उल्लेख्य क्षति[1] पुऱ्यायो । लामो समय प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द हुनुको अर्थ महामारीपछि विद्यालय तहका लागि तयार हुन[2] आवश्यक सक्षमता पर्याप्त रूपमा हासिल नभइकन बालबालिका प्राथमिक विद्यालयमा प्रवेश गर्नु हो । जसको अर्थ महामारीअघि विद्यमान रहेका सिकाइ समस्याहरू बढ्नु मात्र हो भन्न सकिन्छ ।

### १.१ निर्माणात्मक मूल्याङ्कन के हो ?

शिक्षकलाई विकासका चरण/कोसेढुङ्गा र विशिष्ट सिकाइ उपलब्धिहरूसँगको तुलनामा बालबालिकाले जानेका ज्ञान तथा सिपको जानकारी दिने र आवश्यकतानुसार थप सहयोग गर्ने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन हो । निर्माणात्मक मूल्याङ्कन सिकाइ प्रक्रियामा महत्त्वपूर्ण छ । यो यसकारण पनि महत्त्वपूर्ण छ कि बालबालिकाले हासिल गर्ने कुनै पनि नयाँ ज्ञान उनीहरूका पूर्वज्ञानमा थपिएर निर्माण हुन्छ ।

| के ? | किन ? | कहिले ? | कसरी ? |
|---|---|---|---|
| यो प्रक्रिया एक पटक गरिने क्रियाकलाप वा बालबालिकाको सिकाइको परीक्षण मात्र होइन, बरू बालबालिकाको सिकाइ र विकासका स्तरहरूको निरन्तर मूल्याङ्कन हो । | बालबालिकाले विभिन्न चरणमा सिकाइ सहयोग प्राप्त गरिरहँदा निर्माणात्मक मूल्याङ्कनले प्रत्येक बालबालिका आफ्नो सिकाइका आधारमा कहाँ छन् भन्ने बुझ्न र त्यसपछि बालबालिकाको खास सिकाइ र विकासका आवश्यकता पूरा गर्न सिकाइ रणनीतिहरू तय गर्न मद्दत गर्छ । | शैक्षिक वर्षभरि निरन्तर रूपमा गरिन्छ । बालबालिका प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा गरिने विभिन्न सिकाइ तथा विकासात्मक क्रियाकलापहरूमा, (खेल, भ्रमण, मनोरञ्जन आदि) सहभागी हुँदा र उनीहरूका नियमित दैनिकीका क्रममा यस्तो मूल्याङ्कन गरिन्छ । | यस पुस्तिकामा सुझाइएका मूल्याङ्कन क्रियाकलापहरू सञ्चालन गरेर ।<br><br>तपाइँ निर्माणात्मक मूल्याङ्कनका उद्देश्यहरूसँग एक पटक परिचित भइसकेपछि क्रियाकलापहरूलाई परिमार्जन गर्न र आफूअनुकूल तयार गर्न स्वतन्त्र हुनुहुन्छ । |

यस प्रक्रियाका महत्त्वपूर्ण पक्षहरूमा निरन्तर मूल्याङ्कन पर्दछ, जसअन्तर्गत प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयका शिक्षकहरूले अवलोकन र अन्तरक्रिया जस्ता बहुविधिहरू प्रयोग गरी निर्दिष्ट सिकाइ उपलब्धिहरू/प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) सँग बालबालिकालाई तुलना गरी मूल्याङ्कन गर्नुहुन्छ। प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयका शिक्षकहरूले

[1]सिकाइ क्षतिले अधिकतर रूपमा कोभिड-१९ महामारीका कारण पूर्वप्राथमिक विद्यालयको अनुभवमा परेको खाडल वा निरन्तरताको अभावका कारण उत्पन्न ज्ञान, सिप र सक्षमताको खास वा सामान्य क्षति अथवा विकासको (विस्तृत सिकाइ तथा विकास) मार्गमा भएको पश्चगमनलाई जनाउँछ ।

[2]विद्यालयका लागि तयार हुनु भन्नाले बालबालिकाको व्यक्तिगत तयारी, बालबालिकाका लागि विद्यालयको तयारी र प्रारम्भिक बालविकासमा उच्चतम सहयोग पुऱ्याउने परिवार र समुदायको क्षमतालाई बुझाउँछ। विद्यालयका लागि तयार भएका बालबालिकामा विकासका विविध क्षेत्रहरूमा (भाषिक, बौद्धिक, सामाजिक, संवेगात्मक, मांसपेशीय, शारीरिक र रचनात्मक विकासका क्षेत्रहरूमा) आधारभूत र न्यूनतम सिप र ज्ञान हुन्छ, जसले बालबालिकालाई विद्यालयमा सफल हुन सक्षम बनाउनेछ ।

मूल्याङ्कनबाट प्राप्त आफ्ना नतिजाहरू (आफूले पत्ता लगाएका स्तरहरू)को विश्लेषण गर्नुहुन्छ र त्यसका आधारमा अपेक्षित उपलब्धिहरू हासिल गर्न सहयोग पुग्ने गरी उचित कक्षागत क्रियाकलापहरूको योजना बनाउनुहुन्छ। यस योजनाका आधारमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयका शिक्षकहरूले आफ्नो दैनिक कार्यतालिकामा प्रत्येक बालबालिकासँग विभिन्न कक्षागत क्रियाकलाप र अन्तरक्रियाहरू सञ्चालन गर्नुहुन्छ अनि ती बालबालिकाले प्रगति गरिरहेका छन् कि छैनन् भनी पत्ता लगाउन मूल्याङ्कन गर्नुहुन्छ। यसरी, नियमित प्रक्रियाका रूपमा मूल्याङ्कन, विश्लेषण, योजना र निर्देशनको चक्र चलिरहन्छ (चित्र ३ मा देखाइएअनुरूप)।

## २. नेपालका पूर्वप्राथमिक तहका बालबालिकाका लागि निर्माणात्मक मूल्याङ्कन प्याकेज

### २.१. यो प्याकेज किन ?

प्रारम्भिक सिकाइ तथा विकास र सिकाइ क्षतिलाई सम्बोधन गर्न एवं पूर्वप्राथमिक तहका बालबालिकाको (३ देखि ५/६ वर्ष उमेर बीचका) विकासका हिसाबले उपयुक्त सिकाइमा सघाउन, युनिसेफको दक्षिण एसिया क्षेत्रीय कार्यालयले प्रारम्भिक बालविकासका लागि एसिया प्रशान्त क्षेत्रीय सञ्जाल (Asia- Pacific Regional Network for Early Childhood-ARNEC) सँगको सहकार्यमा पूर्वप्राथमिक/प्राथमिक विद्यालय र घरमै सिकाइमा सघाउन पूर्वप्राथमिक तहका शिक्षक/अग्रपङ्क्तिका सेवाप्रदायक, अभिभावक/स्याहारकर्ता र प्राथमिक विद्यालयका शिक्षकहरूका लागि (कक्षा १ मा प्रवेश गर्दै गरेका बालबालिकासँग प्रयोग गर्न) एउटा निर्माणात्मक मूल्याङ्कन प्याकेज विकास गऱ्यो। प्रारम्भिक बाल हेरचाह तथा शिक्षा (ECCE) विषयगत क्षेत्रको प्याकेजको विकासको क्रममा यसै भौगोलिक क्षेत्रका विज्ञहरू सम्मिलित सल्लाहकार समितिबाट आवश्यक सहयोग लिइएको थियो। यो क्षेत्रीय स्तरको निर्माणात्मक मूल्याङ्कन प्याकेज कोभिड १९ महामारीका कारण पूर्वप्राथमिक विद्यालय/विद्यालयहरू बन्द भएको सन्दर्भमा भएको सिकाइ क्षतिलाई सम्बोधन गर्न र अझ माथि गएर बालबालिका प्राथमिक विद्यालयको कक्षा १ मा पुग्दाको सिकाइ प्रक्रियालाई सघाउन र मार्गनिर्देश गर्न विकास गरिएको छ। यस प्याकेजभित्र रहेका मूल्याङ्कन सामग्रीले बालबालिकामा रहेको विकासको चरणलाई अभिलिखित गर्न र प्रत्येकलाई अपेक्षित विकासको मार्गमा पुऱ्याउन मद्दत गर्दछ। साथै, यसले बालबालिकालाई औपचारिक शिक्षामा परिवर्तित गर्न प्राथमिक विद्यालयका शिक्षकलाई सहज बनाइदिन्छ। यो प्याकेज साना बालबालिकाको सिकाइ र विकासमा सघाउ पुऱ्याउन विविधतायुक्त सन्दर्भमा प्रयोगका सम्भावनाहरूमा खास जोड दिई यस भूक्षेत्रका सबै देशमा लागू गर्न तयार पारिएको हो। परिणामस्वरूप, यस प्याकेजले सांस्कृतिक अनुकूलनको प्रक्रियामा, राष्ट्रिय प्रारम्भिक सिकाइ तथा विकास मापदण्डहरू (ELDS) र स्थानीय प्राथमिकताहरूसँगको सामञ्जस्य कायम गर्ने कुरामा विशेष जोड दिएको छ।

कोभिडका कारण भएको सिकाइ क्षतिलाई सम्बोधन गर्न र अझ अगाडि बढेर लामो समयदेखिको सिकाइ खाडल पुर्न विकासका हिसाबले उपयुक्त सिकाइमा सघाउन यस क्षेत्रीय निर्माणात्मक मूल्याङ्कन प्याकेजको महत्त्वलाई युनिसेफसँगै नेपाल सरकारले पनि बोध गऱ्यो। परिणामस्वरूप नेपालका पूर्वप्राथमिक तहका बालबालिकाको प्रारम्भिक सिकाइ अनुभव र अभ्यासलाई सुधार्न यस प्याकेजलाई अनुसरण गरिएको छ। यस सन्दर्भमा नेपाल सरकार, युनिसेफ नेपाल, युनिसेफको दक्षिण एसिया क्षेत्रीय कार्यालय र प्रारम्भिक बालविकासका लागि एसिया प्रशान्त क्षेत्रीय सञ्जालले यस प्याकेजलाई नेपालको ४८ देखि ६० महिनासम्मका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डहरू (ELDS) अनुरूप सान्दर्भिक बनाउन सहकार्य गरे। यो सहकार्य यस प्याकेजको विद्यमान मूल्याङ्कन सामग्री अर्थात् प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) सँग समायोजन सुनिश्चित गर्नका लागि थियो। यो समायोजन पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रहरूमा र बालबालिका प्राथमिक विद्यालयको कक्षा १ मा प्रवेश गर्दा आवश्यक सिकाइ प्रक्रियाहरूसँग मूल्याङ्कनलाई प्रभावकारी रूपमा जोड्नका लागि गरिएको थियो।

## २.२. यो प्याकेज कसले प्रयोग गर्छ ?

क्षेत्रीय (Regional) प्याकेजको रूपमा विकसित भई नेपालले अनुसरण गरेको यो निर्माणात्मक मूल्याङ्कन प्याकेज निम्नानुसार प्रयोग गर्न सकिन्छ :

**प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तह**

❖ प्रारम्भिक बालविकास केन्द्रहरू/पूर्वप्राथमिक विद्यालयहरूमा शिक्षकको प्रयोगका लागि
❖ अभिभावक/स्याहारकर्ताहरूसँग घरमै प्रयोग गर्नका लागि

- यस प्याकेजले खासगरी ४८ देखि ६० महिना उमेरका बालबालिकालाई (पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने औपचारिक उमेर) लक्ष्य गर्छ। केन्द्रहरूमा कम र बढी उमेरका बालबालिका छन् भने उनीहरूसँग पनि उमेरलाई ध्यानमा राखी यो प्याकेज प्रयोग गर्न सकिन्छ । यसलाई विद्यालयभन्दा बाहिर रहेका बालबालिकासँग पनि प्रयोग गर्न सकिन्छ (मूल्याङ्कन घरमा गर्न सकिन्छ) ।

**प्राथमिक विद्यालयका शिक्षकहरूका लागि**

❖ पूर्वप्राथमिक विद्यालयको अनुभवसहित वा बिनाअनुभव कक्षा १ मा प्रवेश गर्ने बालबालिकामा प्रयोग गर्नका लागि

- प्राथमिक विद्यालयका शिक्षकहरूले कक्षा १ को स्तरमा बालबालिकालाई क्रमशः ल्याउन सिकाइ सहयोग उपलब्ध गराउनका लागि पूर्वप्राथमिक विद्यालयको अनुभवसहित वा बिनाअनुभव कक्षा १ मा प्रवेश गरेका बालबालिकाको मूल्याङ्कन र सुधारका लागि यस प्याकेजलाई प्राथमिक विद्यालयका शिक्षकले प्रयोग गर्न सक्नुहुन्छ ।

यो प्याकेज गरिब, भाषिक अल्पसंख्यक, पूर्व प्राथमिक/बालविकास केन्द्रको पहुँच बाहिर रहेका तथा अन्य विविध आवश्यकता भएका बालबालिकासहित पूर्वप्राथमिक तहका सबै बालबालिकाका लागि लागू हुन सक्नेछ । (पूर्व-प्राथमिक तहमा वास्तविक भर्ना उमेर ३ देखि ५/६ वर्ष रहेतापनि निःशुल्क एवं अनिवार्य शिक्षा नियमावली अनुसार ४८ देखि ६० महिनालाई औपचारिक र उपयुक्त उमेर मानिएको छ ।)

## २.३. यो प्याकेज कहिले प्रयोग गर्ने ?

यो निर्माणात्मक मूल्याङ्कन प्याकेज यी विभिन्न तीन अवस्थाहरूमा प्रयोग गर्ने अपेक्षा गरिएको छ :




चित्र १ : निर्माणात्मक मूल्याङ्कन प्रयोग गर्ने अवस्थाहरू

क) **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द रहँदा :** कुनै कारणवश पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रहरू बन्द भएको अवस्थामा घरमै बसेर बालबालिकाले उपयुक्त स्तरहरूमा सिकिरहेका छन् भन्ने सुनिश्चित गर्न र विकासका हिसाबले अभिभावक/स्याहारकर्तासँग घरमा आधारित क्रियाकलापहरूमा मार्गनिर्देश गर्न निर्माणात्मक मूल्याङ्कन प्याकेजले सहयोग गर्ने अपेक्षा गरिन्छ। प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहका शिक्षकहरूले बालबालिकाको मूल्याङ्कन गर्न अभिभावक/स्याहारकर्ताहरूसँग काम गर्न सक्नुहुन्छ, बालबालिकासँग उहाँहरूले प्रयोग गर्नसक्ने क्रियाकलाप, स्रोतसामग्री र अन्य सामग्रीहरूबारे अभिभावक/स्याहारकर्तालाई सल्लाह दिन सक्नुहुन्छ । सामुदायिक कार्यकर्ताहरूले विद्यालय तथा केन्द्रमा भर्ना नभएका बालबालिकाका अभिभावक/स्याहारकर्ताहरूसम्म पुगेर सहयोग गर्न सक्नुहुन्छ । त्यसैले यो प्याकेज आफ्ना बालबालिकालाई पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रहरू खुलेपछि त्यहाँ पठाउन ती अभिभावक/स्याहारकर्ताहरूलाई प्रोत्साहित गर्ने एउटा कदम हुनसक्छ ।

ख) **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय पुनः खुल्दा/खुला रहँदा :** प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूले बालबालिकाका व्यक्तिगत सिकाइ आवश्यकता पहिचान गर्न र उपयुक्त हिसाबले सिकाइ क्रियाकलापहरू तय गर्न यो निर्माणात्मक मूल्याङ्कन प्याकेजलाई प्रयोग गर्ने अपेक्षा गरिएको छ। यसले बालबालिकाको सिकाइलाई सहयोग गर्दछ। पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रहरू बन्द भएको अवस्थामा बालबालिकाको सिकाइमा देखापर्ने खाडल पुर्न यसले मद्दत गर्न सक्छ । यो कोभिड १९ को सन्दर्भभन्दा पर सिकाइ प्रक्रियाको नियमित भागका रूपमा निरन्तरता दिन पनि महत्त्वपूर्ण हुनेछ । प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय नियमित सञ्चालन हुँदा र प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहका शिक्षकहरूले नयाँ बालबालिका बालविकास केन्द्र तथा विद्यालयमा प्रवेश गर्दा उनीहरूका सिकाइस्तर सुरुबाटै पहिचान गर्न यस प्याकेजको प्रयोग गर्ने अपेक्षा गरिन्छ ।

ग) **पूर्वप्राथमिक शिक्षाको केही भाग छुटाएर प्राथमिक विद्यालयमा कक्षा १ मा बालबालिका प्रवेश गर्दा :** निर्माणात्मक मूल्याङ्कन हरेक तहमा सिकाइ प्रक्रियाको मुख्य पक्ष हो। कोभिड १९ जस्तै अन्य कुनै महामारी वा विपद्का कारण पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्र बन्द हुनसक्छ । त्यस्तो परिस्थितिमा बालबालिका आंशिक वा पूर्ण रूपमा पूर्वप्राथमिक/प्रारम्भिक बालविकास केन्द्रको सिकाइअनुभवबाट बाहिर पर्न सक्छन् । त्यसरी सिकाइ अनुभवबाट बाहिर परेका बालबालिका कक्षा १ मा प्रवेश गर्दा उनीहरू सिकाइ तथा विकासमा कस्तो अवस्थामा वा स्तरमा छन् भनी पहिचान गर्नुका साथै उनीहरूका लागि खास आवश्यकता पूरा गर्ने उपयुक्त सिकाइ रणनीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्न गराउन निर्माणात्मक मूल्याङ्कन अत्यावश्यक हुनेछ ।

## ३. नेपालका लागि यो प्याकेज अनुकुलनका चरणहरू

यो क्षेत्रीय निर्माणात्मक मूल्याङ्कन प्याकेजको अनुकुलन नेपालको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डहरूसँग यसको सामञ्जस्य सुनिश्चित गर्न र प्रारम्भिक बालविकास/पूर्वप्राथमिक/प्राथमिक तहका शिक्षकहरू एवं स्याहारकर्ता/अभिभावकहरूद्वारा विविध सन्दर्भहरूमा यसको प्रयोगको सम्भाव्यता सुनिश्चित गर्न भएको हो । यस प्याकेजको अनुकुलनका क्रममा पछ्याइएका विभिन्न चरणहरू तल दिइएको छ ।




चित्र २ : नेपालका लागि प्याकेज अनुकुलनका चरणहरू

**क) नेपालको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) सँग क्षेत्रीय निर्माणात्मक मूल्याङ्कन प्याकेजको सामञ्जस्यताको समीक्षा :** नेपालको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card)अनुसार कहाँ अनुकूल हुन्छ भन्ने पहिचान गर्न युनिसेफ नेपाल र युनिसेफको दक्षिण एसिया क्षेत्रीय कार्यालयको टोलीले संयुक्त रूपमा सामञ्जस्यतासम्बन्धी समीक्षा गऱ्यो । यो काम प्याकेजमा रहेका मूल्याङ्कन क्रियाकलाप र अभ्यासहरूको सांस्कृतिक उपयुक्तता सुनिश्चित गर्ने तर्फको एउटा कदमका रूपमा गरिएको थियो ।

**ख) सरकारी प्रतिनिधि र राष्ट्रिय तहका विज्ञहरूसँग सान्दर्भीकरणका लागि कार्यशाला :** यस सम्बन्धी कार्यका लागि दुई कार्याशालाहरू (कुल ३ दिन) आयोजना भएका थिए । ती कार्यशालामा सरकारी अधिकारी, प्रारम्भिक बालशिक्षा विज्ञहरू (जस्तैः प्राज्ञिक एवं पूर्वप्राथमिक तहका शिक्षकहरूको तालिममा सक्रिय अभ्यासकर्ता आदि) तथा युनिसेफ, युनिसेफको दक्षिण एसियाली क्षेत्रीय कार्यालय र प्रारम्भिक बालविकासका लागि एसिया प्रशान्त क्षेत्रीय सञ्जालका प्रतिनिधिहरूको सहभागिता थियो । विज्ञहरूसँग यी कार्याशालाहरू सञ्चालन गर्नुको उद्देश्य देहायका दुई मुख्य पक्षमा उहाँहरूका महत्त्वपूर्ण सुझावहरू सङ्कलन गर्नु थियो :

- नेपालको विद्यमान प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) सँग यस क्षेत्रीय प्याकेजको सामञ्जस्य कसरी कायम राख्ने ?
- यस प्याकेजमा साना बालबालिकाका लागि सांस्कृतिक अपेक्षाहरू कसरी समेट्ने ?

**ग) नेपालको निर्माणात्मक मूल्याङ्कन प्याकेजलाई अन्तिम स्वरूप :** कार्याशालाका क्रममा विज्ञहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा नेपालका लागि यस प्याकेजलाई सान्दर्भिक बनाउने र अन्तिम रूप दिने काम गरिएको थियो ।

**घ) प्याकेजको अनुवाद र पुनः अनुवाद :** नेपालका लागि प्याकेजको अनुकुलनतर्फको अन्तिम चरणका रूपमा मर्म तथा भावनालाई यथावत राखी अनुवादित शब्दहरूको उचित प्रयोजन सुनिश्चित गर्न अनुवाद कार्यमा ध्यान केन्द्रित गरिएको थियो । यस सन्दर्भमा, प्याकेजको अनुवाद र पुनः अनुवाद, मौलिक प्याकेजका आधारमा अनुवादित प्याकेजको समीक्षा र स्थानीय शब्दहरूको जाँच जस्ता कार्यहरू सुनिश्चित गरिएको थियो ।

## ४. प्याकेजमा भएका सामग्रीहरूको संरचना

यस प्याकेजमा दुई किसिमका सामग्रीहरू (खण्ड २ र खण्ड ३ मा) समावेश गरिएका छन् :

### ४.१. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयमा प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका (खण्ड २ का रूपमा उल्लेख गरिएको)

यो मूल्याङ्कन स्रोत पुस्तिका प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालय तहका शिक्षकहरूको प्रयोगका लागि हो । यस पुस्तिकामा विकासका क्षेत्र, विशिष्ट पक्ष, सूचक, बालबालिकाले पार गर्ने विभिन्न स्तर/चरणहरूका प्रत्येक विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूको निरन्तरता साथै मूल्याङ्कन क्रियाकलाप र बालबालिकाको स्तरअनुसार उनीहरूको सिकाइमा सघाउ पुऱ्याउने सिकाइ रणनीतिहरू समावेश छन् । अन्त्यमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालय तहका शिक्षकहरूलाई प्रयोग गर्न र मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्दाका बहुपक्षीय अवलोकनका आधारमा प्रत्येक बालबालिकाको व्यक्तिगत मूल्याङ्कन अभिलेखमा राख्न प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) उपलब्ध गराइएको छ । नेपालको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका ५ क्षेत्रहरूभित्र रही यस पुस्तिकामा ११ उप-क्षेत्रहरू, १९ विशिष्ट पक्ष/सक्षमताहरू र मूल्याङ्कन क्रियाकलापहरू

प्रस्तुत गरिएका छन् । ती तलको तालिकामा देखाइएअनुसार छन् :

| विकासका क्षेत्र | उप-क्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू |
|---|---|---|
| शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक विकास | स्थूल अङ्गको विकास |
| | | सूक्ष्म अङ्गको विकास |
| | | इन्द्रिय अङ्गको विकास |
| | स्वास्थ्य र सरसफाइ | व्यक्तिगत सरसफाइ |
| | | सुरक्षित स्थान |
| भाषिक विकास | सञ्चार | सुनाइ |
| | साक्षरता | पूर्वपढाइ |
| | | पूर्वलेखाइ |
| बौद्धिक विकास | संज्ञानात्मक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | | वर्गीकरण र क्रम मिलाउने |
| | बौद्धिक विकास | वैज्ञानिक ज्ञान/खोज |
| | | दुरी र दिशा |
| | गणित | अङ्क/सङ्ख्या |
| | सिर्जनात्मक | कल्पना |
| सामाजिक विकास | सामाजिक | जीवन उपयोगी सिप |
| | | सामाजिक व्यवहार |
| संवेगात्मक विकास | संवेगात्मक विकास | संवेगात्मक अभिव्यक्ति |
| | | संवेगात्मक सुरक्षा र आत्मविश्वास |
| सांस्कृतिक विकास | सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता |

### ४.२. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयहरू बन्द हुँदा अभिभावक/स्याहारकर्ताहरूसँग प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका (खण्ड ३ रूपमा उल्लेख गरिएको)

यो प्रारम्भिक बालविकास/पूर्वप्राथमिक/प्राथमिक विद्यालय स्तरका शिक्षकहरूले घरमै अभिभावक/स्याहारकर्ताहरूको सहयोगमा प्रयोग गर्नका लागि तयार पारिएको पुस्तिका हो । यस पुस्तिकामा विकासका क्षेत्रहरू, विशिष्ट पक्ष, मूल्याङ्कन क्रियाकलापहरू, प्रारम्भिक सिकाइ तथा विकास मापदण्डअनुसारको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) र सहयोगात्मक सिकाइ अभ्यासहरू[3] समावेश छन् । यसलाई घरमा बालबालिकाको सिकाइमा कसरी सघाउने भन्ने बुझ्न र त्यसका लागि अभिभावकको क्षमता विकासमा प्रयोग गर्न सकिन्छ । नेपालको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डभित्रका पाँच विकासका क्षेत्रहरूभित्र रही यस

[3]यी सहयोगात्मक सिकाइ अभ्यासहरू विद्यालय खुला रहेको अवस्थामा पनि सिकाइ तथा विकासमा पछाडि परेका बालबालिकाका अभिभावक/स्याहारकर्ताहरूबाट गराउनाले बालबालिकाले घरमा पनि थप सहयोग पाउन सक्छन् ।

पुस्तिकामा ८ उपक्षेत्र, १० विशिष्ट पक्ष/सक्षमता र मूल्याङ्कन क्रियाकलापहरू समाविष्ट छन् । ती तलको तालिकामा देखाइएअनुसार छन् ।

| विकासका क्षेत्र | उप-क्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू |
|---|---|---|
| शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक विकास | स्थूल अङ्गको विकास |
| | स्वास्थ्य र सरसफाइ | व्यक्तिगत सरसफाइ |
| भाषिक विकास | सञ्चार | सुनाइ |
| | | पूर्वलेखाइ |
| बौद्धिक विकास | बौद्धिक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | | वर्गीकरण र क्रम मिलाउने |
| | गणित | अङ्क/सङ्ख्या |
| | सिर्जनशीलता | कल्पना |
| सामाजिक विकास | सामाजिक विकास | जीवन उपयोगी सिप |
| संवेगात्मक विकास | संवेगात्मक विकास | संवेगात्मक सुरक्षा तथा आत्मविश्वास |

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित यो निर्माणात्मक मूल्याङ्कन प्याकेज साना बालबालिकाको विकास र सिकाइ प्रवर्द्धनका लागि देहायअनुसारका सिद्धान्तहरूबाट निर्देशित छन्:

१) **निर्माणात्मक मूल्याङ्कनले सिकाइ रणनीतिहरूलाई सूचित गर्नुपर्छ,** मूल्याङ्कनका लागि मूल्याङ्कनका रूपमा यसलाई सञ्चालन गर्नुहुँदैन । साना बालबालिकाका लागि निर्माणात्मक मूल्याङ्कन प्रभावकारी बालसिकाइको मुख्य पक्ष हो । यो हरेक बालबालिकाको सिकाइको अवस्था र स्तर पहिल्याउन र विकासका हिसाबले उपयुक्त सिकाइ रणनीतिका आधारमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न कसरी सहयोग गर्न सकिन्छ भन्ने प्रक्रिया पनि हो ।

२) **प्रारम्भिक सिकाइ तथा विकास समग्रताको विषय हो,** जसभित्र विकासका विभिन्न क्षेत्रहरू समेटिन्छन् । जस्तै: (क) शारीरिक तथा मांसपेशीय विकास, (ख) बौद्धिक तथा सुरुवाती अङ्क ज्ञानको विकास, (ग) भाषिक तथा सुरुवाती साक्षरताको विकास (घ) मनोसामाजिक विकास, (ङ) रचनात्मकताको विकास र (च) सिकाइप्रतिको झुकाव ।

३) **प्रत्येक बालबालिका अद्वितीय (फरक फरक) छन्,** उनीहरूका सिकाइ आवश्यकताहरू फरक-फरक छन् । उनीहरूका निजी आवश्यकतानुसार विशिष्ट सिकाइ रणनीतिहरू आवश्यक हुनसक्छ ।

४) **सिकाइ र विकास जैविक परिपक्वता तथा अनुभव र भोगाइबीचको निरन्तर अन्तरक्रियाका परिणामहरू हुन ।** बालबालिकाले प्रयोगद्वारा सिक्छन र प्रयोगात्मक सिकाइ महत्त्वपूर्ण हुन्छ । परिपक्वता जन्मजात गुणको विस्तार गर्ने जैविक प्रक्रिया हो । यसले व्यक्तिलाई थप सिक्न सक्षम बनाउँछ । अनुभव तथा भोगाइबाट प्राप्त हुने ज्ञान र सिपसँगै परिपक्वताले विभिन्न वातावरणमा त्यसलाई ग्रहण गर्नसक्ने बनाउने र थप सिर्जनात्मक एवम रचनात्मक बनाउने हुँदा सिकाइ र विकास जैविक परिपक्वता र अनुभवको अन्तक्रियामा आधारित छन । निर्माणात्मक मूल्याङ्कनले बालबालिकाका लागि त्यसप्रकारको अन्तरक्रियात्मक सिकाइ वातावरण निर्माणलाई जोड दिन्छ ।

५) **सिकाइ र विकास स्वभावमा पूर्वज्ञानमा आधारित हुन्छन् ।** बालबालिकाले पहिल्यै हासिल गरेका ज्ञान र सिपहरूका आधारमाथि नयाँ ज्ञान र सिप निर्माण गर्दछन् । त्यसकारण उनीहरूका लागि थप ज्ञान र सिप आर्जन गर्ने वातावरण निर्माण गर्दै उनीहरूको विद्यमान सिकाइ स्तरलाई बढाउँदै लैजानु पर्दछ ।

६) **सिकाइ र विकास बालबालिकाको सामाजिक र सांस्कृतिक परिवेश र उनीहरूका परिवारहरूबाट प्रभावित हुन्छन् ।** त्यसैले कुनै पनि सामग्री वा मार्गदर्शन र सिकाइ रणनीतिहरू विभिन्न परिवेशहरूमा त्यसैअनुसार अनुकूलन गर्नुपर्छ ।

७) **खेल साना बालबालिकाको सिकाइको अभिन्न अङ्ग हो ।** साना बालबालिकासँग प्रयोग हुने मूल्याङ्कन र सिकाइ रणनीतिहरू खेलमा आधारित हुन आवश्यक हुन्छ ।


८) **साना बालबालिकाले उत्प्रेरक वातावरणमा सिक्छन् र विकास गर्छन् ।** सिकाइ रणनीतिहरू वयस्क र साथीहरूसँगको अर्थपूर्ण अन्तरक्रियामा केन्द्रित हुनुपर्दछ ।

९) **साना बालबालिकालाई उनीहरूका मातृभाषामा सिकाइ गर्नुपर्छ । मातृभाषाको माध्यमबाट सिकाइ अवसर पाएका बालबालिकाका सिकाइ उपलब्धि राम्रो भएको विभिन्न अध्ययनबाट देखिएको छ ।** त्यसकारण निर्माणात्मक मूल्याङ्कन र सिकाइ रणनीतिहरू साना बालबालिकाले आफ्नो घरमा बोल्ने र बुझ्ने भाषामा सञ्चालन गरिनुपर्दछ ।

१०) **साना बालबालिकाको सिकाइ र विकासले समग्रमा उस्तै उस्तै र पूर्वानुमान गर्न सकिने ढाँचा/मार्ग समात्दछ तर बालबालिकाको विकास हुने गति र उनीहरूले सिक्ने तरिका भने भिन्न हुनसक्छ ।** बालबालिका बीचको व्यक्तिगत भिन्नताहरूले अपेक्षित विकास उपलब्धि हासिल गर्ने हदसम्म प्रभाव पर्दछ । यसैगरी, सबै बालबालिकाको एउटा सिकाइ रणनीतिमा उही प्रतिक्रिया नहुन सक्छ । बालबालिकासँग उनीहरूका आवश्यकताका आधारमा विभिन्न प्रकारका सिकाइ रणनीति/क्रियाकलापहरू प्रयोग गर्नु महत्त्वपूर्ण हुन्छ ।

## ५. निर्माणात्मक मूल्याङ्कन प्याकेज प्रयोग गर्ने प्रक्रिया

यस प्याकेजले निर्माणात्मक मूल्याङ्कन प्रक्रियाका विभिन्न पक्षहरूमा मार्गनिर्देशन उपलब्ध गराउँछ ।




चित्र ३ : निर्माणात्मक मूल्याङ्कनको नियमित चक्र


## ६. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/विद्यालयको वातावरणमा निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका प्रयोग गर्नका लागि शिक्षकहरूलाई मार्गदर्शन

प्याकेजको यस खण्डले प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/विद्यालयको वातावरणमा यस निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको (मूल्याङ्कन स्रोत पुस्तिकाका लागि प्याकेजको दोस्रो खण्ड भनिएको) प्रयोग कसरी गर्ने भनेर रेखाङ्कन गरेको छ । प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/विद्यालयको वातावरणमा यो मूल्याङ्कन प्याकेज निम्नानुसार प्रयोग गरिने अपेक्षा गरिन्छ :

क) प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालय (कक्षा १) पुनः खुल्नासाथै वा कुनै नयाँ बालबालिका केन्द्रमा प्रवेश गर्नासाथ र

ख) प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयले पूर्ण रूपमा नियमित कक्षागत प्रक्रिया पुनः सुरु गरेपछि

दुवै परिस्थितिमा (पुनः खुलेको वा नियमित प्रयोग) र वातावरणमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक वा प्राथमिक विद्यालय) यो प्याकेज प्रयोग गर्दा चित्र नं ४ मा देखाइएका चरणहरूमा ध्यान दिनु पर्दछ ।




चित्र ४ : निर्माणात्मक मूल्याङ्कन प्याकेज प्रयोग गर्दा ध्यान दिनुपर्ने चरणहरू

### १. पहिलो चरण : मूल्याङ्कन स्रोत पुस्तिकालाई बुझ्ने

पुस्तिका प्रयोग गर्नुअघि विस्तृत मार्गनिर्देशन, पुस्तिका र सम्बन्धित सिकाइ अभ्यासहरू ध्यानपूर्वक अध्ययन गर्नु आवश्यक छ । यसले तपाईंलाई प्रत्येक विशिष्ट पक्ष, यसको निरन्तरता वा प्रगतिको अपेक्षित मार्ग बोध गराउँछ । सम्बन्धित मूल्याङ्कन क्रियाकलाप र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नाले स्पष्ट बुझाइ हासिल गर्न मद्दत पुऱ्याउँछ । प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्ने क्रममा यस पुस्तिकाले तपाईंको प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक/प्राथमिक विद्यालयमा प्रत्येक बालबालिकाको स्तरअनुसार सिकाइ रणनीतिहरू प्रयोग गर्न तपाईंलाई सुझाव उपलब्ध गराउँछ ।

विशिष्ट पक्ष/सक्षमताहरू र सम्बन्धित मूल्याङ्कन क्रियाकलापहरू अध्ययन गरिरहँदा तपाईंले केही पक्षहरूमा साझा र दोहोरिएका कुराहरू देख्नु हुनेछ । यस्तो किन हुन्छ भने विकास अन्तरसम्बन्धित हुन्छ र एक क्रियाकलापलाई विभिन्न क्षेत्रहरूमा विकासलाई प्रवर्द्धन गर्न/मूल्याङ्कन गर्न प्रयोग गर्न सकिन्छ ।

### २. दोस्रो चरण : मूल्याङ्कनका लागि योजना बनाउने

मूल्याङ्कनका लागि योजना बनाउँदा देहायका बुँदाहरूमा ध्यान दिनुहोस् ।

❖ निर्माणात्मक मूल्याङ्कन सिकाइ क्रियाकलापको नियमित दैनिक कार्यतालिकाको अङ्गका रूपमा सञ्चालन गरिने अपेक्षा गरिन्छ । त्यसैले मूल्याङ्कन क्रियाकलापहरू प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा सामान्य रूपमा सञ्चालन गरिने क्रियाकलापहरूसँगै जाने गरी तयार पारिएका छन् । तपाईंले बालबालिकालाई आफ्नो दैनिक/साप्ताहिक योजनाका आधारमा केही दिन/साताभरिमा विभिन्न विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूमा मूल्याङ्कन गर्ने कुरा रोज्न सक्नुहुनेछ ।

- प्रक्रियासँग नआत्तिनुहोस् । एक दिनमा प्रत्येक बालबालिकाको पूर्ण मूल्याङ्कन पूरा गर्ने अपेक्षा गरिएको छैन । प्रत्येक बालबालिकालाई प्रत्येक मूल्याङ्कन क्रियाकलापभित्रका बहुपक्षीय अवलोकन सञ्चालन गर्न र त्यसपछि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्न केही दिन लाग्न सक्छ वा यो प्रक्रिया १-२ सातासम्म तन्किन सक्छ ।

- यो मूल्याङ्कन सामग्री गट्टी, पात र बियाँहरू एवं चक वा सिसाकलम/रङ्गीन सिसाकलाम जस्ता प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक/प्राथमिक विद्यालयमा र वरिपरि पाउन सकिने स्थानीय रूपमा उपलब्ध सामग्रीहरूको प्रयोगमा केन्द्रित छ । यद्यपि तपाईंले कुनै मूल्याङ्कन क्रियाकलापमा आवश्यक सामग्री प्राप्त गर्न असहज महसुस गर्नु भयो भने मूल्याङ्कनको उद्देश्य कायम रहने सुनिश्चित गरी त्यसलाई आफ्नो सन्दर्भअनुसार परिमार्जन गर्न सक्नुहुनेछ ।

- तय गरिएको मूल्याङ्कन क्रियाकलापहरूका लागि तपाईंसँग समय अगावै सबै सामग्रीहरू तयार रहेको सुनिश्चित गर्नुहोस् ।

- यस पुस्तिकामा उल्लेख भएअनुसार सम्पूर्ण कक्षा वा व्यक्तिगत विधि प्रयोग गरी मूल्याङ्कन क्रियाकलाप तय गर्नुहोस् । व्यक्तिगत रूपमा बालबालिकासँग काम गरी मूल्याङ्कन गर्ने विधि सुझाइएको छ भने अन्य बालबालिकालाई व्यस्त राख्ने उचित व्यवस्थापन (यसै पुस्तिकामा सुझाइएअनुसार) गरिएको सुनिश्चित गर्नुहोस् र छानिएका बालबालिकासँग काम गर्न सम्भव भएसम्म ध्यान भङ्ग हुने कुराभन्दा अलग स्थान खोज्नुहोस् ।

- आफ्नो कक्षाका बालबालिकासँग सम्बन्ध सिर्जना गर्न/पुनःस्थापित गर्न समय लिनु जरुरी छ। खासगरी पूर्वप्राथमिक/प्राथमिक विद्यालय पुनः खुल्नासाथ वा नयाँ बालबालिका आउनासाथ पुस्तिकाको प्रयोग गर्नु परेमा उनीहरूसँग सम्बन्ध स्थापित गर्ने कुरा झनै महत्त्वपूर्ण हुन्छ। मूल्याङ्कन सञ्चालन गर्नुपूर्व तपाईंसँग बालबालिका मित्रवत् (सहज) भएकै हुनुपर्दछ ।

- कुनै बालक वा बालिकाले तनाव महसुस गरिरहेको छ वा निश्चित मूल्याङ्कन क्रियाकलापमा रुचि देखाइरहेको छैन र जवाफ दिइरहेको छैन भने उसलाई यसमा मूल्याङ्कन नगर्नुहोस् । अर्को समय/दिन खोज्नुहोस्, जब यो मूल्याङ्कन गर्न सम्भव हुन्छ ।

- कुनै बालबालिकामा कार्यगत सीमितता (हेराइ, बोलाइ, सुनाइ वा अन्य कुरामा समस्या) पनि हुन सक्छ। यसका लागि अनुसूचीमा केही निर्देशन दिइए पनि शिक्षकले उनीहरूको आवश्यकतानुसार थप व्यवस्था मिलाउनु पर्नेहुन्छ । कार्यगत सीमितता भएकै कारणले कुनै पनि बालबालिकालाई भेदभाव भएको महसुस गराउनु हुँदैन ।

## ३. तेस्रो चरण : मूल्याङ्कन सञ्चालन गर्ने

तपाईंले मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नुअघि ध्यान पुऱ्याउनुपर्ने केही निश्चित मार्गनिर्देशनहरूसँगै केही सामान्य मार्गनिर्देशनहरू छन्, जुन सबै परिस्थिति र वातावरणहरूमा लागू हुन्छन् । ती तल उल्लेख गरिएका छन् :

मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्दा ध्यान दिनुपर्ने केही सामान्य बुँदाहरू :

- कुनै विशिष्ट पक्षभित्रको निश्चित मूल्याङ्कन क्रियाकलाप गर्न कुनै बालबालिका असमर्थ रहेको पाउनुभयो भने रोकिनुहोस् र त्यही विशिष्ट पक्षभित्रको अर्को मूल्याङ्कन क्रियाकलापमा अघि नबढ्नुहोस् । बालबालिकालाई आफ्नो क्षमता देखाउने बहुअवसर उपलब्ध गराउन कि त फरक विशिष्ट पक्षभित्रको अर्के मूल्याङ्कन क्रियाकलापतिर बढ्नुहोस् वा त्यही मूल्याङ्कन क्रियाकलाप कुनै अर्को समयमा गर्ने योजना बनाउनुहोस् ।

- ❖ बालबालिकाले निर्देशनहरू सही रूपमा बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस् । जतिबेला सम्भव हुन्छ, निर्देशन दिँदा बालबालिकाको मातृभाषा प्रयोग गर्नुहोस् साथै निर्देशनलाई सानो सानो अंशमा बाँडनुहोस् । बिस्तारै बोल्नुहोस् र स्पष्ट रूपमा बालबालिकालाई लक्षित गरेर बोल्नुहोस् ।
- ❖ आफ्ना व्यक्तिगत पूर्वाग्रहहरूबाट जस्तो कि-तपाईंले पहिल्यै चिनेको वा लिङ्ग, सामाजिक-आर्थिक पृष्ठभूमि, अपाङ्गता आदिलाई लिएर बालबालिकासम्बन्धी तपाईंको धारणाबाट) बालबालिकाको मूल्याङ्कनलाई प्रभावित हुन नदिनुहोस्, यसले उनीहरूलाई फाइदा पुऱ्याउँदैन ।
- ❖ बालबालिकालाई प्रोत्साहन दिनुहोस् र जस्तोसुकै गरे पनि उनीहरूको प्रयासलाई प्रशंसा गर्नुहोस् । सानो सफलताका लागि पनि बालबालिकाको प्रशंसा गर्नुहोस् । क्रियाकलापहरू सञ्चालन गरिरहँदा सकारात्मक र शान्त सिकाइ वातावरण सिर्जना गर्नुहोस् ।
- ❖ बालबालिकालाई निरुत्साहित नबनाउनुहोस् वा उनीहरूलाई केरकार गर्ने वा अनावश्यक रूपमा निश्चित कामहरूमा धकेल्ने नगर्नुहोस् ।

## मूल्याङ्कन सञ्चालन गर्दा ध्यान दिनुपर्ने निश्चित मार्गनिर्देशनहरू

| **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालय पुनः खुल्लासाथ वा केन्द्र/विद्यालयमा कुनै नयाँ बालबालिका प्रवेश गरेपछि बालबालिकाको मूल्याङ्कन गर्दा** |
|---|
| ❖ यसको उद्देश्य प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक/प्राथमिक विद्यालय कुनै कारणले बन्द भएर पुनः खुल्दा वा केन्द्रमा नयाँ बालबालिका प्रवेश गर्दा सबै बालबालिका आफ्नो सिकाइ र विकासमा कहाँनिर छन् भनी थाहा पाउनु हो । |
| ❖ प्रारम्भिक बालविकास केन्द्रहरू पुनः खुलेपछि वा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा नयाँ बालबालिका प्रवेश हुँदा यो पुस्तिका सबै बालबालिकासँग १-२ हप्ताको समयभित्र प्रयोग गर्न सुझाइएको छ । |

| **प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयले पूर्ण रूपमा नियमित कक्षागत प्रक्रिया पुनः सुरु गरेपछि बालबालिकाको मूल्याङ्कन गर्दा** |
|---|
| ❖ बालबालिकाको सर्वाङ्गीण विकास भइरहेको र (सिकेको) सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा कुराहरू बुझेका छन् कि छैनन् भनेर सुनिश्चित गर्नु यसको उद्देश्य हो । |
| ❖ यो पुस्तिका नियमित रूपमा प्रयोग हुने अपेक्षा राखिएको छ । बालबालिकाका स्तरहरू प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा वर्षमा ४ पटक उल्लेख गर्नुपर्छ । पहिलो भर्नाको एक वा दुई हप्ताभित्र र त्यसपछि प्रत्येक विद्यालयको त्रैमासिकमा परीक्षाका बेला । |
| ❖ यो पुस्तिकाको निरन्तर प्रयोगका लागि एक पटकको मूल्याङ्कनभन्दा पनि समय क्रममा गरिने मूल्याङ्कन क्रियाकलापहरूका क्रममा बालबालिकालाई अवलोकन गर्नुहोस् । प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा राखिने अभिलेख सिकाइको प्रक्रियाका क्रममा सङ्कलन गरिने बहुप्रमाणका आधारमा राखिनु पर्छ न कि एक पटक मात्रको अवलोकनका आधारमा । |

**मूल्याङ्कन सञ्चालनका लागि दैनिक अभ्यासमा प्रयोग गर्न सुझाइएका विधिहरू निम्नानुसार छन् :**

| | |
|---|---|
| **अवलोकन** | • बालबालिकालाई उनीहरूका प्रत्येक दिनको सामान्य दैनिक कार्यतालिकाअनुसार गरिने क्रियाकलापहरू मार्फत नै अवलोकन गर्नुहोस् ।<br>• विभिन्न क्रियाकलापहरूमा बालबालिकाको सहभागितालाई नियाल्ने गर्नुहोस् ।<br>• कुनै क्रियाकलापका क्रममा एक बालक वा बालिका वा ३ देखि ५ बालबालिकाको समूहलाई प्रत्येक दिन लक्षित अवलोकनका लागि छान्न सकिन्छ । किनभने सम्पूर्ण कक्षालाई एकसाथ अवलोकन गर्नु, सहजीकरण गर्नु र अभिलेख राख्नु पूर्वप्राथमिक तहका शिक्षकलाई असहज हुनेछ ।<br>• प्रत्येक बालबालिकाको तपाईंले गरेको अवलोकनको अभिलेख राख्नुहोस् । यी परिस्थितिमाथिका निरन्तर अभिलेख वा सङ्क्षिप्त टिपोटहरू हुन सक्दछन् ।<br>• एक पटकको अवलोकनका आधारमा निष्कर्ष ननिकाल्नुहोस् । बालबालिकालाई बुझ्न विभिन्न परिस्थितिमा गरिएका बहुपक्षीय अवलोकन आवश्यक हुन्छन् । |
| **अन्तरक्रिया** | • दैनिक क्रियाकलापहरूका क्रममा बालबालिकासँग अन्तरक्रिया गर्नुहोस् ।<br>• प्रत्येक दिनका अनुभव र भावना, कथा, बालबालिकाका काम र बालबालिकाले सम्बन्ध स्थापित गर्न सक्ने वा उनीहरूमा रुचि जगाउन सक्ने विभिन्न विषय र विषय क्षेत्रहरूबारे कुराकानी गर्नुहोस् ।<br>• समूहहरू र व्यक्तिगत तहमा पनि अन्तरक्रिया गर्नुहोस् ।<br>• ध्यानपूर्वक सुन्नुहोस् र रुचिपूर्वक जवाफ दिनुहोस् साथै बालबालिकालाई उनीहरूका विचार सुनाउन प्रोत्साहित गर्नुहोस् ।<br>• के ? किन ? कसरी ? प्रयोग गरी सङ्क्षिप्त प्रश्न र व्याख्यात्मक उत्तर आउने प्रश्नहरू समेत सोध्नुहोस् । |
| **बालबालिकाका कामहरूको नमुना सङ्कलन** | • कलात्मक काम, लेख्ने प्रयासमा कोरिएका कुरा, लेखाइका नमुना र कुनै कार्य पूरा गरेका कागजहरू सङ्कलन गर्नुहोस् ।<br>• यी कुराहरूलाई बालबालिकाको नाम र सम्बन्धित मितिसहित उनीहरूका फाइलमा राख्नुहोस् ।<br>• प्रत्येक काम सङ्कलन गर्नुपर्दैन तर केही प्रतिनिधि नमुनाहरू सङ्कलन गर्नुहोस् । |

## ४. चौथो चरण : मूल्याङ्कन अभिलेखमा राख्ने

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा तपाईंले मूल्याङ्कनको अभिलेख राख्दा निम्नानुसारका कुरामा ध्यान दिन आवश्यक हुन्छ :

❖ बालबालिकालाई अवलोकन गरिरहँदा र कक्षामा उनीहरूसँग अन्तरक्रिया गरिरहँदा तपाईंले प्रत्येक बालबालिकाको अभिलेख र प्रगति विभिन्न तरिकाबाट राख्न सक्नुहुन्छ । जस्तै :

- सङ्क्षिप्त टिपोट गरेर : मुख्य बुँदाहरू मात्र अभिलेखमा राखी तपाईंले अवलोकनलाई सङ्क्षिप्त टिपोटका रूपमा राख्न सक्नुहुन्छ । बालबालिकाका प्रत्येक अवलोकनको सङ्क्षिप्त टिपोट राख्नुहोस् ।
- फाइल खडा गरेर : प्रत्येक बालबालिकाको एउटा फाइल बनाउनुहोस् जसमा बालबालिकाको

प्रत्येक कामका नमुनाहरू सङ्कलन र तिनका प्रगतिका प्रमाणहरूको अभिलेख राख्नुहोस् । फाइलमा के के कुराहरू राख्न सकिन्छ भन्ने उदाहरण तल दिइएको छ :

| | |
|---|---|
| **फाइलमा रहने विषयवस्तुहरू** | • कलात्मक कार्यका नमुनाहरू<br>• चित्रकला/लेखाइका नमुनाहरू<br>• बालबालिकाले कार्य पूरा गरेका कागजहरू<br>• रुजुसूची<br>• अवलोकनका अभिलेखहरू<br>• स्वास्थ्य अभिलेख, वृद्धि तालिका आदि । |

- ❖ प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा बालबालिकाको मूल्याङ्कन सङ्केत गर्न एउटा बालबालिकाका बारेमा गरिएका आफ्ना सङ्क्षिप्त टिपोटहरूलाई (समय क्रममा, तपाईँका बहुपक्षीय अवलोकनहरूका क्रममा तपाईँले सङ्कलन गरेका टिपोटहरूलाई) समीक्षा गर्न बस्नुहोस् ।

## ५. पाँचौँ चरण : प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) तयार गर्ने

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) तयार गर्दा ध्यान दिनु पर्ने सामान्य कुराहरू :

- ❖ प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा प्रत्येक बालबालिका बारे जानकारी राख्नुहोस् र तिनलाई प्रयोग गर्न सहज बनाउनुहोस् । मूल्याङ्कनको अभिलेख राखी सिकाइ क्रियाकलापहरू तय गर्नुहोस् ।
- ❖ तपाईँका जानकारीहरू मूल्याङ्कन क्रियाकलापमा मात्र सीमित हुनुहुँदैन, अवलोकन गर्नुहोस् र एक सिकाइ स्तरबाट अर्कोमा बालबालिकाको कुनै प्रकारको विकास वा प्रगति देख्नासाथ त्यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्ने विषयमा ध्यान पुऱ्याउनुहोस् ।
- ❖ बालबालिकाको सिकाइ र विकासमा भएका प्रगतिहरूबारे बुझ्न प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गरिएका तथ्याङ्कहरूलाई सङ्गठित गर्नुहोस् । तपाईँले केही बालबालिका जो कम उमेरका छन्, उनीहरू निरन्तरताको उपल्लो स्तरमा पुग्न नसकेको भेट्नु भयो भने नआत्तिनुहोस् किनभने यो मूल्याङ्कन स्रोत पुस्तिका ४ वर्ष उमेरका बालबालिकाका लागि हो । कम उमेरका बालबालिकालाई उमेरअनुसारका उपयुक्त सिपहरूका लागि तयार हुन समय आवश्यक पर्छ । सिकाइ सिपका लागि उनीहरूलाई उमेर उपयुक्त पर्याप्त अवसरहरू दिन उनीहरूको स्तरअनुसार सिकाइ रणनीतिहरू तय गर्नुहोस् ।

## ६. छैटौँ चरण : सिकाइ रणनीतिहरूको योजना बनाउने र कार्यान्वयन गर्ने

- ❖ सिकाइ क्रियाकलापहरूको योजना बनाउन प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा बालबालिकाको स्तर हेर्नुहोस् । सुझावका रूपमा रेखाङ्कन गरिएका क्रियाकलापहरूलाई तपाईँले आफ्नो निश्चित सन्दर्भमा आधारित भएर संशोधन गर्न सक्नुहुन्छ । सहयोगी सिकाइ रणनीतिहरू यस्तो तरिकाले रेखाङ्कन गरिएको छ कि तपाईँले यसलाई पछ्याउने र बालबालिकालाई एक स्तरबाट अर्कोमा जान सहयोग गर्ने काम सहज बनेको छ ।
- ❖ यस पुस्तिकाको प्रयोगबाट प्रत्येक बालबालिकाको व्यक्तिगत प्रगति थाहा पाएर तपाईँले निश्चित बालबालिका एक वा केही विकासका पक्षहरूमा पछि परेको वा सङ्घर्ष गरिरहेको पत्ता लगाउन सक्नुहुन्छ । तपाईँका अभिलिखित अवलोकनहरूले तपाईँलाई पहिचान गर्न र यी सिकाइसम्बन्धी सवालहरूलाई सम्बोधन गरी सुधार गर्न र उपयुक्त सिकाइ क्रियाकलापको योजना बनाउन मद्दत गर्न सक्छन् ।

### ७. सातौं चरण : मूल्याङ्कनका तथ्याङ्कहरू अभिभावक/स्याहारकर्ताहरूलाई उपलब्ध गराउने र घरमा सिकाइ वातावरण सिर्जना गर्न उहाँहरूलाई सघाउने

मूल्याङ्कन तथ्याङ्कहरू अभिभावक/स्याहारकर्ताहरूलाई उपलब्ध गराउँदा सबै परिस्थितिमा लागू हुने निम्नलिखित केही सामान्य मार्गनिर्देशनहरूलाई ख्याल राख्नुपर्छ ।

- ❖ बालबालिकाले के जान्दैनन् भन्नेमा नभई उनीहरूले के जान्दछन् भन्नेमा केन्द्रित हुनुहोस् र अभिभावक/स्याहारकर्तालाई मूल्याङ्कनका तथ्याङ्कहरू उपलब्ध गराउनुहोस् । जब हामी बालबालिकालाई अवसरहरू उपलब्ध गराउँछौं, उनीहरूले सिक्छन् ।
- ❖ अभिभावक/स्याहारकर्तालाई घरमा सिकाइ वातावरण सिर्जना गर्न प्रोत्साहित गर्नुहोस् र उहाँहरूले आफ्ना बालबालिकाको सिकाइ प्रवर्द्धन र सहयोगका लागि गर्न सक्ने क्रियाकलापहरू सुझाउनुहोस् । यस प्याकेजमा (खण्ड ३ मा हेर्नुहोस्) सुझाइएका सिकाइ क्रियाकलापहरूबाट पनि आवश्यक क्रियाकलाप लिन सकिन्छ ।

### ८. आठौं चरण : कार्यान्वयन गरिएका सिकाइ रणनीतिहरूबारे चिन्तन गर्ने

- ❖ कुनै बालक वा बालिकाले अर्को स्तरमा प्रगति गरेको छैन भने उसका लागि सिकाइमा सहयोग गर्न कार्यान्वयन गरिएका सिकाइ रणनीतिहरूले काम गरिरहेका छैनन् भन्ने बुझिन्छ । तसर्थ, निरन्तरतासँगै सिकाइ सहयोग गर्न अन्य सिकाइ रणनीतिहरूमा हेर्नुहोस् तथा रणनीतिहरू बनाउनुहोस् ।

| बालबालिका कक्षा १ मा प्रवेश गर्दा प्राथमिक तहका शिक्षकलाई सघाउने निर्दिष्ट मार्गनिर्देशनहरू |
|---|
| ❖ कक्षा १ मा प्रवेश गरेपछि सबै बालबालिकाको मूल्याङ्कन गरिनुपर्छ किनभने प्रत्येक बालबालिकाको स्तरअनुरूप सिकाइ क्रियाकलापहरू तय गर्न उनीहरूको स्तर थाहा पाउनु जरुरी हुन्छ । बालबालिका पूर्वप्राथमिक तहबाट लामो समय बाहिर रहेको वा सायद पूर्वप्राथमिक तहमा जाँदै नगएको हुनसक्ने अवस्थामा भएकाले बालबालिकाई सबै विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूमा मूल्याङ्कन गर्नुहोस् । यसले प्रत्येक बालबालिकाले यसअघि नै के सिकिसकेका छन् भन्ने बुझ्न मद्दत गर्छ । बालबालिकाको स्तरमा आधारित भई उनीहरूका सिकाइमा सघाउन सुझाइएका क्रियाकलापसम्बन्धी मार्गनिर्देशन यस प्याकेजमा उपलब्ध छ । |
| • मूल्याङ्कन स्रोत पुस्तिका प्रयोग गरी सङ्कलित तथ्याङ्कका आधारमा प्राथमिक विद्यालयका शिक्षकहरूले त्यस्ता बालबालिकाको पहिचान गर्न सक्नुहुन्छ जसले गुणस्तरीय पूर्वप्राथमिक शिक्षामार्फत मजबुत जग निर्माण गर्न पाएन र 'प्राथमिक विद्यालयका लागि तयार' छैन । त्यस्ता बालबालिकालाई क्रमशः कक्षा १ को स्तरमा ल्याउन सिकाइ सहयोग उपलब्ध गराउनका लागि उहाँहरूले यस प्याकेजमा रहेका मार्गनिर्देशनहरू प्रयोग गर्न सक्नुहुन्छ । यो सहयोग व्यक्तिगत योजनाका साथै समूहगत सहयोग र अभिभावक/स्याहारकर्ताहरूलाई परिचालन गरेरसमेत उपलब्ध गराउन सकिन्छ । |
| • 'प्राथमिक विद्यालयका लागि तयार' रहेका बालबालिकाले नियमित कक्षा १ का क्रियाकलापमा भाग लिन सक्नेछन् । |

## ७. बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द हुँदा घरमा रहेका अभिभावक/स्याहारकर्तासम्म पहुँच पुऱ्याउन प्रारम्भिक बालविकास सहजकर्ता/पूर्वप्राथमिक विद्यालय शिक्षकका लागि मार्गदर्शन

प्याकेजको यस खण्डले सरलीकरण गरिएको मूल्याङ्कन स्रोत पुस्तिकालाई (मूल्याङ्कन स्रोत पुस्तिकाका लागि यस प्याकेजको खण्ड ३ हेर्नुहोस्) बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द हुँदा र प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूले कक्षाकोठामा प्रत्यक्ष बालबालिकाको मूल्याङ्कन गर्न नसक्दा अभिभावक/स्याहारकर्तामार्फत कसरी प्रयोग गर्ने भन्ने विस्तृत जानकारी दिन्छ । मूल्याङ्कन स्रोत पुस्तिकासम्बन्धी बुझाइका लागि माथि उल्लेख गरिएका सामान्य

मार्गनिर्देशनहरूसँगै निम्नानुसारका मार्गनिर्देशनहरू प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूलाई अभिभावक/स्याहारकर्ताहरूसँग काम गर्न र घरमा बालबालिकाको सिकाइ स्तरहरूबारे सूचना लिन सहयोग गर्नका लागि हुन् ।

## १. घरमा मूल्याङ्कन गर्ने स्रोत पुस्तिकाको प्रयोगबारे बुझ्नुहोस्

- पूर्वप्राथमिक विद्यालयहरू बन्द भएको समयमा बालबालिकालाई घरमै मूल्याङ्कन गर्नका लागि प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहका शिक्षकहरूले अभिभावक/स्याहारकर्तासँगै काम गर्न अलग्गै पुस्तिका विकास गरिएको छ । यो पुस्तिका धेरै सामान्य छ र यसमा १० ओटा मूल्याङ्कन क्रियाकलापहरू छन् । यी सामग्री कि त अवलोकनमा कि त क्रियाकलापमा आधारित छन् ।
- विभिन्न विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूसँग सम्बन्धित क्रियाकलापहरू निश्चित क्रममा सञ्चालन गर्नुपर्दैन, त्यसैले सक्षमताका क्षेत्रहरूलाई समूह बनाउन सकिन्छ र अभिभावक/स्याहारकर्ताहरूसँग काम गरेर दुई वा तीन भागमा मूल्याङ्कन सञ्चालन गर्न सकिन्छ ।

## २. मूल्याङ्कनका लागि तयारी

- प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूले प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय बन्द रहेको समयमा घरमा बालबालिकालाई भेट्न प्रयोग गरिरहेका तरिकाअनुरूप बालबालिकाको घरमा आधारित मूल्याङ्कन गर्ने योजना बनाउन सक्नुहुन्छ । सबैभन्दा पहिला घरसम्म पुग्ने सबैभन्दा पहुँचयोग्य विधि के हो भनी पहिचान गर्न जरुरी छ त्यसपछि सोही अनुरूप मूल्याङ्कन योजना बनाउनुपर्छ । पूर्वप्राथमिक तहका शिक्षकले यी सन्दर्भहरूमा निर्माणात्मक मूल्याङ्कन प्याकेज कसरी प्रयोग गर्न सक्नुहुन्छ भन्ने सँगसँगै यहाँ तल केही सम्भावित तरिकाहरू उल्लेख गरिएको छ :

**क) घरमा पुग्ने :** पूर्वप्राथमिक स्तरका शिक्षकहरू अभिभावक/स्याहारकर्ता र साना बालबालिकालाई सम्पर्क गर्न विद्यालय/बालविकास केन्द्र बन्द वा बिदा भएको समयमा उनीहरूका घरमा पुग्न सक्नुहुन्छ । यस अवसरलाई बालबालिकासँग प्रत्यक्ष मूल्याङ्कन क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिन्छ । शिक्षकले मूल्याङ्कन कार्यविधिबाट बालबालिकासँग घरमा गर्न सकिने क्रियाकलापहरू पहिचान गर्न सक्नुहुन्छ भने अभिभावक/स्याहारकर्ताले पनि आफ्ना बालबालिकाको अवलोकन गरेका हुन्छन् । उहाँहरूको अवलोकनका आधारमा पनि सूचनाहरू सङ्कलन गर्न सक्नुहुन्छ ।

**ख) फोन सम्पर्क वा एसएमएस जस्ता सामान्य प्रविधि माध्यम :** अभिभावक/स्याहारकर्तासँग फोनमा कुरा गरी तपाईं अभिभावकमार्फत केही मूल्याङ्कन कार्यमा जान सक्नुहुन्छ । अभिभावक/स्याहारकर्ताको व्यस्त दैनिक कार्यतालिकाका कारण पूरै मूल्याङ्कन सम्पन्न गर्न सम्भव भएन भने पनि तपाईं मूल्याङ्कन कार्यहरूलाई विभिन्न भागमा बाँड्न र केही फोन सम्पर्कपछि मूल्याङ्कन सूचना सङ्कलन गर्न सक्नुहुन्छ ।

**ग) स्वास्थ्य, पोषण वा अन्य सेवाका लागि बालविकास केन्द्रमा हुने भेटघाट :** अभिभावक/स्याहारकर्ताहरूसँग बैठक वा पोषण वा स्वास्थ्य सेवाका लागि बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा आएको समयमा तपाईले उहाँहरूसँग मूल्याङ्कन कार्यविधिमा आधारित केही प्रश्नहरू सोध्न सक्नुहुन्छ ।

**घ) भिडियो कुराकानी, सामाजिक सञ्जाल जस्ता अनलाइन माध्यमहरू :** पूर्वप्राथमिक तहका शिक्षकहरूले अभिभावक/स्याहारकर्तासँग मूल्याङ्कन क्रियाकलापहरू सञ्चालन गर्न आफूसँग विद्यमान रहेका भाइबर/म्यासेन्जरमा समूहहरूको प्रयोग गर्न सक्नुहुन्छ र फोन सम्पर्कबाट त्यसमा के भइरहेको छ भनी जानकारी लिन सक्नुहुन्छ ।

- अभिभावक/स्याहारकर्तासँग धैर्यतापूर्वक कुराकानी गर्नुहोस् र मूल्याङ्कन क्रियाकलापहरूको व्याख्या गर्नुहोस् साथै ती किन महत्त्वपूर्ण छन् भनी बताउनुहोस् । उहाँहरूसँग प्रश्नहरू हुन सक्छन्, त्यसैले थप सूचना उपलब्ध गराउन तयार रहनुहोस् ।
- अभिभावक/स्याहारकर्तालाई कुनै निश्चित मूल्याङ्कन क्रियाकलापले उहाँको बालबालिकालाई काम गर्छ भन्ने लाग्दैन भने अरू कुनै मूल्याङ्कन क्रियाकलापहरूमार्फत उहाँहरूसँग काम गर्नुहोस् ।
- अभिभावक/स्याहारकर्तालाई असजिलो हुने गरी प्रक्रिया र अभिलेख राख्ने काममा मात्र जोड नदिनुहोस् । याद गर्नुहोस्, यहाँ मुख्य लक्ष्य मूल्याङ्कन नभई सिकाइ रणनीतिहरूमा सघाउ पुऱ्याउने हो ।
- अभिभावक/स्याहारकर्तासँग उहाँहरूले घरमा मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्ने अपेक्षा राख्दा उहाँहरूलाई निर्देशनहरू र क्रियाकलापको उद्देश्यसहित क्रियाकलाप धेरै स्पष्टसँग थाहा छ भन्ने सुनिश्चित गर्नुहोस् ।

## ३. बालबालिकाको मूल्याङ्कन सञ्चालन गर्ने

- बालबालिकासँग केही समयावधिसम्म सिकाइको सीमित औपचारिक अनुभव हुने भएकाले सुरुमा उनीहरूले सङ्घर्ष गर्न सक्छन् भनी अभिभावक/स्याहारकर्ताहरूलाई व्याख्या गरिदिनुहोस् । बालबालिका कुनै क्रियाकलाप पूरा गर्न असमर्थ रहे पनि त्यसमा चिन्ता गर्नु पर्दैन ।
- केही अभिभावक/स्याहारकर्ताहरू उहाँहरूको बहुपक्षीय अवलोकनका आधारमा सही तरिकाले मूल्याङ्कन क्रियाकलापहरूमा जवाफ दिन सक्ने हुन सक्नुहुन्छ जबकि अरूलाई सूचनासहित फेरि भेट्नु पर्ने हुनसक्छ भन्ने याद गर्नु जरुरी छ ।
- अभिभावक/स्याहारकर्ताहरूलाई यो मूल्याङ्कन प्रक्रिया कुनै परीक्षा नभएको र बालबालिकाका लागि यो तनावपूर्ण अनुभव बन्न नहुने कुरा बताउनुहोस् । बालबालिकाले यसलाई खेल कार्य र सिकाइ अनुभवका रूपमा हेरेका हुनुपर्छ ।
- बालबालिकाको मूल्याङ्कन गर्दा उनीहरू अनुकूल स्थिति/सुर (mood) मा रहेको सुनिश्चित गर्नुहोस् । बालबालिका उदास देखिएका छन् भने अभिभावक/स्याहारकर्ताले मूल्याङ्कन कार्यलाई छोडिदिन सक्नुहुन्छ र बालबालिकाका लागि उपयुक्त भएको अर्को कुनै समयमा सञ्चालन गर्न सक्नुहुन्छ ।
- बालबालिकाले मूल्याङ्कन क्रियाकलापहरूसँग सम्बन्धित निर्देशनहरू सही तरिकाले बुझेका छन् भन्ने कुरा महत्त्वपूर्ण छ, यसको अर्थ यो हो कि अभिभावक/स्याहारकर्ताले मूल्याङ्कन क्रियाकलापहरू धेरै प्रष्टसँग बुझ्न आवश्यक छ ।
- अभिभावक/स्याहारकर्तालाई बालबालिकाले क्रियाकलापहरू गरेकामा उनीहरूको प्रशंसा गर्न र क्रियाकलापको अवधिभरि प्रोत्साहन दिन लगाउनुहोस् ।
- एक पटकको अवलोकनबाट नभई अभिभावक/स्याहारकर्तासँगको छलफलबाटसमेत सङ्कलन गरिएका बहुप्रमाणका आधारमा तपाईंले प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्ने आशा गरिएकाले अभिभावक/स्याहारकर्ताहरूलाई एक पटकको मूल्याङ्कनका आधारमा भन्दा पनि समय क्रममा गरिने मूल्याङ्कन र अन्य क्रियाकलापका आधारमा बालबालिकाको स्तर अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् ।
- अभिभावक/स्याहारकर्ताहरूसँग अन्तरक्रिया गर्दा सकारात्मक प्रोत्साहनको अर्थ र महत्त्व बुझाउनुहोस् । बालबालिकाले कस्तो प्रदर्शन गरे भन्ने मतलब नगरी उनीहरूले गरेका प्रयासलाई कदर गर्ने कुरामा जोड दिनुहोस् । बालबालिकाले गरेका सानो प्रगतिका लागि पनि प्रशंसा गर्न

अभिभावक/स्याहारकर्ताहरूलाई सुझाव दिनुहोस् ।

**४. सिकाइ रणनीतिहरू तय गर्नुहोस् र अभिभावक/स्याहारकर्ताहरूलाई सुनाउनुहोस्**

- अभिभावक/स्याहारकर्ताहरूलाई सुझाइएका सिकाइ क्रियाकलापका आधारमा बालबालिकाको सिकाइ र विकासमा सघाउ पुऱ्याउन उहाँहरूले के गर्नुपर्छ भनी सल्लाह दिन प्रत्येक विशिष्ट पक्ष/सक्षमतामा बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गरिएको स्तर हेर्नुहोस् ।
- अभिभावक/स्याहारकर्ताहरूलाई पूर्वप्राथमिक तह/प्रारम्भिक बालविकास केन्द्रहरू पुनः खुले पनि बालविकास केन्द्रमा बालबालिकाले सिकेका कुरामा जोड दिन घरमा सिकाइ वातावरण कायम राखिरहन प्रोत्साहित गर्नुहोस् ।



# खण्ड २

## प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालय/प्राथमिक विद्यालयमा प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका



## क) यस पुस्तिकाको प्रयोग गर्दा ध्यान दिनुपर्ने केही कुरा

### १. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयहरूमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) प्रयोग गर्नुको उद्देश्य

प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूले प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहका विभिन्न सक्षमताहरूको निरन्तरतामा प्रत्येक बालबालिकाको सिकाइ स्तर बुझ्न र बालबालिकाको स्तरअनुसार सिकाइ अभ्यासहरूमा समायोजन गर्न यो कार्यविधि प्रयोग गर्न सक्दछन् ।

### २. दैनिक क्रियाकलापहरूका क्रममा बालबालिकाको सिकाइ मूल्याङ्कन गर्न प्रयोग गर्ने विधिहरू

यस कार्यविधिमा सुझाइएका अधिकांश मूल्याङ्कन क्रियाकलापहरू समग्र कक्षाको व्यवस्थापनका क्रममा नै अवलोकन, अन्तरक्रिया वा बालबालिकाका कामहरूको सङ्कलन जस्ता विभिन्न विधिहरू प्रयोग गरेर सञ्चालन गर्न सकिन्छ । ।

**अवलोकन**

- बालबालिकालाई उनीहरूको सामान्य दैनिक कार्यतालिकामा अवलोकन गर्ने कुरा सुनिश्चित गर्नुहोस् ।
- समग्र कक्षाका लागि एकसाथ सहजीकरण र अवलोकनको अभिलेख राख्ने काम तपाईंका लागि कठिन हुन सक्ने भएकाले प्रत्येक दिन कुनै एक क्रियाकलापका क्रममा बालबालिकाको एउटा समूहलाई छनोट गर्न सकिन्छ ।
- प्रत्येक बालबालिकाको अवलोकन अभिलेख अद्यावधिक गर्नुहोस् । यस्ता अभिलेख तात्कालीन परिस्थितिहरूको वास्तविक चित्रण वा सङ्क्षिप्त विवरणहरू हुन सक्दछन् ।
- एउटै अवलोकनका आधारमा निष्कर्ष ननिकाल्नुहोस् । बालबालिकालाई बुझ्न फरक फरक परिस्थितिमा गरिएका बहुअवलोकनहरू आवश्यक हुन्छन् ।

**अन्तर्क्रिया**

- समूहहरू र व्यक्तिगत तहमा साथसाथै अन्तर्क्रिया गर्नुहोस् ।
- ध्यानपूर्वक सुन्नुहोस् र रुचिपूर्वक प्रतिक्रिया जनाउनुहोस् । बालबालिकालाई उनीहरूका विचार प्रस्तुत गर्न हौस्याउनुहोस् ।
- के ? किन ? कसरी ? को प्रयोग गरी छोटा र विस्तृत जवाफको खोजी गर्ने प्रश्नहरू सोध्नुहोस् ।

**बालबालिकाका कामको नमूना सङ्कलन**

- बालबालिकाका चित्रकला, केरकार गरेको लेखाइ र लेखनका नमूनाहरूका साथै उनीहरूले पूरा गरेका जुनसुकै अभ्यास कागजहरू सङ्कलन गर्नुहोस् ।
- तिनलाई प्रत्येक बालबालिकाको नाम र सम्बन्धित मितिसहित उनीहरूको विवरणात्मक फाइलहरूमा राख्नुहोस् ।
- सबै कुरा सङ्कलन गरिनुपर्छ भन्ने छैन तर केही प्रतिनिधिमूलक नमूनाहरू सङ्कलन गर्नुपर्दछ ।

## ३. निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) प्रयोग गर्दा देहायका मुख्य बुँदाहरूमा ध्यान पुऱ्याउनुपर्छ :

### ३.१. निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका प्रयोग गर्दा

- निर्माणात्मक मूल्याङ्कन नियमित सिकाइ अभ्यासको एक अङ्गका रूपमा सञ्चालन गरिन्छ । त्यसैले यी मूल्याङ्कन क्रियाकलापहरू सामान्य रूपमा बालविकास केन्द्रमा गरिने क्रियाकलापअनुसार नै तयार पारिएका छन् । आफ्ना दैनिक वा साप्ताहिक क्रियाकलाप योजनाका आधारमा तपाईँले केही दिन वा हप्ताहरूकाबीचमा निश्चित पक्ष वा सक्षमताका क्षेत्रहरूमा बालबालिकालाई मूल्याङ्कन गर्न सक्नुहुन्छ ।
- एक पटकको मूल्याङ्कन भन्दा पनि मूल्याङ्कन र त्यस समयक्रम सँगैका अन्य क्रियाकलापका आधारमा बालबालिकाको स्तर हेर्नुहोस् । प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा एक पटकको अवलोकनका आधारमा नभई सिकाइ प्रक्रियाका क्रममा सङ्कलित बहुप्रमाणहरूका आधारमा अभिलेख राखिनु पर्दछ ।
- तपाईँले कुनै बालबालिकालाई विशिष्ट पक्षअन्तर्गतका मूल्याङ्कन क्रियाकलाप पूरा गर्न असमर्थ पाउनु भयो भने रोकिनुहोस् र त्यही पक्षअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापमा पनि नजानुहोस् । कि त फरक विशिष्ट पक्षअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापमा जानुहोस् वा सहयोग पुऱ्याउन सिकाइ रणनीतितिर अघि बढ्नुहोस् ।
- बालबालिकालाई प्रोत्साहन दिनुहोस् र उनीहरूका प्रयासहरूको कदर गर्नुहोस् ।

### ३.२. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) भर्दा

- वर्षमा चार पटक यस प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा बालबालिकाको स्तर उल्लेख गर्नुपर्दछ । यो कार्य प्रत्येक चार महिनामा गर्नु आवश्यक हुन्छ ।
- बालबालिकाका अभिभावक/स्याहारकर्ताहरूलाई प्रत्येक त्रैमासिकमा आपसी समझदारीमा तय गरिएको दिनमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) देखाउनुहोस् र त्यस बारेमा छलफल गर्नुहोस् ।
- बालविकास केन्द्रको वार्षिक कार्यतालिकाअनुसार प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा दिइएका र बालविकास केन्द्रमा प्रवेश गर्दाको अवस्थाका साथै पहिलो, दोस्रो र अन्तिम त्रैमासिकका बाकसहरूमा अभिलिखित स्तरका आधारमा मापन गरिनु पर्दछ ।

## सामग्रीको ढाँचा


| विकासका क्षेत्र | उप-क्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू |
|---|---|---|
| शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक विकास | स्थूल अङ्गको विकास |
| | | सूक्ष्म अङ्गको विकास |
| | | इन्द्रिय अङ्गको विकास |
| | स्वास्थ्य र सरसफाइ | व्यक्तिगत सरसफाइ |
| | | सुरक्षित स्थान |
| भाषिक विकास | सञ्चार | सुनाइ |
| | साक्षरता | पूर्वपढाइ |
| | | पूर्वलेखाइ |
| बौद्धिक विकास | संज्ञानात्मक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | | वर्गीकरण र क्रम मिलाउने |
| | बौद्धिक विकास | वैज्ञानिक ज्ञान/खोज |
| | | दुरी र दिशा |
| | गणित | अङ्क/सङ्ख्या |
| | सिर्जनात्मक | कल्पना |
| सामाजिक विकास | सामाजिक | जीवन उपयोगी सिप |
| | | सामाजिक व्यवहार |
| संवेगात्मक विकास | संवेगात्मक विकास | संवेगात्मक अभिव्यक्ति |
| | | संवेगात्मक सुरक्षा र आत्मविश्वास |
| सांस्कृतिक विकास | सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता |

## १. क्षेत्र : शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती

### १.१. उपक्षेत्र : शारीरिक विकास

### क) विशिष्ट पक्ष : स्थूल अङ्गको विकास

**सूचक :** बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डोलाई खुट्टाले हान्ने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् ।





### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल

**आवश्यक सामग्रीहरू :** चक/खरी र भकुन्डो

**निर्देशनहरू :**

१. सबै बालबालिका सहभागी हुने स्थूल अङ्गसम्बन्धी क्रियाकलापको योजना बनाउनुहोस् । तल सुझाइएका विकल्पमध्ये स्वतन्त्र रूपले कुनै प्रयोग गर्नुहोस् ।



**विकल्प १ :** चित्रमा देखाइएजस्तै गरी बालबालिकालाई उभिन, हात समात्न र ठुलो घेरा बनाउन लगाउनुहोस् । अब उनीहरूलाई आफ्ना हात एक छेउ वा अर्को छेउतर्फ लैजान भन्नुहोस् । उनीहरूलाई दुवै खुट्टा प्रयोग गरी अघि र पछि उफ्रिन भन्नुहोस् । यी निर्देशनहरू ५ पटकसम्म दोहोऱ्याउनुहोस् ।

**विकल्प २ :** केही बालबालिकालाई भुइँमा आठ ओटा[४] ठुलो गोला वा आयाताकार घेरा (एक अर्काको छेउमा) कोर्न भन्नुहोस् । बालबालिकाले यी घेरा कोर्न अप्ठ्यारो सामना गरेमा उनीहरूलाई सहयोग गर्नुहोस् । अब, आठ जना बालबालिकालाई अगाडि आउन र प्रत्येक गोलो घेराको अगाडि उभिन लगाउनुहोस् । उनीहरूलाई दुवै खुट्टा प्रयोग गरी गोलो घेराभित्र अनि त्यसपछि चित्रमा देखाइए जस्तै गरी अर्को गोलो घेरामा उफ्रन लगाउनुहोस् । यी निर्देशनहरू ५ पटक दोहोऱ्याउनुहोस् । उफ्रिने पालो पर्खिरहेका बालबालिकालाई गोलो घेरा अघि उभिएका र उफ्रिरहेका साथीहरूका लागि ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।

[४]यो पूर्वप्राथमिक विद्यालय/बालविकास केन्द्रमा उपलब्ध स्थानमा भर पर्दछ । पूर्वप्राथमिक विद्यालय वा बालविकास केन्द्रमा उपलब्ध स्थान र बालबालिकाको सङ्ख्याका आधारमा भुइँमा कोर्ने आकारहरूको सङ्ख्या घटाउन वा बढाउन सहज महसुस गर्नुहोस् ।

❖ बालबालिकाको अवलोकन गर्नुहोस् । सन्तुलन नगुमाई को उफ्रन सक्यो र को सकेन याद गर्नुहोस् ।

- उफ्रन नसक्ने, लड्ने वा आफ्नो सन्तुलन कायम राख्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- नलडी उफ्रन सक्षम र आफ्नो सन्तुलन कायम गर्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. बालबालिकाको सहयोग लिएर भुइँमा केही आकारहरू (जस्तैः गोलो वा आयाताकार) कोर्नुहोस् । स्थान पर्याप्त छ भने एकै पटकमा सबै बालबालिकालाई (जसले माथिको क्रियाकलापमा नलडी उफ्रन सकेका थिए) सहभागी गराउनुहोस् र बाँकी बालबालिका (जसले माथिको क्रियाकलापमा उफ्रन सकेका थिएनन्) लाई बाहिर गएर स्वतन्त्र खेलकुदमा सहभागी हुन प्रोत्साहित गर्न सक्नुहुन्छ । पर्याप्त स्थान छैन भने एक पटकमा एउटा समूहलाई बोलाउन सहज हुने गरी उनीहरूलाई समूहमा विभाजन गर्नुहोस् ।

❖ बालबालिकालाई अगाडि आउन र भुइँमा कोरिएका आकारहरूमा उभिन (चित्रमा देखाएजस्तै गरी) लगाउनुहोस् । बालबालिकालाई भुइँमा कोरिएको गोलो घेरा वा आयाताकार वरिपरि तपाईंको तालीको गतिसँगै छिटोछिटो घुम्न भन्नुहोस् । तपाईंले ताली बजाउन रोकी 'मूर्ति बन' भन्दा उनीहरू जस्तो अवस्थामा छन्, त्यही अवस्थामा रोकिनुपर्ने र फेरि ताली नबज्दासम्म नहल्लिन भन्नुहोस् । यो 'मूर्ति बन' भन्ने क्रियाकलाप पाँच पटकसम्म दोहोऱ्याउनुहोस् ।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् । पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न को को सक्षम छन् र को को छैनन् भन्ने याद गर्नुहोस् ।

- ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न नसक्ने कुनै बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न नसक्ने कुनै बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. गोलो घेराहरू/आयाताकारहरूमध्ये कुनै एउटालाई छान्नुहोस् (त्यसको वरिपरि प्रस्ट रेखा कोर्नुहोस् र त्यो गोलाकार/आयाताकारलाई चिनो लगाउनुहोस् ।)



❖ पत्रिकाका पाना वा पुराना कागज/कपडा वा स्थानीय स्तरमा उपलब्ध केही कुरा बालबालिकालाई दिनुहोस् र त्यसबाट एउटा भकुन्डो बनाउन लगाउनुहोस् वा साँच्चिकै भकुन्डो (बल) दिनुहोस् ।

❖ त्यो गोलाकार/आयाताकारबाट तीन चार पाइला पछाडि बालबालिकालाई उभिन लगाउनुहोस् ।

❖ छानिएको गोलाकार/आयाताकारभित्र पर्ने गरी ताकेर भकुन्डो फाल्न बालबालिकालाई आग्रह गर्नुहोस् ।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् । छानिएको आकारभित्र ताक्न र भकुन्डो फाल्न बालबालिका सक्षम छन् कि छैनन् याद गर्नुहोस् ।

- तपाईंको पटक पटकको अवलोकनमा आधारित हुँदा छानिएको गोलाकारमा ताक्न सक्षम नहुने बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका सन्तुलन नगुमाई वा नलडी एउटा गोलाकारमा उफ्रन सक्दैनन् । | उफ्रनेजस्तो स्थूल अङ्गका क्रियाकलापमा सीमित सन्तुलन । | सुरुआत | • शारीरिक खेलकुदका क्रियाकलापहरूमा त्यस्ता बालबालिकाको सहभागितालाई प्रोत्साहित गर्ने र हात-खुट्टा तन्काउने वा सन्तुलन कायम राख्ने जस्ता शारीरिक अभ्यासहरू गराउने ।<br>• बालबालिकालाई अभ्यास गर्ने र शारीरिक सन्तुलन र नियन्त्रण मजबुत गर्ने समय र क्षेत्र दिने, जस्तो कि - सिधा रेखामा बालबालिकालाई हिँडाउने वा दौडाउने, बीचमा हिँड्ने बाटो बनाइदिने, बालबालिकालाई बक्र रेखामा सन्तुलन कायम राख्न वा हिँड्न दिने वा शरीरका अङ्गहरू बङ्ग्याउन कपडा वा रिबनका टुक्राहरू उपलब्ध गराउने ।<br>• गतिशील हुन र रमाइलोका लागि बालबालिकालाई प्रोत्साहित गर्न स्थानीय सङ्गीत, बालगीत, नृत्य र गोलाकारमा उफ्रिने कार्यसँग जोडिने खेलहरूको उपयोग गर्ने ।<br>• भुइँमा गोलाकार र आयाताकार जस्ता विभिन्न आकार कोर्ने र बालबालिकालाई उफ्रन वा ती आकारको वरिपरि छिटोछिटो वा बिस्तारै हिँड्न लगाउने ।<br>• बालबालिकालाई सक्रिय राख्न विभिन्न तरिकाहरू प्रयोग गर्न प्रोत्साहित गर्ने । जस्तै - फड्कने, वरिपरि घुम्ने आदि । |
| बालबालिका एउटा गोलाकारबाट अर्कोमा सन्तुलन नगुमाई उफ्रन सक्छन् तर छिटो गरी सक्रिय हुँदा पाँच सेकेन्डसम्म शरीर नियन्त्रण गर्न र सन्तुलन कायम गर्न सक्दैनन् । | स्थूल अङ्गका क्रियाकलापहरूका क्रममा सन्तुलन कायम । | प्रगति भइरहेको | • माथि उल्लेखित रणनीतिहरूका साथसाथै उल्टो हिँड्ने र एक खुट्टाले मात्र टेकेर उफ्रने जस्ता विविध प्रकारका क्रियाकलापहरूको योजना बनाउने ।<br>• ठुला मांसपेशीको विकासका लागि स्थानीय खेलहरूको योजना बनाउने । जस्तैः कुनै एक बालक वा बालिकालाई ‘मूर्ति बन’ भनेर एक खुट्टामा उभिने |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | जस्तै कुनै एउटा निश्चित अवस्थामा नै रहन लगाउने । उक्त बालक वा बालिकालाई उसले सकेजति समय त्यही अवस्थामा रहन भन्ने, तत्पश्चात् सहजकर्ता/शिक्षक वा अन्य बालबालिकाले उसलाई हँसाउन र सक्रिय बनाउन प्रयास गर्ने । |
| बालबालिकाले छिटोछिटो चलेपछि पाँच सेकेन्डसम्म शरीरको नियन्त्रण र सन्तुलन कायम राख्न सक्छन् तर गोलाकारभित्र भकुन्डो फाल्न सक्दैनन् । | छिटो सक्रिय हँदा पनि सन्तुलन कायम र शरीरलाई नियन्त्रण । | अगाडि बढिरहेको | • माथिका दुवै स्तरका लागि उल्लेख गरिएका रणनीतिहरूका साथसाथै छिटो वा ढिलो हिँड्ने, घुम्ने, उफ्रने, भकुन्डो फाल्ने वा समात्ने वा निश्चित दिशामा खुट्टाले भकुन्डोलाई प्रहार गर्ने जस्ता थप शारीरिक क्रियाकलापहरूको योजना बनाउने । उदाहरणका लागि - बालबालिकाका लागि उनीहरूले भेट्न सक्ने स्थानमा एउटा टायर झुन्ड्याउने । बालबालिकालाई त्यसभित्रबाट अर्कोतिर नरम प्रकारको भकुन्डो फाल्न लगाउने । क्रमशः टायरको उचाइ र दुरी बढाउँदै भकुन्डो फाल्न लगाउने ।<br>• फाल्न, समात्न, खुट्टाले प्रहार गर्न कपडा, गेडागुडी राखिएका साना थैला वा भकुन्डो जस्ता सामग्रीहरू, उफ्रेर केही नाघ्ने अभ्यासका लागि डोरी तथा अन्य त्यस्तै प्रकारका खेलसामग्री उपलब्ध गराउने ।<br>• टायर भित्र पस्ने, उफ्रने, झुण्डिने, फड्कने, पल्टिने, डोरी नाघ्ने, कुद्ने जस्ता क्रियाकलाप गराउने । |
| बालबालिकाले तोकिएको लक्ष्यमा भकुन्डो फाल्नुका साथै शरीरको सन्तुलन कायम राख्न सक्छन् । | लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डोलाई खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापका क्रममा सन्तुलन कायम र राम्रो संयोजन । | प्राथमिक विद्यालयका लागि तयार | • माथिका तीन ओटै स्तरमा उल्लेख गरिएका क्रियाकलापहरू गराउने र अवलोकन गर्ने ।<br>• नियमसहितका स्थानीय खेलहरूको योजना गरी शारीरिक क्रियाकलापमा सहभागी हुने अवसरहरू उपलब्ध गराउने । |

## ख) विशिष्ट पक्ष : सूक्ष्म अङ्गको विकास

**सूचक :** टाँक लाउने, बकल कस्ने, चेन लगाउने र तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा, रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेशीहरू (जस्तै : औंलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् ।

**सुरुआतमा**

सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय

**प्रगति भइरहेको**

सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय

**अगाडि बढिरहेको**

जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम

**प्राथमिक विद्यालयका लागि तयार**

साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।)

**आवश्यक सामग्रीहरू :** प्वालसहितका दाना वा बोतलको बिर्को/मकैको खोया, तार, खेल्न मिल्ने पिठोको डल्लो, रङ्गीन सिसाकलम

**निर्देशनहरू :**

१. प्रत्येक बालबालिकालाई ८ देखि १० ओटा मध्यम आकारका प्वालसहितका दाना/गोटी वा बोतलको बिर्को/मकैको खोया दिनुहोस् र तिनलाई तारमा उन्न भन्नुहोस् ।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् । कसले गोटीहरू तारमा उन्न सके र कसले सकेनन् भन्ने याद गर्नुहोस् ।

- तारमा गोटीहरू उन्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- तारमा गोटीहरू उन्न सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. बालबालिकालाई खेल्न मिल्ने पिठोको डल्लो वा लेसिलो माटो दिनुहोस् । माथिको क्रियाकलापमा तारमा गोटीहरू उन्न सक्षम बालबालिकालाई त्यो पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी कुनै पनि ३/४ ओटा आकार वा वस्तुहरू बनाउन भन्नुहोस् । बाँकी बालबालिकालाई पिठोको डल्लो वा लेसिलो माटोसँग उनीहरूले चाहेअनुसार खेल्न र त्यसलाई चलाएर हेर्न छोडिदिनुहोस् ।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् । कसले पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्यो र कसले सकेन भन्ने याद गर्नुहोस् ।

- ३/४ ओटा आकार बनाउन नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता

दिनुहोस् ।

३. माथिको क्रियाकलापमा ३/४ ओटा आकार वा वस्तु बनाउन सकेका बालबालिकालाई एउटा आकार उपलब्ध गराउनुहोस् र त्यस आकारको रेखाभित्र मात्र पर्ने गरी रङ भर्न लगाउनुहोस् । अरू बालबालिकालाई स्वतन्त्र चित्र बनाउन वा विभिन्न साना टुक्रा वस्तुहरू राखेर आकृति बनाउने क्रियाकलाप (विभिन्न आकार वा वस्तुको आकृति बनाउन साना ढुङ्गाहरू मिलाएर राख्ने) गर्न दिनुहोस् ।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् र दिइएको आकारको भित्र मात्र पर्ने गरी रङ भर्न कसले सक्यो र कसले सकेन भनेर याद गर्नुहोस् ।

- तपाईंको पटक पटकको अवलोकनमा दिइएको आकारभित्र रङ भर्न सक्षम नभएका बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका मध्यम आकारका गोटीलाई तारमा उन्न सक्षम छैनन् । | सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीको सीमित समन्वय । | सुरुआत | • ठुला ब्लक (टुक्रा जोडेर आकार दिन मिल्ने सामग्री), २-३ टुक्रा भएका सामान्य पजलहरू, मोटो र पातलो तुलनासहितका मध्यम वा ठुला प्वालसहितका गोटीहरू जस्ता विभिन्न जोड्न र तोड्न मिल्ने सामग्रीहरूका साथै रङ, रङ्गीन सिसाकलम, पेन्ट्स, बुरुस र कागज उपलब्ध गराउने ।<br>• बालबालिकालाई ती सामग्रीहरूबारे जान्न र तीसँग विभिन्न तरिकाबाट काम गर्न वा खेल्न प्रोत्साहित गर्ने ।<br>• सूक्ष्म अङ्गको विकासमा सघाउन ठुला गोटीहरू धागोमा उन्ने, कागजलाई टुक्रा पार्ने, ब्लकहरूसँग खेल्ने, माटो वा गेडागुडी एउटा भाँडोबाट अर्कोमा चम्चाले खन्याउने र चम्चाले स्वतन्त्र रूपमा खाना खाने जस्ता विभिन्न प्रकारका क्रियाकलापहरूको योजना बनाउने ।<br>• सूक्ष्म मांसपेशीको समन्वय सुधार गर्न बालबालिकालाई उनीहरूकै संस्कृतिभित्र गरिने रुचिपूर्ण क्रियाकलापहरूको योजना बनाउने - जस्तै सिन्काले पात वा कागज गाँस्न प्रोत्साहित गर्ने ।<br>• फरक फरक आकारका प्लाष्टिकका बोतल तथा बट्टाका बिर्कोहरू खोल्ने र बन्द गर्ने अभ्यास गराउने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले मध्यम आकारका गोटी तारमा उन्न सक्छन् तर खेल्नका लागि तयार गरिएको पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी कुनै ३-४ ओटा आकार वा वस्तु बनाउन सक्दैनन् । | सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय । | प्रगति भइरहेको | • विभिन्न आकारका ब्लक, विभिन्न प्रकारका कठिनाइसहितका पजलहरू, मोटो र पातलो तुनासहितका मध्यम वा ठुला प्वालसहितका गोटीहरू जस्ता विभिन्न जोड्न र तोड्न मिल्ने सामाग्रीहरूका साथै रङ, रङ्गीन सिसाकलम, पेन्ट्स, बुरुस र कागज उपलब्ध गराउने ।<br>• सूक्ष्म अङ्गका विकाससम्बन्धी क्रियाकलापहरूको योजना बनाउँदा स्थानीय सामग्रीहरू जस्तैः सुकेका गेडागुडी, चना, लप्सी[४], चिलाउनेको गेडा, काठका टुक्रा, ढुङ्गा, विभिन्न प्रकारका बियाँ, लट्ठी, खोया, डोरी, जुटको बोरा, भुत्ते सियो, खेल्न मिल्ने पिठो वा माटाको डल्लो आदिको प्रयोगमा जोड दिने ।<br>• बालबालिकालाई ती सामग्रीहरूबारे जान्न र तीसँग विभिन्न तरिकाले खेल्न प्रोत्साहित गर्ने ।<br>• सूक्ष्म अङ्गको विकासमा सहयोग पुऱ्याउन टाँक लाउने/खोल्ने, साना ढुङ्गाहरू राखेर विभिन्न आकारको रेखाङ्कन गर्ने । क्रियाकलाप, रङ मिसाउने, चित्र वा आकार तयार पार्न कागज च्यातेर साना टुक्रा पार्ने र तिनलाई अर्को कागजमा च्यात्ने, बटार्ने, बुन्ने, टाँस्ने, चिम्टाले गेडाहरू टिप्न लगाउने जस्ता विभिन्न प्रकारका क्रियाकलापहरू गराउने योजना बनाउने ।<br>• साना मांसपेशीको नियन्त्रण अभ्यास गर्ने तथा आँखा र हातको समन्वय सुधार गर्ने अवसर उपलब्ध गराउन केही चुनौतीपूर्ण क्रियाकलापहरूको योजना बनाउने । जस्तैः बालबालिकालाई एक हातमा उनीहरूले सके जति साना ढुङ्गा उठाउन र एक पटकमा एउटा |

[४]सामग्रीहरूमा हानिकारक रङ भएको सामग्री प्रयोग नगर्नुहोस् ।

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | गर्दै झार्न, तिनलाई बट्टामा हाल्न वा एक मिनेटमा धागोमा उनीहरूले सके जति साना आकारका गोटीहरू उन्न वा जुत्ताको तुना बाँध्न प्रोत्साहित गर्ने । |
| बालबालिकाले खेल्न तयार पारिएका पिठोको डल्लो वा लेसिलो माटोबाट ३-४ आकार वा वस्तुहरू बनाउन सक्छन् तर आकार वा वस्तुको रेखाभित्र रङ भर्न सक्दैनन् । | जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई ठोस वस्तुहरूबाट आकार/वस्तुहरूको रेखाङ्कन गर्ने, रेखाङ्कन गरिएको चित्रभित्र रङ भर्ने, ७-८ टुक्राका जटिल पजलहरू मिलाउने, नरम धार भएको कैँचीले कागज टुक्रा पार्ने, आँखा, नाक, कान, कपाल, हात, खुट्टा आदि केही गुणसहितको मानिसको चित्र कोर्ने जस्ता सूक्ष्म अङ्गको विकाससम्बन्धी विभिन्न क्रियाकलापहरू गर्न प्रोत्साहित गर्ने । |
| आकारहरूको रेखाङ्कन गरिएको भागभित्र बालबालिकाले रङ भर्न सक्छन् । | साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम । | प्राथमिक विद्यालयका लागि तयार | • साना मांसपेशीहरू अझ मजबुत बनाउनका लागि माथि उल्लेख गरिएका क्रियाकलापहरूलाई निरन्तरता दिने । |

## ग) विशिष्ट पक्ष : इन्द्रिय अङ्गको विकास

**सूचक :** बालबालिकाले विभिन्न इन्द्रिय अङ्गको विकास भएको प्रदर्शन गर्न सक्दछन् ।

**सुरुआतमा**

विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत

**प्रगति भइरहेको**

कुनै इन्द्रिय गुणमा (जस्तै- गन्ध, आवाज, स्वाद, बनोटमा) आधारित भएर वस्तुहरूको छनोट

**अगाडि बढिरहेको**

कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरूको छनोट

**प्राथमिक विद्यालयका लागि तयार**

सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल

**आवश्यक सामाग्रीहरू :** तल उल्लेख गरिएअनुसारका स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू ।

**निर्देशनहरू :**

१. सबै बालबालिकाका लागि विभिन्न इन्द्रिय अङ्गहरूको प्रयोग गरी वस्तु पहिचान गर्ने क्रियाकलापहरूको योजना बनाउनुहोस् । उदाहरणका लागि विभिन्न बनोट (खस्रो वा चिल्लो), गन्ध (सुगन्धित वा दुर्गन्धित), स्वाद (गुलियो वा नुनिलो वा अमिलो) का केही सामग्रीहरू जम्मा गर्नुहोस् । त्यस्तै विभिन्न प्रकारका आवाजका लागि (जस्तोः प्लेट वा तालीको आवाज, चर्को वा मधुरो आवाज) सामग्री व्यवस्था गर्नुहोस् ।

❖ बालबालिकालाई (एक पटकमा एउटा क्रियाकलाप) बनोट वा आवाज वा गन्ध वा स्वाद पहिचान गर्न लगाउनुहोस् । उदाहरणका लागि बालबालिकालाई दिएको सामग्री (बनोटको आधारमा नरम वा खस्रो) पहिचान गर्न उनीहरूलाई हातले छाम्न वा चलाउन लगाउनुहोस् । तपाईंले निकाल्नुभएको आवाज सुन्न र चिन्न दिनुहोस् । यी क्रियाकलापका लागि ती बालबालिकालाई पटक पटक अवसर दिइरहँदा प्रत्येक पटक फरक इन्द्रिय अङ्गहरूको प्रयोग गराउनुहोस् र त्यसपछि पटक पटकको अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उनीहरूका अभिलेख राख्नुहोस् ।

- बालबालिकाले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- बालबालिकाले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. सबै बालबालिकालाई गोलो घेरामा बसाउनुहोस् । एकपटकमा एक बालबालिकालाई (माथिको क्रियाकलापमा सबै इन्द्रिय अङ्गहरू प्रयोग गरी वस्तुहरू पहिचान गर्न सक्षम भएकाहरूलाई) अगाडि बोलाउनुहोस् र उनको आँखामा पट्टी बाँधिदिनुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन सक्छन् कि सक्दैनन् भन्ने हेर्न उनलाई केही सामग्रीहरू दिनुहोस् । उदाहरणका लागि- फरक फरक स्वादका ४-५ थरीका खानेकुरा (जस्तैः तरकारी वा फलफूल) वा फरक फरक बनोटका कपडा (नरम वा खस्रा) वा विभिन्न गन्धका चिजबिजहरू (धूप वा हिङ) वा विभिन्न आवाज निस्कने खेलौना हल्लाउने बाजा वा चामल, साना टुक्राहरू वा सिक्कासहितका बोतलहरू) ।

❖ बालक वा बालिकाले प्रत्येक चिजको स्वाद/गन्ध लिइरहँदा/सुन्दा/छाम्दा उस/उनलाई ती चिज के के हुन् भनेर चिन्न र तिनको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा छुट्याई स्वाद/गन्ध/बनोट/आवाजको प्रकारअनुसार फरक फरक भाँडो/टोकरीमा राख्न भन्नुहोस्। बालबालिकाको आँखामा पट्टी बाँधिएको हुनाले ती सामग्रीहरूलाई विभिन्न भाँडोमा राख्न उनीहरूलाई मद्दत गर्नुहोस्। अवलोकन गरिरहेका अन्य बालबालिकासँग क्रियाकलापमा सहभागी साथीले के आधारमा ती चिज पहिचान गरे होला भनेर छलफल गर्न सक्नुहुन्छ। यसले गर्दा बाँकी अरूलाई फरक सिपहरू प्रयोग गरी ती चिज चिन्न मद्दत गर्नेछ। बालबालिकालाई अवलोकन गर्नुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस्।

- कुनै बालबालिकाले सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन नसकेको अवस्थामा फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस्।
- सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन सक्ने बालबालिकाका लागि भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस्।

३. पाँच ओटा टोकरी वा कुनै भाँडो तयार पार्नुहोस् र प्रत्येकमा एक इन्द्रिय विशेषता (स्वाद, बनोट, गन्ध, आवाज, हेराइ) लेखेर टाँस्नुहोस् अनि कक्षा कोठाका विभिन्न भागमा तिनलाई राख्नुहोस्। सम्भव हुन्छ भने यी टोकरी/भाँडामा विभिन्न इन्द्रिय गुणका चित्रहरू टाँस्नुहोस्। यस क्रियाकलापका लागि विभिन्न इन्द्रिय विशेषताहरूसँग सम्बन्धित विभिन्न सामग्रीहरू (बालबालिका परिचित रहेका) सहितको कक्षाकोठाको वातावरण तयार गर्नुहोस्।

❖ बालबालिकालाई स्वतन्त्र खेल वा इन्द्रिय विशेषताको कुनामा रहेका सामग्रीहरूको पहिचान गर्ने क्रियाकलापमा सहभागी गराउनुहोस्। सोही अवसरमा एकपटकमा एकजना बालक वा बालिकालाई बोलाउनुहोस् र त्यस वातावरणबाट बनोट, स्वाद, आवाज वा गन्धका आधारमा छुट्याउन सकिने सामग्री पहिचान गर्न, टिप्न अनि त्यो सामग्री कुन इन्द्रिय विशेषतामा पर्दछ भन्ने उसलाई लागेको छ, त्यही टोकरी वा भाँडोमा राख्न लगाउनुहोस्। ती सामग्री वा चिज निश्चित टोकरी/भाँडोमा राख्नाको कारणका सम्बन्धमा छलफल गर्नुहोस्।

❖ बालबालिकालाई अवलोकन गर्नुहोस् र सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस्।

- तपाईंको पटक पटकको अवलोकनमा सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन नसक्ने बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउनुहोस्।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले निश्चित कुराको आवाज, बनोट, गन्ध र स्वाद चिन्दछन्। | विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत। | सुरुआत | • वातावरण र सामग्रीहरूबारे खोज गर्दै आफ्ना इन्द्रियहरू सक्रियतापूर्वक प्रयोग गर्न बालबालिकालाई अवसरहरू उपलब्ध गराउने। जस्तैः विभिन्न आकारहरू तयार पार्न बालुवा वा पिठोको डल्लोसँग |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | खेल्ने, विभिन्न प्रकारका बनोटहरू छाम्ने (चिसो-तातो, खस्रो-चिल्लो नरम- कडा, बाक्लो-पातलो) फरक फरक आवाजहरू सुन्न (सङ्गीत बजाउने, विभिन्न प्रकारका भाँडा, सिक्का राखेको बाकस आदि बजाउने) वातावरणमा आकार र ढाँचाहरू थाहा पाउन नजिकबाट हेर्ने, खानेकुरा वा अन्य सामग्रीहरूको वासना[६] पहिचान गर्ने (जस्तैः लसुन, अदुवा, प्याज, धनिया, सुकमेल आदि), विभिन्न खानेकुराहरूको स्वाद पहिचान गर्ने (जस्तैः चिनी, नुन, कागती, अदुवा आदि)। <br>• बालबालिकालाई इन्द्रिय अङ्गहरू प्रयोग गरी विभिन्न सामग्री चिन्न मद्दत गर्न दैनिक कार्यतालिकाको समय उपयोग गर्ने। उदाहरणका लागि दिवा खानाको समयमा बालबालिकालाई खानाको स्वाद खोजी गर्न मद्दत गर्ने। <br>• बालबालिकाले आफ्नो इन्द्रिय अङ्गहरूको विकाससम्बन्धी अभ्यास गर्न सामग्रीहरूको खोजका लागि कक्षाकोठामा एउटा इन्द्रिय विशेषताको कुना वा क्षेत्र तयार गर्ने। <br>• निश्चित इन्द्रिय अङ्ग प्रयोग हुने सिपमा आधारित भएर विभिन्न सामग्रीहरू छुट्याउने कार्य प्रदर्शन गरेर देखाउने। |
| बालबालिकाले कुनै एक इन्द्रिय विशेषता प्रयोग गरी वस्तुहरू छुट्याउन सक्छन्। | कुनै इन्द्रिय गुणमा (जस्तैः गन्ध, आवाज, स्वाद, बनोटमा) आधारित भएर वस्तुहरूको छनौट। | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका क्रियाकलापहरूसँगै बालबालिकालाई विभिन्न स्वाद वा बनोट अवलोकन/पहिचान गर्ने कुरामा खासगरी खानासँग सम्बन्धित इन्द्रिय विशेषताहरू विकास गर्न मद्दत गर्ने। <br>• खस्रो, चिल्लो, सतहमा काँडा भएका बनोट जस्ता फरक विशेषताहरूबारे कुराकानी गर्न ठोस सामग्रीहरूको प्रयोग गर्ने। बालबालिकाले एउटा वस्तुमा बहुविशेषताहरू हुन्छन् भन्ने कुरा बुझेका छन् भन्ने सुनिश्चित गर्ने। |

[६]बालबालिकालाई कडा गन्ध, पिरो चखाउन वा सुँघाउन मिल्दैन।


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • गेडागुडी राखिएको भाँडो, मसिना ढुङ्गा राखिएको बाकस जस्ता स्थानीय स्तरमा उपलब्ध वा बालबालिकाद्वारा बनाइएका साङ्गीतिक उपकरणहरू उपलब्ध गराउने साथै यी सामग्रीबाट निकालिएका विभिन्न लयहरूलाई पछ्याउन बालबालिकालाई प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई बनोट र आवाज जस्ता एक-दुई इन्द्रिय विशेषतासँग जोडिने सिपहरू प्रयोग गरी तिनका आधारमा विभिन्न वस्तुहरूको वर्गीकरण गर्ने अवसर दिने । |
| बालबालिका २-३ इन्द्रिय विशेषताहरू प्रयोग गरी वस्तुहरू छुट्याउन सक्षम छन् तर सबै इन्द्रिय विशेषताहरू प्रयोग गर्नचाहिँ सक्षम छैनन् । | कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरूको छनोट । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• इन्द्रिय अङ्गहरूको प्रयोग गरी २-३ विशेषताहरूका आधारमा सामग्रीहरूको स्वतन्त्र खोजी गर्न र तिनलाई छुट्याउन बालबालिकालाई प्रोत्साहित गर्ने । |
| बालबालिका सबै इन्द्रियसँग जोडिएका विशेषताहरूको प्रयोग गरी वस्तुहरू छुट्याउन सक्षम छन् । | सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका क्रियाकलापहरू सँगसँगै बालबालिकालाई एक साथ तीन वा बढी इन्द्रिय गुणहरू प्रयोग गरी विभिन्न वस्तुहरू वर्गीकरण गर्ने अवसरहरू दिने । |

## १. क्षेत्र : शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती

### १.२. उपक्षेत्र : स्वास्थ्य र सरसफाइ

### क) विशिष्ट क्षेत्र : व्यक्तिगत सरसफाइ

**सूचक :** बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू (जस्तैः शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माभ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) प्रयोग गर्न सक्छन् ।




### मूल्याङ्कन क्रियाकलाप

**विधि :** अवलोकन

**आवश्यक सामग्रीहरू :** मूल्याङ्कनको लागि सामग्री आवश्यक छैन । सिकाइ रणनीतिका लागि सरसफाइसम्बन्धी दृश्य सामग्रीहरू (जस्तैः साबुन, ब्रस, मञ्जन आदिका चित्र पत्ती) र ठोस वस्तुहरू प्रयोग गर्नुहोस् ।

**निर्देशनहरू :**

१. बालबालिकाले स्वतन्त्र रूपमा आफैँ आधारभूत स्वावलम्बन सिपहरू[७] शौचालय जाने, खाना खाने, खानाअघि र शौचालयपछि हात धुने आदि) प्रदर्शन गरिरहँदा उनीहरूलाई दिनभरि नै अवलोकन गरिरहनुहोस् । सम्पूर्ण बालबालिकामध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईंले प्रत्येक दिन ५-६ जना बालबालिकाको समूह छान्न सक्नुहुन्छ ।

- ❖ बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

[७]यी पूर्वप्राथमिक/प्रारम्भिक बालहेरचाह तथा शिक्षा (ECCE)अन्तर्गतका शिक्षकहरूले कक्षाकोठामा अवलोकन गर्न सक्ने आधारभूत स्वावलम्बन सिपहरू हुन् । जस्तैः शौचालय जाने, खाना खाने, खानाअघि र शौचालय प्रयोगपछि हात धुने ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्षम छैनन् । | आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने । | सुरुआत | • बालबालिकालाई आधारभूत स्वावलम्बन सिपहरूको अभ्यास गर्ने अवसरहरू उपलब्ध गराउने ।<br>• स्वावलम्बन सिपहरूतर्फ ध्यान तान्न उनीहरूको आँखाको सम्मुखमा पर्ने गरी भित्तामा दृश्य सामग्रीहरू प्रदर्शन गर्ने ।<br>• कुन अभ्यास कुन समयमा प्रदर्शन गर्ने भन्ने बुझ्न बालबालिकालाई मद्दत गर्ने दैनिक कार्यतालिकाका लागि अभिभावक/स्याहारकर्ताहरूसँग सम्पर्क र समन्वय गर्ने ।<br>• बालबालिकालाई कसैको सहयोगमा आधारभूत सरसफाइ अभ्यासहरूको प्रयास गर्न प्रोत्साहित गर्ने (जस्तै: नाक पुछ्ने, हात धुने) । अभिभावकको सहयोगमा दाँत माझ्ने ।<br>• स्वावलम्बन सिपहरूलाई सामान्य चरणहरूमा टुक्र्याउने । प्रत्येक चरण कसरी पूरा गर्ने भनेर विशिष्ट निर्देशनहरू दिने । उदाहरणका लागि- हात धुने सिपलाई विभिन्न चरणमा टुक्र्याउन युनिसेफको गीतलाई प्रयोग गर्न सकिन्छ : हात भिजाऊ, साबुन लगाऊ, दुवै हातलाई सँगै रगड, २०-३० सेकेन्डका लागि धोऊ, हात पखाल, हात पुछ, धारा बन्द गर ।<br>• उनीहरू सँगसँगै आफूले पनि गर्दै प्रत्येक चरण प्रदर्शन गर्ने ।<br>• शौचालय प्रयोगपछि र खानाअघि हात धुने जस्ता आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न बालबालिकालाई प्रोत्साहित गर्ने । |
| बालबालिकाले कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू पूरा गर्न सक्छन् । | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू प्रर्दशन गर्न सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • बालबालिकाले स्वतन्त्र ढङ्गले आधारभूत स्वावलम्बन सिपहरू पूरा गर्ने प्रयास गर्न अवसर पाउँछन् भन्ने सुनिश्चित गर्न अभिभावक/स्याहारकर्ताहरूसँग समन्वय गर्ने ।<br>• स्थानीय कथा, बालकविता, गीत तथा अभिनय निर्वाह आदिका माध्यमबाट बालबालिकासँग असल सरसफाइबानीहरूबारे छलफल गर्ने । असल सरसफाइ बानी पालनाको महत्त्व बुझ्न बालबालिकालाई मद्दत गर्ने ।<br>• शौचालय प्रयोगपछि र खानाअघि हात धुने जस्ता आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न बालबालिकालाई प्रोत्साहित गर्ने । |
| बालबालिका २-३ आधारभूत स्वावलम्बन सिपहरू स्वतन्त्र ढङ्गले पूरा गर्न सक्छन् । | २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रर्दशन गर्न सक्ने । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कसैले नसम्झाई आधारभूत स्वावलम्बन सिपहरू पूरा गर्न बालबालिकालाई प्रोत्साहित गर्ने र त्यसो गरेमा उनीहरूको प्रशंसा गर्ने ।<br>• कक्षागत क्रियाकलापहरूका क्रममा बालबालिकाले गरेका सरसफाइका क्रियाकलाप हेरेर उनीहरूको प्रशंसा गर्ने । |
| बालबालिका अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू स्वतन्त्र ढङ्गले पूरा गर्न सक्छन् । | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## ख) विशिष्ट पक्ष : सुरक्षित अभ्यास

**सूचक :** बालबालिकाले हाँच्छ्युँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने, धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् ।

**सुरुआतमा**
सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न नसक्ने

**प्रगति भइरहेको**
कसैको सहयोगमा सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने

**अगाडि बढिरहेको**
कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्र ढङ्गले पालना गर्ने

**प्राथमिक विद्यालयका लागि तयार**
अधिकांश समय आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** अवलोकन

**आवश्यक सामग्रीहरू :** मूल्याङ्कनका लागि सामग्री आवश्यक छैन । सिकाइ रणनीतिका लागि सुरक्षित अभ्याससम्बन्धी दृश्य सामग्रीहरू, चित्रपत्ती, हातेरुमाल आदि प्रयोग गर्नुहोस् ।

**निर्देशनहरू :**

१. बालबालिकालाई दिनभरि अवलोकन गर्नुहोस् र उनीहरूले हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने, छुरी, बिजुलीका तार, आगो जस्ता हानिकारक वा धारिला वस्तुहरूबाट टाढा रहने जस्ता विभिन्न सुरक्षित अभ्यासहरू कसरी प्रदर्शन गर्छन् भन्ने याद गर्नुहोस् । सम्पूर्ण बालबालिकामध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईंले प्रत्येक दिन ५-६ जना बालबालिकाको समूह छान्न सक्नुहुन्छ ।

❖ बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका सुरक्षित अभ्यास प्रस्तुत गर्न सक्षम छैनन् । | सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न नसक्ने । | सुरुआत | • सुरक्षित अभ्यास र सुरक्षा नियमहरूका विषयमा बालबालिकासँग नियमित रूपमा कुराकानी गर्ने ।<br>• अभिनय, कथावाचन र निर्देशित कुराकानी जस्ता विविध क्रियाकलापहरूको माध्यमबाट बालबालिकालाई विभिन्न किसिमका विपत्, खतरा र सुरक्षित अभ्यासहरूका विषयमा जानकारी र सचेत गराउने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • सुरक्षित अभ्यासहरूसँग सम्बन्धित केही चिह्न वा दृश्य सामग्रीहरू बालबालिकाको आँखाको सम्मुखमा पर्ने गरी भित्तामा प्रदर्शन गर्ने । बालबालिकालाई ती चिह्नहरू चिन्न मद्दत गर्ने ।<br>• सुरक्षित रूपमा खेल्ने बारेमा स्पष्ट निर्देशनहरू दिने । |
| बालबालिकाले कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रस्तुत गर्न सक्छन् । | कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका क्रियाकलापसँगै कक्षाकोठामा सुरक्षित अभ्यासहरूको प्रदर्शन गर्ने (किनभने अधिकांश बालबालिकाले ती कामलाई अनुशरण गर्न प्रयास गर्नेछन् ।)<br>• बालबालिकालाई हाँच्छ्युँ गर्दा सफा रुमाल वा कागजले नाक र मुख ढाक्ने जस्ता आधारभूत सुरक्षित अभ्यासहरू पालना गर्न प्रोत्साहित गर्ने ।<br>• सम्भावित विपत् र खतराहरूबारे कुरा गर्न चित्रपत्तीहरूसहित कथाहरूको प्रयोग गर्ने र त्यससँग सम्बन्धित प्रश्नहरू सोध्ने । जस्तैः उनीहरूलाई असुरक्षित अभ्यासहरू पहिचान गर्न, किन कुनै खास अभ्यास असुरक्षित छ र त्यस्तो अवस्थामा कसरी प्रतिक्रिया जनाउने आदि कुराहरू सोध्ने । |
| बालबालिका कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू प्रस्तुत गर्न सक्छन् । | कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्र ढङ्गले पालना गर्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कक्षाकोठाका लागि सुरक्षा नियमहरू तयार पार्न बालबालिकालाई सहभागी गराउने ।<br>• कक्षाकोठामा सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न बालबालिकालाई प्रोत्साहित गर्ने र त्यस्ता कार्य गर्दा प्रशंसा गर्ने । |
| बालबालिका अधिकांश समय सुरक्षित अभ्यासहरू स्वतन्त्र ढङ्गले प्रस्तुत गर्न सक्छन् । | अधिकांश समय आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका सबै स्तरहरूका सिकाइ क्रियाकलापहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई अभिनय गर्ने र सुरक्षित अभ्याससम्बन्धी उनीहरूको बुझाइ प्रस्तुत गर्ने अवसरहरू उपलब्ध गराउने । |

## २. क्षेत्र : भाषिक विकास

### २.१. उपक्षेत्र : सञ्चार

### क) विशिष्ट पक्ष : सुनाइ

**सूचक :** बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् ।

**सुरुआतमा**
कथा वा कुराकानीमा ध्यान नदिने

**प्रगति भइरहेको**
कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने (जस्तै- अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि)

**अगाडि बढिरहेको**
कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तै- के, कहिले, को ?) प्रतिक्रिया जनाउने

**प्राथमिक विद्यालयका लागि तयार**
कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तै- किन र कसरी) प्रतिक्रिया जनाउने

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** कथा, खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।)

**आवश्यक सामग्रीहरू :** कुनै पनि बालकथाको पुस्तक

**निर्देशनहरू :**

१. सबै बालबालिकालाई कुनै सामान्य तर रमाइलो कथा सुनाउनुहोस् । यस क्रियाकलापको अर्को स्तरमा जानुअघि यो कथा कम्तीमा २-३ पटक (केही समय भित्रमा) सुनाउनुहोस् ।

- ❖ कथा सुनिरहँदा बालबालिकाले कत्तिको ध्यान दिइरहेका छन् भनेर अवलोकन गर्नुहोस् । उनीहरूको अनुहारको भाव, शारीरिक अभिव्यक्ति, हाउभाउमा ध्यान दिनुहोस् । तपाईंले कथा सुनाउँदा बालबालिकाले प्रश्न गर्छन् वा ध्यान दिँदैनन्, जस्तै: अरू बालबालिकासँग गफ गर्ने वा खेलौनासँग खेल्ने वा अन्य क्रियाकलापमा आफूलाई व्यस्त राख्ने गर्छन् कि हेर्नुहोस् ।
    - कथा सुनिरहँदा ध्यान नदिने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
    - कथा सुनिरहँदा ध्यान दिने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. कथा सुनाउँदा ध्यान दिने बालबालिकालाई छनोट गर्नुहोस् । छनोट भएकामध्ये एकपटकमा एकजनालाई निम्नानुसारका सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू सोध्नुहोस् :

- ❖ "पात्रको नाम के थियो ?" वा "कथामा कुनै निश्चित काम कसले गऱ्यो ?"
    - सामान्य प्रश्नको जवाफ दिन नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
    - सामान्य प्रश्नको जवाफ दिन सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

❖ उक्त बालबालिकालाई केही जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरू सोध्नुहोस् जस्तैः "कुनै खास पात्रले किन कुनै काम (कथामा पात्रले गरेको) गर्‍यो ?" वा "पात्रलाई कस्तो लाग्यो होला भन्ने तिमीलाई लाग्छ ?")

- तपाईंको पटक पटकको अवलोकनको आधारमा केही जटिल प्रश्नहरूको जवाफ दिन नसक्ने बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| कथा सुनाउँदा बालबालिका ध्यान दिन सक्दैनन् । | कथा वा कुराकानीमा ध्यान नदिने । | सुरुआत | • बालबालिकाले दैनिक कम्तीमा एउटा कथा सुनाउने ।<br>• कथामा बालबालिकाले मन पराउने/उनीहरूलाई रुचि लाग्ने कुराहरू समावेश गर्ने ।<br>• कथा सुनाउनुअघि चित्र पुस्तकको पूर्वसमीक्षा गर्ने । पुस्तकको नाम र कथा पुस्तकको आवरणमा आधारित भएर घटनाको अनुमान गर्न बालबालिकालाई प्रोत्साहित गर्ने ।<br>• बालबालिकासँग पर्याप्त समय दिएर अन्तरक्रिया गर्ने । उनीहरूले भाषिक विकाससँग सम्बन्धित चुनौतीहरू अनुभव गरेका छन् कि भनी बुझ्न उपयुक्त प्रश्नहरू राख्ने ।<br>• बालबालिकालाई प्रश्न सोध्ने अवसर दिने । |
| कथा सुनाउँदा बालबालिकाले ध्यान दिन्छन् तर सामान्य प्रश्नहरूको उत्तर दिन सक्दैनन् । | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने । (जस्तैः अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | प्रगति भइरहेको | • दैनिक रूपमा बालबालिकालाई कथाहरू सुनाउने । आवश्यकताअनुसार कथाहरू दोहोर्‍याउने वा नयाँ कथा भन्ने । कथाका विषयवस्तु बालबालिकाका लागि रुचिकर छन् कि छैनन् भन्ने सुनिश्चित गर्ने ।<br>• कथा प्रस्तुत गरिरहँदा बालबालिकालाई अवलोकन गर्ने । उनीहरूले ध्यान नदिनु पछाडिका कारणहरूबारे बुझ्ने प्रयास गर्ने । बालबालिकासँग उनीहरूले बुझ्ने गरी नम्र आवाजमा कुराकानी गर्ने । (त्यसले उनीहरूको बोध गर्ने कार्यमा मद्दत गर्न सक्छ ।) |


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • कथा सुनाइरहँदा पात्रहरूसँग सम्बन्धित प्रश्नका साथै जिज्ञासा/उत्सुकता बढाउने वा समस्या समाधान गर्ने प्रश्नहरू जस्तैः "अब के हुन्छ भन्ने लाग्छ ?", "कसले त्यस्तो गर्छ होला ?" आदि प्रश्नहरू बालबालिकालाई सोध्ने ।<br>• बालबालिकाको बोध गर्ने क्षमता तथा सिपको विकासमा मद्दत गर्न उनीहरू अपरिचित रहेका शब्द र अवस्थाहरूलाई चित्र तथा व्यवहारिक वस्तुको माध्यमबाट स्पष्ट पार्ने । |
| बालबालिकाले सही तरिकाले सामान्य प्रश्नहरूको जवाफ दिन्छन् तर जटिल प्रश्नहरूको उत्तर दिन सक्दैनन् । | कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तैः के, कहिले, को ?) प्रतिक्रिया जनाउने । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई कथाहरू पुनर्कथन गर्न वा त्यस कथासँग सम्बन्धित महत्त्वपूर्ण घटनाहरूबारे कुराकानी गर्न प्रोत्साहित गर्ने ।<br>• कथाका घटनाहरूको क्रमका साथै कथामा उनीहरूले के मन पराए वा के मन पराएनन् भनी छलफल गराउने ।<br>• कथाका केही घटनाहरूबारे सोच्न र ती घटनाहरू किन र कसरी भए होलान् भन्ने विषयमा कुराकानी गर्न बालबालिकालाई स्पष्ट रूपमा प्रोत्साहित गर्ने । |
| बालबालिकाले सही तरिकाले जटिल प्रश्नहरूको जवाफ दिन्छन् । | कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन र कसरी) प्रतिक्रिया जनाउने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई फरक तरिकाले सोच्न, कथालाई परिवर्तन गर्न वा उनीहरूले सुनेका कथालाई पुतली, खेलौना जस्ता विभिन्न सामाग्रीहरू प्रयोग गरी अभिनय गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिका स्वयम्लाई कथा बनाउन प्रोत्साहित गर्ने । |

## २. क्षेत्र : भाषिक विकास

### २.२. उपक्षेत्र : साक्षरता

### क) विशिष्ट पक्ष : पूर्वपढाइ

**सूचक :** बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई अक्षरहरूसँग जोड्न सक्षम छन् ।




### मूल्याङ्कन क्रियाकलाप

**विधि :** समूहगत क्रियाकलाप

**आवश्यक सामग्रीहरू :** चित्र पुस्तक/कथा पुस्तक, अक्षर पत्ती/चार्ट, अक्षरसँग जोडिने चित्रहरू

**निर्देशनहरू :**

१. यो मूल्याङ्कन क्रियाकलाप स्वतन्त्र खेलका क्रममा विभिन्न सिकाइ क्षेत्रमा गर्ने योजना बनाउनुहोस् । तपाईं पढाइ क्षेत्र(कुना)मा जान सक्नुहुन्छ वा बालबालिकालाई बोलाउन (एक पटकमा एक जना) सक्नुहुन्छ । यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्दा ४-५ बालबालिकाको समूहलाई छनोट गर्नुहोस् । स्वतन्त्र खेल सत्रको बीचमा वा अन्त्यमा अर्को सिकाइ क्षेत्रमा संलग्न बालबालिकासँग अन्तरक्रियाका लागि पर्याप्त समय करिब १०-१२ मिनेट) मिलाउनुहोस् ।

- ❖ बालबालिकालाई माथिको तल गरेर (उल्टो पारेर) कथाको किताब दिनुहोस् । बालबालिकालाई किताबको आवरण पृष्ठ (गाता) देखाउन भन्नुहोस् ।
  - ○ किताबको आवरण पृष्ठ देखाउन नसक्ने बालबालिका भए फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - ○ किताबको आवरण पृष्ठ देखाउन सक्ने बालबालिका भए यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. किताबको आवरण पृष्ठ देखाउन सक्ने बालबालिकालाई "मैले कथा पढ्न चाहें भने कहाँबाट पढ्न सुरु गर्नुपर्छ ?" भनेर सोध्नुहोस् ।

- ❖ पहिलो शब्द पढ्नुहोस् र त्यसपछि के पढ्नुपर्छ भनेर बालबालिकालाई सोध्नुहोस् ।
  - ○ बालबालिकाले चित्र र पाठ बीचको फरक पहिचान गरी अब पढ्नु पर्ने भनी पाठ देखाउन सके भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - ○ बालबालिका चित्र र पाठबीचको फरक पहिचान गर्न नसक्ने भए यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. किताबको पृष्ठमा भएको लिखित पाठ पढ्नुहोस् ।

❖ माथिको क्रियाकलापमा पाठलाई चित्रबाट अलग गर्न सकेका बालबालिकालाई "म अब के गर्छु ? यहाँबाट कतातिर पढ्दै जान्छु ?" भनेर सोध्नुहोस् ।

○ बालबालिकाले पढ्ने दिशा बताउन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।

○ बालबालिकाले पढ्ने दिशा बताउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

४. माथिको क्रियाकलापमा पाठको दिशा बताउन सक्ने बालबालिकाको अगाडि अक्षरपत्ती/चार्ट राखिदिनुहोस् ।

❖ बालबालिकालाई चार्टबाट ५-६ ओटा अक्षरहरू पहिचान गर्न/चिन्न लगाउनुहोस् ।

❖ पहिचान गरेका अक्षरहरू बालबालिकाको अगाडि राख्नुहोस् । अब केही चित्रपत्तीहरू उनीहरूका अगाडि राख्नुहोस् र चित्र चिन्न लगाउनुहोस् । चित्रको पहिलो अक्षरका आधारमा उनीहरूलाई अक्षरपत्ती र चित्रपत्तीको जोडा मिलाउन लगाउनुहोस् ।

○ तपाईंको पटक पटकको अवलोकनको आधारमा बालबालिका सबै अक्षरहरू चिन्न र तिनलाई सम्बन्धित चित्रसँग जोडा मिलाउन सक्दैनन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका किताबको आवरण पृष्ठ चिन्न सक्षम तर पाठ र चित्रहरूमा फरक छुट्याउन नसक्ने छन् । | पुस्तकको पहिलो पाना चिन्ने । | सुरुआत | • बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा पर्याप्त पठन सामग्रीहरू रहेको सुनिश्चित गर्ने । (उदाहरणका लागि कथा पुस्तकहरू र चित्र सामग्रीहरू) ।<br>• बालबालिकालाई किताब र अन्य छापा सामग्रीहरू चलाउन र तीसँग खेल्न/अन्तरक्रिया गर्न प्रोत्साहित गर्ने । (जस्तै: किताबको आवरण चिन्ने वा पाना पल्टाउने)<br>• बालबालिकासँग तस्बिर र चित्रहरू देखाउँदै तिनका बारेमा कुराकानी गर्ने ।<br>• रुचिकर शब्द र वस्तुहरूबारे कुराकानी गरी बालबालिकाको शब्दभण्डार विकास गराउने ।<br>• बालबालिकालाई किताबका चित्रहरू देखाउने र त्यसमा कथा बनाउने कुरामा प्रोत्साहित गर्ने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका किताबका पाठ र चित्रहरूमा फरक छुट्याउन सक्ने तर पाठको दिशा देखाउन नसक्ने छन् । | चित्रहरू र पाठ छुट्याउन सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिसँगै विभिन्न प्रकारका चित्र पुस्तकहरू उपलब्ध गराई बालबालिकालाई अरू बालबालिकासँगै पढेजस्तो गर्ने अवसर प्रदान गर्ने ।<br>• बालबालिकाका लागि प्रत्येक दिन औँलाले बायाँबाट दायाँतिर देखाउँदै पाठहरू पढिदिने । |
| बालबालिकाले पाठको दिशा देखाउन सक्छन् तर अक्षर चिन्न र तिनलाई सम्बन्धित चित्रसँग जोडा मिलाउन सक्दैनन् । | पाठको दिशा (लेखाइ कथाबाट कतापट्टि जान्छ) भन्ने बुझ्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूसँगै विभिन्न वस्तुहरूको नाम तिनमा टाँस्ने र बालबालिकालाई ती अक्षर वा शब्द पढ्न प्रोत्साहित गर्ने ।<br>• ध्वनिहरू बीचको फरक बालबालिकालाई बुझाउन र शब्दहरू स्वतन्त्र ध्वनिहरूबाट बनेका हुन्छन् भन्ने बुझाउन लय (अन्त्यानुप्रास) भएका र अन्य शब्दसँग सम्बन्धित खेलहरूको प्रयोग गर्ने ।<br>• बालबालिकालाई अक्षरहरू देखाउने र उनीहरूले ती अक्षरहरू चिने कि चिनेनन् स्पष्ट हुने ।<br>• बालबालिकालाई अक्षरहरू चिनाउन र बुझाउन स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूको प्रयोग गर्ने । उदाहरणका लागि, बालबालिकासँगै एउटा अक्षर लिने र उनीहरूलाई वरिपरिबाट त्यस अक्षरसँग सम्बन्धित वस्तु पत्ता लगाउन प्रोत्साहित गर्ने । बालबालिकालाई उनीहरूले भेटे जति र सकेजति वस्तु सङ्कलन गर्न र चिन्न प्रोत्साहित गर्ने ।<br>• नयाँ शब्दहरू सिकाउनका लागि स्थानीय बालगीत, कथा र कविताहरूको प्रयोग गर्ने । |
| बालबालिका अक्षर चिन्न र तिनलाई सम्बन्धित चित्रसँग जोडन मिलाउन सक्षम छन् । | अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूले उल्लेख गरेका अभ्यासहरूलाई निरन्तरता दिने । |

## ख) विशिष्ट पक्ष : पूर्वलेखाइ

**सूचक :** बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्दछन् ।

**सुरुआतमा**
लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्ने

**प्रगति भइरहेको**
लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने

**अगाडि बढिरहेको**
आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने

**प्राथमिक विद्यालयका लागि तयार**
दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने)

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** व्यक्तिगत खेल

**आवश्यक सामग्रीहरू :** कागज, रङ्गीन सिसाकलम, सिसाकलमहरू

**निर्देशनहरू :**

१. प्रत्येक बालबालिकालाई कागजको टुक्रा र रङ्गीन सिसाकलम/सिसाकलम/रङ भर्न मिल्ने कलम दिनुहोस् । उनीहरूलाई मन लागेको केही चित्र बनाउन र उनीहरूले के बनाए भन्ने बारेमा केही लेख्न भन्नुहोस् । उनीहरूले आफ्ना चित्रबारे के लेखे भन्ने आधारमा बालबालिकाको स्तर निर्धारण गर्नुहोस् ।

❖ तपाईंको पटक पटकको अवलोकनको आधारमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्छन् । | लेखनको प्रतिनिधित्वस्वरूप केरकार पार्ने । | सुरुआत | • कोर्न वा चित्र बनाउन वा आकारहरूमाथि लेख्न बालबालिकालाई अवसर र सामग्रीहरू उपलब्ध गराउने ।<br>• बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा बालबालिकाले कोर्ने वा लेख्ने स्थानको व्यवस्था गर्ने ।<br>• बालबालिकालाई चित्र कोर्न प्रोत्साहित गर्ने र उनीहरूले के बनाएका हुन् भनेर उनीहरूसँग कुराकानी गर्ने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • कक्षाको केन्द्रमा कुनै निश्चित वस्तु राख्ने र त्यसको नाम लेखेर टाँस्ने र लेखिएका शब्दहरूमा बालबालिकाको ध्यान खिच्ने । |
| बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप कागजमा आकारहरू कोर्दछन् । | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिसँगै बालबालिकालाई चित्र बनाउन र उनीहरू स्वयम्लाई अभिव्यक्त गर्न प्रोत्साहित गर्ने । उनीहरूले बनाएको चित्रबारे बालबालिकासँग कुराकानी गर्ने । चित्रका बारेमा उनीहरूले भनेका कुरा लेख्ने ।<br>• बालबालिकालाई मानिसका चित्रहरू बनाउन प्रोत्साहित गर्ने (उनीहरूलाई सबैभन्दा बढी मनपर्ने मान्छे, परिवारका सदस्यहरू आदि) । उनीहरूलाई केही विस्तृत रूपमा शरीरका विभिन्न अङ्गहरूको चित्र बनाउन पनि लगाउने । |
| बालबालिकाले देब्रेबाट दाहिनेतिरको दिशा पछ्याउँदै लेखेकोजस्तो गर्छन् वा अक्षरजस्तो देखिने आकारसँग मिल्दोजुल्दो नक्कली अक्षरहरू प्रयोग गर्छन् । | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेकोजस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई मानिसका चित्रहरू बनाउन प्रोत्साहित गर्ने (उनीहरूलाई सबैभन्दा मनपर्ने मान्छे, परिवारका सदस्यहरू आदि) । बालबालिकालाई कसरी मानिसहरू फरक-फरक देखिन्छन् भनेर हेर्न र आफ्ना चित्रहरूमा ती विस्तृत कुराहरू देखाउन प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई कक्षाकोठाभित्र र वरिपरि लेखेर टाँसिएका कुरा/चिह्नहरू लेख्न/नक्कल गर्न प्रोत्साहित गर्ने । |
| बालबालिकाले आफ्ना चित्रबारे लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्छन् (आफ्नो उच्चारणका आधारमा अक्षरहरू लेख्ने) । | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेका प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई माटो, बालुवा, पिठो, हावा आदिमा अक्षरहरू लेख्न लगाउने । |

## ३. क्षेत्रः बौद्धिक विकास

### ३.१. उपक्षेत्र : संज्ञानात्मक विकास

### क) विशिष्ट पक्ष : बौद्धिक सिप

**सूचक :** बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् ।

**सुरुआतमा**

कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमवद्ध रुपमा गर्न नसक्ने

**प्रगति भइरहेको**

कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने

**अगाडि बढिरहेको**

कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने

**प्राथमिक विद्यालयका लागि तयार**

कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने

## मूल्याङ्कन क्रियाकलाप

**विधि :** व्यक्तिगत खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस्)

**आवश्यक सामग्रीहरू :** रङ्गीन सिसाकलम र खाली कागजको पाना चित्रपत्ती

**निर्देशनहरू :**

१. घटना वा दैनिक क्रियाकलापहरूबारे कुराकानी गर्न सबै बालबालिकासँग खुला वा निर्देशित छलफल गर्ने क्रियाकलापको योजना बनाउनुहोस् । उदाहरणका लागि, बालबालिकाको बिहान वा सुत्न जानुअगाडिको दैनिक कार्यतालिकाबारे कुराकानी गर्नुहोस् वा बालबालिकासँग एउटा वनभोजको योजना बनाउनुहोस् । विभिन्न प्रकारका घटना/दैनिकीहरूका बारेमा कुराकानी गर्न र यी क्रियाकलाप/दैनिकीहरूको क्रम बालबालिकालाई बुझाउन चित्रपत्तीहरू तयार गर्न र प्रयोग गर्न सक्नुहुन्छ ।

२. यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्न ४-५ बालबालिकाको एउटा समूह (दैनिक रूपमा) छनोट गर्नुहोस् । बालबालिकालाई (एक पटकमा एक जना) बोलाउनुहोस् र दैनिकी वा कुनै घटनासँग सम्बन्धित ५ ओटासम्म क्रियाकलापहरूका चित्रपत्तीहरू देखाउनुहोस् । बालबालिकालाई ती चित्रपत्तीहरू चिन्न र क्रमानुसार मिलाउन लगाउनुहोस् । छानिएका बालबालिकासँग तपाईंले यो क्रियाकलाप गरिरहँदा बाँकी बालबालिकालाई कथामा प्रदर्शन गरिएका कुराहरू वा अन्य क्रियाकलाप/घटनाहरूका चित्रपत्तीहरू अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् ।


   ❖ बालबालिकालाई अवलोकन गर्नुहोस् र कसले चित्रपत्तीहरू क्रमबद्ध रूपमा राख्न सके र कसले सकेनन् भन्ने याद गर्नुहोस् । तपाईंको पटक पटकको अवलोकनका आधारमा यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले कम्तीमा दुई क्रियाकलाप क्रमबद्ध हुने गरी चित्रपत्तीहरू मिलाउन सक्दैनन् । | कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने । | सुरुआत | • घटनाहरूको क्रमबारे कुराकानी गर्न विभिन्न क्रियाकलापहरूको प्रयोग गर्ने । उदाहरणका लागि, कथामा भएका घटनाहरूको व्याख्या गर्न कथा सुनाउने ।<br>• बालबालिकालाई दैनिक क्रियाकलापसम्बन्धी कुराकानीमा सहभागी गराउने । क्रियाकलाप गरिरहँदा बालबालिकासँग कुराकानी गर्ने र सहजकर्ताले त्यसमा पूरा गरेका चरणहरू क्रमबद्ध रूपमा व्याख्या गर्न बालबालिकालाई आग्रह गर्ने ।<br>• क्रमका बारेमा कुराकानी गर्न चित्र वा दृश्यहरूको प्रयोग गर्ने ।<br>• क्रम के हो भनेर बालबालिकालाई बुझ्न मद्दत गर्दा सङ्केत/चित्रहरू प्रयोग सुनिश्चित गर्ने । |
| बालबालिकाले सही क्रममा २ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू मिलाउन सक्छन् । | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकाले जाने-बुझेको बालकविता प्रयोग गर्ने । त्यसलाई गाइरहँदा बेला बेलामा रोकिने र बालबालिकालाई कवितामा भएको ठिक शब्दहरूले त्यसलाई पूरा गर्न प्रोत्साहित गर्ने ।<br>• २ चरण भएका पत्तीहरू तयार गरी प्रयोग गर्ने ।<br>• क्रम के हो भनी बुझ्न बालबालिकालाई मद्दत गर्नका लागि सङ्केत प्रश्नहरू गर्ने । जस्तैः अब के आउँछ ? वा तिमी उठ्नेबित्तिकै तिमीले गर्ने पहिलो काम के हो ? आदि । |
| बालबालिकाले सही क्रममा ३-४ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू मिलाउन सक्छन् । | कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका सिकाइ अभ्यासहरूलाई निरन्तरता दिने ।<br>• ३ देखि ५ क्रमबद्ध चरण भएका चित्रपत्तीहरू तयार गरी प्रयोग गर्ने । ३ चरणको क्रमबाट सुरु गर्ने र बालबालिका तयार भएपछि तिनलाई चुनौती थप्न ५ चरणसम्मको विकास गर्ने । |
| बालबालिकाले सही क्रममा कम्तीमा ५ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू मिलाउन सक्छन् । | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका सिकाइ अभ्यासहरूलाई निरन्तरता दिने । |

## ख) विशिष्ट पक्ष : वर्गीकरण

**सूचक :** बालबालिकाले फरक-फरक विशेषताहरू (आकार, नाप वा रङ)का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् ।




### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस्)

**आवश्यक सामाग्रीहरू :** स्थानीय रूपमा उपलब्ध सामग्रीहरू - उदाहरणका लागि- पातहरू, ढुङ्गाहरू, गट्टाहरू, फूलहरू, गोटीहरू, कपडाका टुक्राहरू, बोतलका बिर्कोहरू, कलमहरू, रङ/रङ्गीन सिसाकलम/सिसाकलम र ब्लकहरू

**निर्देशनहरू :**

**कृपया याद गर्नुहोस् :** यो क्रियाकलाप सञ्चालनका लागि बालबालिकासँग आधारभूत रङ, आकार, नाप आदि पहिचान गर्ने सिप र त्यसका लागि उनीहरूसँग आवश्यक शब्दभण्डार हुनुपर्दछ ।

१. बालबालिकालाई बालविकास केन्द्रक्षेत्र वा बाहिरबाट कुनै १० सामग्रीहरू सङ्कलन गर्न लगाउनुहोस् ।

२. (एक-एक जना गर्दै) बालबालिकासम्म पुग्नुहोस् र उनीहरूले गरेका सङ्कलनबाट कुनै एक विशेषताका आधारमा वर्गीकरण गर्न सकिने सामग्रीहरू छान्नुहोस् । उदाहरणका लागि- तलका छानिएका सामग्रीहरूमा एउटा विशेषताका आधारमा वर्गीकरण गर्नका लागि हामी बालबालिकालाई प्रोत्साहित गर्न सक्छौं ।



- एउटा निश्चित रङ्गका आधारमा छानिएका सामग्रीहरूको वर्गीकरण गर्न बालबालिकालाई लगाउनुहोस्। उदाहरणका लागि, पहेँलो रङका आधारमा वस्तुहरूको वर्गीकरण गर्ने ।
  - बालबालिकाले सबै पहेँला वस्तुहरू छुट्याउन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - बालबालिकाले सबै पहेँला रङका वस्तुहरू छुट्याउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. एक विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका बालबालिकाका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।

- बालबालिकालाई रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि, सामग्रीहरूको थुप्रोबाट सबै पहेँला र गोलो आकारका सामग्रीहरू वा सबै पहेँला र खस्रो बनोटका सामग्रीहरू वर्गीकरण गर्न बालबालिकालाई आग्रह गर्नुहोस् ।
    - ○ बालबालिकाले सबै पहेँलो रङ र गोलो आकारका वस्तुहरू छुट्याउन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- बालबालिकाले सबै पहेँलो रङ र गोलो आकारका वस्तुहरू छुट्याउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

४. दुई विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका बालबालिकाका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।

❖ बालबालिकालाई नाप, रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि- सामग्रीहरूको थुप्रोबाट सबै ठुला, पहेँला र गोला आकारका सामग्रीहरू वर्गीकरण गर्न बालबालिकालाई आग्रह गर्नुहोस् ।

○ तीन ओटा विशेषताहरूका आधारमा वस्तुहरू छुट्याउन नसक्ने बालबालिका छन् भने यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले कुनै एक विशेषतामा आधारित भएर वस्तुहरू छुट्याउन सक्दैनन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने । | सुरुआत | • बालबालिकालाई विविध रङ र आकारका विभिन्न सामग्रीहरू उपलब्ध गराउने र उनीहरूलाई ती सामग्रीसँग खेल्न र खोजी गर्न अवसर दिने ।<br>• रङ र आकारसम्बन्धी कुराकानी गर्न ठोस सामग्री/वस्तुहरूको प्रयोग गर्ने । विशेषताहरू (जस्तैः वृत्तमा कुनै कुना हुँदैन, त्रिभुजका तीन भुजाहरू हुन्छन्) र समानता (जस्तैः सबै चक्काहरू गोलाकार छन्, जब कि बाकसहरू आयताकार/वर्गाकार बढी हुन्छन्) बारे छलफल गर्ने ।<br>• कुनै वस्तु वा सामग्रीका बारेमा कुराकानी गर्दा त्यसका रङ वा आकारबारे कुरा गर्न जोड दिने (जस्तैः पातहरू हरिया हुन्छन्, आकाश निलो छ, सूर्य पहेँलो छ आदि) ।<br>• रङ र आकारहरूलाई तिनका नामहरूसहित पहिचान गर्न बालबालिकालाई आग्रह गर्ने । उनीहरूले आकारहरूको पहिचान गर्न नसकेमा तिनको नाम भनिदिने साथै |


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | आकार र रङका नाम उनीहरूको दैनिक शब्दभण्डारका भागहरू हुन् भनेर सुनिश्चित गर्ने । रङ र आकारहरूका नामहरू गीत, कविता र कथाहरूका माध्यमबाट दोहोर्‍याउने । |
| बालबालिकाले कुनै एक विशेषतामा आधारित भएर वस्तुहरू छुट्याउन सक्छन् । जस्तै: रङ, आकार, नाप आदि । | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने । | प्रगति भइरहेको | • बालबालिकालाई विविध रङ र आकारका (प्राथमिक रङहरू र आधारभूत आकारहरूमा मात्र सीमित नभई) विभिन्न सामग्रीहरू उपलब्ध गराउने । उनीहरूलाई ती सामग्रीसँग खेल्न र खोजी गर्न अवसर दिने ।<br>• वस्तुको बनोट तथा कार्यगत विशेषताहरूबारे कुराकानी गर्न ठोस वस्तुहरू प्रयोग गर्ने (खस्रो, चिल्लो, काँडेदार आदि) कार्यगत विशेषता- सिसाकलमले के काम गर्छ- कागजमा लेख्न प्रयोग गर्न सकिन्छ, बुरुस दाँत माझ्न प्रयोग हुन्छ आदि ।<br>• एउटा वस्तुबाट अर्को कसरी छुट्याउने भन्ने कुरा बताउन बालबालिकालाई प्रोत्साहित गर्ने ।<br>• विभिन्न मापदण्ड प्रयोग गरी फरक-फरक वस्तुहरू वर्गीकरण गर्न बालबालिकालाई अवसरहरू दिने । |
| बालबालिकाले कुनै दुई विशेषताहरूमा आधारित भएर वस्तुहरू छुट्याउन सक्छन् । जस्तै: रङ, आकार, नाप आदि । | कुनै दुई विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने । | अगाडि बढिरहेको | • माथिका दुवै स्तरमा उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कुनै वस्तुबारे कुरा गर्दा त्यसको रङ वा आकारमा मात्र सीमित नभई कुनै दुई गुणहरूका बारेमा पनि कुरा गर्नेमा जोड दिने । (जस्तै: रुखका पातहरू हरिया हुन्छन् तर मौसम परिवर्तन हुँदा तिनका रङ परिवर्तन हुन्छन् र ती झर्छन्, झर्दा पातहरूको रङ कस्तो हुन्छ ?) आदि । |
| बालबालिकाले कुनै तीन विशेषताहरूमा आधारित भएर वस्तुहरू छुट्याउन सक्छन् । जस्तै: रङ, आकार, नाप आदि । | सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई दुई वा बढी मापदण्डहरू एक साथ प्रयोग गरी विभिन्न वस्तुहरू वर्गीकरण गर्ने अवसरहरू दिने । ३ विशेषता छुट्टिने गरी उदाहरण दिने । |

## ३. क्षेत्र: बौद्धिक विकास

### ३.२. उपक्षेत्र : बौद्धिक विकास

### क) विशिष्ट पक्ष : वैज्ञानिक खोज

**सूचक :** बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्दछन् । साथै मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्दछन् (जस्तो कि - झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने आदि) ।




## मूल्याङ्कन क्रियाकलाप

**विधि :** व्यक्तिगत क्रियाकलाप

**आवश्यक सामग्रीहरू :** विभिन्न प्रकारका मौसम देखाउने चित्रपत्ती र सम्बन्धित चित्रहरू

**निर्देशनहरू :**

१. यो मूल्याङ्कन क्रियाकलाप अन्य बालबालिका चित्र बनाउने, चउरमा खेल्ने जस्ता केही क्रियाकलापमा सहभागी भइरहँदा वा तपाईंको सुविधाअनुसारको समयमा गर्नुहोस् । ४-५ मौसमका चित्रपत्तीहरू देखाउनुहोस् (जस्तैः घाम लागेको, बादल लागेको, हावा चलेको, पानी परेको, हिउँ परेको, मेघ गर्जिएको, वर्षा भइरहेको आदि) ।

   ❖ बालबालिकालाई ती चित्रपत्तीहरू चिन्न लगाउनुहोस् ।

   - बालबालिकाले कुनै पनि मौसम चिन्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
   - बालबालिकाले कुनै पनि एक मौसम चिन्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. विभिन्न प्रकारका मौसमसँग सम्बन्धित केही वस्तुहरू बालबालिकाको अगाडि राख्नुहोस् (जसले माथिको क्रियाकलापमा कुनै एक मौसम चिन्न सकेका छन्) । उदाहरणका लागि- पानी परेको मौसमका लागि छाता, हिउँदका लागि ऊनीका कपडा वा गर्मी मौसमका लागि पङ्खा । पहिलो पटक सामग्री देखाउँदा ती वस्तुहरू सम्बन्धित मौसमको अघि नराख्नुहोस् । वस्तु वा वस्तु भएको चित्रपत्ती छासमिस पारेर राख्नुहोस् ।

   ❖ बालबालिकालाई वस्तु वा वस्तुका चित्रसँग सम्बन्धित मौसमलाई जोडा मिलाउन लगाउनुहोस् ।

   - तपाईंको पटक पटकको अवलोकनमा आधारित हुँदा कुनै एक मौसमसँग दिइएको वस्तु मिलाउन नसक्ने बालबालिका छन् भने यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले एक प्रकारको मौसम पनि चिन्न सक्दैनन् । | मौसम पहिचान गर्न नसक्ने । | सुरुआत | • बालबालिकालाई वातावरणसँग सम्बन्धित विभिन्न अवधारणाहरूसँग परिचित हुने अवसर उपलब्ध गराउने । उदाहरणका लागि- बालबालिकाको आँखामा पर्ने गरी चित्रहरूसहित मौसमसम्बन्धी सूचना प्रदर्शन गर्ने ।<br>• विभिन्न प्रकारका मौसममा गरिने व्यवहार तथा प्रभावसम्बन्धी अनुभवहरू सुनाउने । जस्तै: विभिन्न मौसमले हिँडडुल गर्दा, पोसाक लगाउँदा, पार्ने प्रभावका विषयमा कथा कविता सुनाउने ।<br>• बालबालिकालाई सबै इन्द्रियहरू प्रयोग गरी मौसमको अवलोकन गर्न प्रोत्साहित गर्ने साथै विभिन्न प्रकारका मौसमका लागि उपयुक्त खानेकुराबारे छलफल गर्ने ।<br>• बालबालिकालाई विभिन्न मौसमी घटनाहरूसँग परिचित बनाउन स्थानीय गीत र बालकविताहरूको उपयोग गर्ने । |
| बालबालिकाले १-२ प्रकारका मौसम चिन्न सक्छन् । | कुनै एक दुई प्रकारका मौसमहरूपहिचान गर्न सक्ने । | प्रगति भइरहेको | |
| बालबालिकाले १-२ प्रकारका मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् । | पहिचान गरेको मौसम र सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई मौसमबारे ध्यान दिन प्रोत्साहित गर्ने र तीसँग सम्बन्धित विषयमा सोच्न उत्साहित बनाउने । उदाहरणका लागि- मौसमका बारेमा सिकाइरहँदा बालबालिकालाई "बाहिर घाम चर्को हुँदा उनीहरूलाई कस्तो हुन्छ ?", "गर्मी हुँदा के लगाउने वा जाडो हुँदा के लगाउने ?" आदि प्रश्न सोध्ने । बालबालिकालाई सहभागी गराउन अभिनयको गराउने । जस्तै: शिक्षकले "जाडो छ ।" भन्न सक्नुहुन्छ अनि कामेझैँ गरी बाक्लो लुगा लगाउन सक्नुहन्छ अथवा चर्को घाम लागेको छ भने "मलाई त कस्तो गर्मी लाग्यो ।" भन्ने र अलिकति पानी पिउने । शिक्षकले बालबालिकासँगै अभिनय गर्ने साथै बालबालिकालाई उनीहरूका आफ्नै अभिनय प्रस्तुत गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई विभिन्न प्रकारका मौसममा उनीहरूले के लगाउँछन् र उनीहरूलाई कस्तो महसुस हुन्छ वा उनीहरूले कसरी व्यवहार गर्छन् भनी बताउन लगाउने ।<br>• कथाको माध्यमबाट मौसमअनुसारको उपलब्ध वस्तुहरू, घटनाहरू बताउने तथा आवश्यकताअनुसार अनुभव गर्न अवलोकन गराउने । |
| बालबालिकाले सबै मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् । | कुनै ३-४ प्रकारका मौसमहरू र तीसँग सम्बन्धित वस्तुहरूको पहिचान गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | |

## ख) विशिष्ट पक्ष : दुरी र दिशा

**सूचक :** बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् ।

**सुरुआतमा**

वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने

**प्रगति भइरहेको**

एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तै- माथि वा भित्र, नजिक वा टाढा

**अगाडि बढिरहेको**

तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्

**प्राथमिक विद्यालयका लागि तयार**

बहु तरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन्

## मूल्याङ्कन क्रियाकलाप

**विधि :** यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।

**आवश्यक सामग्रीहरू :** एउटा भकुन्डो र एउटा किताब

**निर्देशनहरू :**

१. यस क्रियाकलापमा सबै बालबालिकालाई सहभागी गराउनुहोस् । विविध वस्तुहरूलाई कक्षाभरि विभिन्न अवस्थामा राख्नुहोस् । उदाहरणका लागि- भकुन्डोलाई टेबलको तल वा किताबलाई टेबलमाथि वा कलमलाई किताबको देब्रे/दाहिने छेउमा राख्नुहोस् ।

- ❖ बालबालिकालाई (एक पटकमा एक जना) कुनै एक वस्तु कहाँ छ भनी बताउन लगाउनुहोस् (जस्तैः "भकुन्डो वा किताब वा कलम कहाँ छ ?") ।
  - ○ बालबालिकाले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - ○ बालबालिकाले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. स्थान वरिपरि घुम्नका लागि बालबालिकासँग (माथिको क्रियाकलापमा वस्तुको अवस्थिति पहिचान गर्न सकेकासँग) एउटा खेलको योजना बनाउनुहोस् । उपलब्ध समयअनुसार बालबालिकाको एउटा समूह छान्न सक्नुहुन्छ (दैनिक वा साप्ताहिक आधारमा) । छानिएका बालबालिकासँग यो क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य बालबालिकालाई अवलोकन गर्न र खेलमा सहभागीले त्यस स्थान वरिपरि घुम्दा पूरा गरेका प्रत्येक कदम/दिशामा ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।

- ❖ बालबालिकालाई (एक एक गर्दै) निर्देशन दिनुहोस् । बालबालिकालाई निर्देशन हुबहु पछ्याउन लगाउनुहोस् । उदाहरणका लागि-तपाई भन्न सक्नुहुन्छ - "सबैभन्दा पहिला टेबलनजिक जाऊ, किताब उठाऊ अनि त्यसलाई दराजभित्र राख । अब बाहिर जाऊ र खेलौना राखिएको बाकसबाट दुई ओटा वस्तुहरू (भकुन्डो वा कलम) ल्याऊ अनि ती दुवैलाई आल्मारीभित्र राख । ध्यान देऊ भकुन्डो कलमको देब्रे/दाहिनेतिर हुनुपर्छ ।"
  - ○ तपाईंको पटक पटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने तर कलमको देब्रे/दाहिनेतिर भकुन्डो भए नभएको निश्चित गर्न नसक्ने बालबालिका छन् भने उनीहरूको प्रारम्भिक सिकाइ

तथा विकास प्रगति विवरण (ELDS Report Card) मा यसलाई (अगाडि बढिरहेको स्तरमा) अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

- तपाईंको पटक पटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने र कलमको देब्रे/दाहिनेतिर भकुन्डो भएको निश्चित गर्न सक्ने बालबालिका छन् भने उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा यसलाई (प्राथमिक विद्यालयका लागि तयार रहेको स्तरमा) अभिलिखित गर्नुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले वस्तुहरूको अवस्थिति पहिचान गर्न सक्दैनन् । | वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने । | सुरुआत | • बालबालिकाको स्थलगत अवस्थितिबारे सोच्ने क्षमता वृद्धि गर्न विभिन्न सामग्रीहरू उपलब्ध गराउने । उदाहरणका लागि- बालबालिकालाई खेल्न मिल्ने पिठोको डल्लो दिने र उनीहरूलाई वास्तविक वस्तु जस्तै बनाउन त्यस डल्लोलाई हेरफेर गर्न लगाउने अथवा टुक्राहरू कहाँ र कसरी मिलाउने भनेर बुझ्न बालबालिकालाई पजलहरू उपलब्ध गराउने ।<br>• प्रत्येक दिनको अन्तरक्रियाका क्रममा वस्तुहरूको अवस्थितिबारे कुराकानी गरी स्थलगत सचेतना अभ्यासका लागि बालबालिकालाई अवसर उपलब्ध गराउने । उदाहरणका लागि- किताब कहाँ छ ? टेबल कहाँ छ ?<br>• स्थानगत सम्बन्धहरूको व्याख्या गर्न विभिन्न वस्तुहरूलाई सङ्केत गर्न/देखाउन बालबालिकालाई प्रोत्साहित गर्ने । बालबालिकाले सङ्केतको प्रयोग गरिरहँदा सहजकर्ताले शब्दहरू बताउने ।<br>• बालबालिकाको आन्तरिक प्रेरणा वृद्धिका लागि उनीहरूको प्रयासलाई प्रशंसा गर्ने ।<br>• बालबालिकालाई स्थानगत सचेतना अभ्यासमा मद्दत गर्नका लागि हाउभाउसहितका गीत वा बालगीतहरू प्रयोग गर्ने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले वस्तुहरूको १-२ स्थानगत अवस्थिति पहिचान गर्न सक्छन् । | एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तैः माथि वा भित्र, नजिक वा टाढा | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरू सँगसँगै बालबालिकालाई वस्तुहरूको अवस्थिति तुलना गर्न मद्दत गर्ने । उदाहरणका लागि- बालबालिकाबाट कुन कुन वस्तुहरू नजिक छन् र कुन कुन वस्तुहरू टाढा छन् भन्ने क्रियाकलाप गराउने ।<br>• बालबालिकालाई स्थानगत शब्दावलीहरू प्रयोग गर्न प्रोत्साहित गर्ने साथै उनीहरूले त्यही शब्द किन प्रयोग गरे भनी सोध्ने ।<br>• बालबालिकालाई विभिन्न स्थानगत अवस्थितिको ज्ञानसम्बन्धी अवधारणा प्रदर्शन गर्न बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षालाई प्रयोग गर्ने । केही कुराको तल, माथि र भित्र भएका तीन वस्तुहरू पत्ता लगाउने जस्ता विविध क्रियाकलापहरूमा बालबालिकालाई सहभागी गराउने । |
| बालबालिकाले ३-४ स्थानगत आयामहरूमा आधारित भएर वस्तुहरू राख्न वा तिनीहरूको अवस्थिति तयार गर्न सक्छन् । | तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई दुरी मापन गर्ने अवसरहरू दिने । उदाहरणका लागि- ढोका वा बाहिरको क्षेत्रतर्फ हिँड्न लाग्ने पाइलाहरू थाहा पाउने/मापन गर्ने खेल ।<br>• बहुतरिकाबाट वस्तुहरूको अवस्थिति तुलना गर्नमा बालबालिकालाई मद्दत गर्ने । उदाहरणका लागि- स्थानगत क्षेत्रमा घुम्न लैजाने र विभिन्न आयाममा भएका वा रहेका सामग्रीहरूको स्थानगत अवस्थितिबारे भन्न लगाउने । जस्तैः कमेरो पोतेको घर मन्दिरभन्दा तलमाथि कहाँ छ ? गुलावको फूल पोखरीको दायाँ, बायाँ, कतातिर छ ? आदि । |
| बालबालिकाले बहुतरिकामा एक वस्तु (भकुन्डो)लाई अर्को वस्तु कलम) सँगको तुलनामा राख्न वा तिनीहरूको अवस्थिति सिर्जना गर्न सक्छन् । | बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन् । | प्राथमिक विद्यालयका लागि तयार | • माथिका सबै स्तरहरूमा उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने । |

## ३. क्षेत्रः बौद्धिक विकास

### ३.३. उपक्षेत्र : गणित

### क) विशिष्ट पक्ष : अङ्क/सङ्ख्या

**सूचक :** बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणा प्रस्तुत गर्दछन् ।

**सुरुआतमा**
मात्राहरूको तुलना गर्न सक्ने

**प्रगति भइरहेको**
कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने

**अगाडि बढिरहेको**
अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने

**प्राथमिक विद्यालयका लागि तयार**
१ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठूलो दुवै सङ्ख्याको पहिचान गर्ने

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस्)

**आवश्यक सामग्रीहरू :** २० ओटा बियाँ/गट्टा/गुच्चा साथै १ देखि १० सम्मका अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट (कागजको सानो टुक्रामा अङ्क/सङ्ख्या लेख्नुहोस्)

**निर्देशनहरू :**

१. निर्धारित समयअनुसार केही बालबालिका छान्नुहोस् र यो क्रियाकलाप सञ्चालन गर्नुहोस् । छानिएका बालबालिकासँग तपाईंले यो क्रियाकलाप गरिरहँदा अन्य बालबालिकालाई अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् । प्रत्येक बालबालिकासँग यो क्रियाकलाप टुङ्ग्याइसकेपछि यी अवधारणा उनीहरूलाई बुझाउन छलफल गर्नुहोस् । तपाईंले बाँकी बालबालिकालाई केही ठोस वस्तुहरू उपलब्ध गराउन पनि सक्नुहुन्छ । ती वस्तुहरू गन्न वा सानोबाट ठूलोतिर मिलाउन उनीहरूलाई भन्नुहोस् र प्रत्येकको क्रियाकलाप सकिएपछि ती बालबालिकाको काम हेर्नुहोस् ।

२. बालबालिकालाई बियाँ/गट्टा/गुच्चाको २ समूह (प्रत्येक समूहमा फरक फरक सङ्ख्यामा तर १० भन्दा कम) उपलब्ध गराउनुहोस् । बालबालिकालाई (एक-एक जना गरी) बोलाउनुहोस् र यी दुई समूह देखाउनुहोस् ।



- ❖ बालबालिकालाई बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न लगाउनुहोस् ।
  - ○ बालबालिकाले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - ○ बालबालिकाले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. (माथिको क्रियाकलापमा बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्ने) बालबालिकालाई १० ओटा बियाँ/गट्टा/गुच्चाको समूह दिनुहोस् ।

- ❖ बालबालिकालाई उनीहरूसँग रहेको बियाँ/गट्टा/गुच्चाबाट पहिले ५ ओटा (पहिले मागेको ५ ओटा फिर्ता गरेपछि) अर्को पटक ९ ओटा माग्नुहोस् ।
- ❖ बालबालिकाले गलत सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- ❖ बालबालिकाले सही सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

४. माथिको क्रियाकलापमा सही जवाफ दिएका बालबालिकालाई १ देखि १० अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट देखाउनुहोस् (अङ्कपत्ती वा चार्ट उपलब्ध नहुँदा ती अङ्कहरूलाई कागजको टुक्रामा लेख्नुहोस्) ।

- ❖ बालबालिकालाई चार्टमा भएका वस्तुहरू गणना गर्दै सस्वर गणना गर्न लगाउनुहोस् ।
- ❖ बालबालिकालाई उनीहरूले गनेका बियाँका अगाडि त्यही अङ्क/सङ्ख्या पत्ती वा कागजको टुक्रा राख्न आग्रह गर्नुहोस् ।
    - ○ बालबालिकाले सही जवाफ दिए/मिलाए भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
    - ○ बालबालिकाले गलत जवाफ दिए/मिलाएनन् भने यसलाई टुङ्ग्याउनुहोस् र फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।

५. माथि गराइएको क्रियाकलापमा सही जवाफ दिएका/मिलाएका बालबालिकाका अगाडि १ देखि १० भित्रका तीन/चार ओटा अङ्क/सङ्ख्या राख्नुहोस् । (उदाहरणका लागि, २, ३, ५ र ८) ।

- ❖ बालबालिकालाई तीमध्ये सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या चिन्न लगाउनुहोस् ।
    - ○ तपाईंको पटक पटकको अवलोकनमा सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या चिन्न नसक्ने बालबालिका छन् भने यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले धेरै/थोरै बियाँ/गट्टा/गुच्चा जस्ता स्थानीयस्तरमा पाइने वस्तुको समूह चिन्छन् तर ५ र ९ वटा वस्तु सही तरिकाले गन्न सक्दैनन् । | मात्राहरूको तुलना गर्न सक्ने । | सुरुआत | • हावभावसहित अङ्क/सङ्ख्या समावेश भएका गीत गाउने र गाउन लगाउने (जस्तैः एक ओटा नाक मेरो, एउटै छ मुख) वा बालबालिकालाई गन्ती हुने खालको उपयुक्त कथालाई चित्र तथा हावभावसहित सुनाउने ।<br>• बालबालिकासँग दैनिक अन्तरक्रियामा मात्रा र तुलनाका बारेमा कुराकानी गर्ने । उनीहरूलाई छलफलमा मात्रात्मक तुलना प्रयोग गर्न प्रोत्साहित गर्ने । जस्तैः यो किताब त्योभन्दा गह्रौँ छ वा मैले बनाएको धरहरा तिमीले बनाएकोभन्दा अग्लो छ । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • उपलब्ध सामग्रीहरूको प्रयोग गरी बालबालिकालाई धेरै र थोरै, अग्लो र होचो, ठुलो र सानो जस्ता मात्रात्मक तुलना गर्ने अवसर उपलब्ध गराउने ।<br>• दुई वस्तुहरूका विशेषताहरूको तुलना गर्नु भनेको के हो भन्ने बुझ्न साथै समानता र असमानताहरू चिन्न बालबालिकालाई मद्दत गर्ने । उदाहरणका लागि- जब बालबालिकाको तुलनासम्बन्धी बुझाइ विकास हुन्छ, तब उनीहरूले कुन छोटो वा लामो छ भनी निर्क्यौल गर्न उनीहरूले धागोका दुई टुक्राहरूको लम्बाइ नाप्न थाल्छन् । सङ्कलन गरिएका धागोका टुक्राहरूलाई छोटोबाट लामोतिर मिलाएर देखाउँदै तपाईंले यस अवधारणालाई थप अगाडि लैजान सक्नुहुन्छ ।<br>• तुलना गरिरहँदा वस्तुहरूका विशेषताहरू र तिनीहरू बीचको फरक/असमानता बताउने मापनसम्बन्धी शब्दहरूमा जोड दिने । जस्तो- लम्बाइ (लामो/छोटो), तौल (गह्रौं/हलुका), आकार/नाप (ठुलो/सानो), मात्रा (धेरै/थोरै), बराबर ।<br>• विभिन्न फरक संख्या/मात्राका वस्तुहरू कुनै भाडामा राखी कुनमा धेरै कुनमा थोरै छ र बराबर छ भनि तुलना गरी भन्न प्रोत्साहित गर्ने ।<br>• गन्ती र सङ्ख्याका क्रियाकलापहरूमा लप्सी, काठका टुक्रा, खोया, साना ढुङ्गा र सिन्का जस्ता स्थानीय सामग्रीहरूको प्रयोग सुनिश्चित गर्ने ।<br>• ससाना वस्तुहरूको सङ्कलन गरी गन्ती गरेर देखाउने साथै बालबालिकालाई दैनिक व्यवहारमा आउने वस्तुहरूको गन्ती गर्न लगाउने । प्रत्येक वस्तुका लागि अङ्क/सङ्ख्या प्रयोग गरी गन्ती गर्न बालबालिकालाई जोड दिने : एक ... दुई .... तीन । |
| बालबालिकाले सही तरिकाले ५ र ९ वटा वस्तु गन्ती गर्न सक्छन् । | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने । | प्रगति भइरहेको | • बालबालिकासँगको दैनिक अन्तरक्रियामा ठोस वस्तुहरूको प्रयोग गरी सङ्ख्याका बारेमा कुराकानी गर्ने र बालबालिकाको शब्द भण्डारमा अङ्क/सङ्ख्याहरू थप्ने । बालबालिकालाई अङ्क/सङ्ख्या प्रयोग गर्न र १० सम्म गन्न प्रोत्साहित गर्ने । जस्तो- "तिम्रो हात/खुट्टामा कति ओटा औंला छ ?" "आज कक्षाकोठामा तिम्रा कतिजना साथी उपस्थित छन् ?" आदि । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | • अङ्क/सङ्ख्या समावेश भएका गीत (जस्तैः एक ओटा नाक मेरो, एउटै छ मुख) गाउने वा बालबालिकालाई त्यस्तै कथाहरू सुनाउने ।<br>• गीतमार्फत गन्तीलाई कण्ठस्थ गरी सिक्ने अवसर बालबालिकालाई उपलब्ध गराउने ।<br>• बालबालिकालाई उनीहरूका आफ्नै हातका औंला वा खुट्टाले वस्तुहरू नाप्ने अवसरहरू प्रदान गर्ने । जस्तै, वस्तु वरिपरि हिँड्ने र कति पाइला हिँड्यौ भनेर कुराकानी गर्ने । |
| बालबालिकाले सही तरिकाले अङ्कपत्तीहरू पढ्न सक्छन् र गनेका वस्तुहरूसँग अङ्क/सङ्ख्याको जोडा मिलाउन सक्छन् । | अङ्क/ सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकासँगै वस्तुहरू गनेर अङ्क/सङ्ख्याका अवधारणा विकास गर्न ठोस वस्तुहरू प्रयोग गर्ने । ब्लक, औँला, पात, काठका टुक्रा आदि गन्न लगाउने । बालबालिकाले गलत तरिकाले गन्ती गर्दा सच्यादिने र उनीहरू सँगसँगै गन्ती गर्ने ।<br>• बालबालिकालाई वास्तविक वस्तुहरूसँग जोड्दै अङ्क/सङ्ख्या चिनाउने र उनीहरूले ती अङ्क/सङ्ख्या चिन्छन् र तिनलाई वास्तविक वस्तुहरूसँग जोड्न सक्छन् भन्ने सुनिश्चित गर्ने ।<br>• बालबालिकालाई खेल्न र गन्न स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू दिने ।<br>• वरिपरि भएका चित्रहरू देखाई त्यसमा भएका विभिन्न वस्तुहरू गणना गर्न लगाउने ।<br>• चित्र वा वस्तुहरू देखाई अङ्क/सङ्ख्याहरू प्रदर्शन गर्ने ।<br>• ठुला सङ्ख्याभित्र साना सङ्ख्या हुन्छ भन्ने देखाउन ठुलो समूहबाट ससाना समूह बनाउने, ससाना समूहबाट ठुलो समूह बनाउने क्रियाकलापहरू गराउने । |
| बालबालिकाले एक पटक देखाइएका अङ्कहरूमध्ये सबैभन्दा सानो र सबैभन्दा ठुलो दुवै अङ्कहरू चिन्छन् । | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठुलो दुवै सङ्ख्याको पहिचान गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई अङ्कहरूको क्रम बुझ्ने र मिलाउने अवसर उपलब्ध गराउने । |

## ३. क्षेत्र: बौद्धिक विकास

### ३.४. उपक्षेत्र : सिर्जनात्मक

### क) विशिष्ट पक्ष : कल्पना

**सूचक :** बालबालिकाले आफ्नो कल्पनाशक्ति प्रयोग गरी कथा भन्न सक्छन् ।

**सुरुआतमा**

कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने

**प्रगति भइरहेको**

कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने

**अगाडि बढिरहेको**

कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने

**प्राथमिक विद्यालयका लागि तयार**

आफ्नै कथा बनाउने र सुनाउने

### मूल्याङ्कन क्रियाकलाप

**विधि :** खेल (यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।)

**आवश्यक सामग्रीहरू :** सहयोगी सामग्री/प्रप्स (पुरानो कपडा, भाँडा, पत्रिका जस्ता सामग्री)

**निर्देशनहरू :**

१. श्रुतिबोधका लागि कथा भनीसकेपछि केही बालबालिका छान्नुहोस् र उनीहरूलाई (एक-एक जना गरेर) कथाका पात्र र घटनाका विषयमा प्रश्नहरू सोध्नुहोस् । छानिएका बालबालिकासँग तपाईंले यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य बालबालिकालाई खेलौना, पुतली, पुरानो कपडा वा पत्रिका जस्ता सहयोगी सामग्रीहरू प्रयोग गरी नक्कल गर्न/काल्पनिक नाटकमा सहभागी हुन प्रोत्साहित गर्नुहोस् । बीच बीचमा उनीहरूसम्म पुग्ने र उनीहरूसँग अन्तरक्रिया गर्ने गर्नुहोस् ।

- ❖ छानिएका बालबालिकालाई उनीहरूको कल्पना प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । उदाहरणका लागि- "कथामा पात्रलाई के हुनसक्छ ?" "कुनै पात्रको ठाउँमा तिमी भएको भए के गर्थ्यौ ?" भनी सोध्नुहोस् ।
  - ○ यी कुनै पनि प्रश्नको जवाफ दिन नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - ○ यीमध्ये कुनै पनि प्रश्नको जवाफ दिन सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. बालबालिकालाई (माथिको क्रियाकलापमा जवाफ दिएका) कथाको अभिनय गर्न वा आफ्नै कथा बनाउन केही सहयोगी सामग्रीहरू (पुरानो कपडा, भाँडाकुँडा, पत्रिका आदि) दिनुहोस् ।

- ❖ बालबालिकालाई सहयोगी सामग्री प्रयोग गर्न र कथामा आफूलाई मन परेको कुनै पात्रको नक्कल वा अभिनय गर्न लगाउनुहोस् ।
  - ○ कथाबाट कुनै पात्र लिएर अभिनय गर्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।

- ○ कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

❖ माथिको क्रियाकलापमा कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने बालबालिकालाई आफ्नै कथा बनाउन र अभिनय गर्न लगाउनुहोस् ।

- ○ तपाईंको पटक पटकको अवलोकनमा आफ्नै कथा बनाउन र अभिनय गर्न नसक्ने बालबालिका छन् भने यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले कथामा अब के हुनसक्छ भनेर बताउन सक्दैनन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने । | सुरुआत | • बालबालिकालाई काल्पनिक कथा/नाटकमा सहभागी हुन प्रोत्साहित गर्न आवश्यक पर्ने सामग्री तथा खेलौना जुटाई उपयुक्त वातावरण बनाउने । उदाहरणका लागि- बिल्डिङ ब्लक, काठका गोटी, डोमिनो र हलुका र नरम खालका गुडियाहरू, मकुन्डो आदि जस्ता चलाउन मिल्ने खेलौनाहरू विभिन्न सिकाइ क्षेत्रमा राख्ने ।<br>• प्रत्येक दिन बालबालिकालाई कथा सुनाउने अनि उनीहरूलाई कथाबाट पात्र तथा परिस्थितिहरूको कल्पना गर्न प्रोत्साहित गर्ने ।<br>• वरिपरिको वातावरण वा कक्षाकोठामा उपलब्ध सामग्रीहरूको प्रयोग गरी कथा सुनाउन बालबालिकालाई प्रोत्साहित गर्ने । उदाहरणका लागि crayon (मोम कलर), कलम, पपेट, गुडिया वा अन्य कुनै खेलौनाका बारेमा कथा सुनाउने । |
| बालबालिकाले कथामा अब के हुन सक्छ भनेर आफूलाई लागेको कुरा बताउन सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई पूर्वानुमान गर्ने प्रश्नहरूसहित कथा सुनाउने अथवा कथाको सुरुवात वा अन्त्यको भाग मात्र सुनाउने अनि बालबालिकालाई कल्पना गरी कथा पूरा गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई आफ्ना विचारहरू अभिव्यक्त गर्न मद्दत गर्नका लागि कल्पनाशीलता र रचनात्मक सोच उत्प्रेरित गर्ने प्रश्नहरू सोध्ने । “तिमी त्यो पात्र भएको भए के गर्थ्यौ होला ? |


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | यो काम गर्नका लागि अरू के के तरिका छन् ?" आदि प्रश्नहरू गर्ने ।<br>• बालबालिकाको कल्पना र सोचको प्रशंसा गर्ने । |
| बालबालिकाले भनिएको कथालाई अभिनयमा प्रस्तुत गर्न सक्छन् । | कथामा अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने । | अगाडि बढिरहेको | • बालबालिकालाई अभिनयसहित कथा प्रस्तुत गर्न प्रोत्साहित गर्ने । बालबालिकाले अभिनय गर्दा उनीहरूसँग सहभागी हुने ।<br>• माथि उल्लेख गरिएका रणनीतिहरूसँगसँगै बालबालिका बीच कल्पना गर्ने सिप प्रबर्धन गर्ने विभिन्न तरिकाहरू प्रयोग गर्ने । उदाहरणका लागि- कथा थप्ने खेल खेल्ने, जहाँ बालबालिकाले समूहमा कथा भन्छन् अर्थात् पहिलो बालबालिकाले एउटा वाक्य भनेर सुरु गर्ने र दोश्रोले अर्को वाक्य भनेर त्यसलाई निरन्तरता दिने आदि ।<br>• सहजकर्ताले बालबालिकाले त्यसअघि नै सुनिसकेका रोचक कथा सुनाउने र बालबालिकालाई सो कथाको पात्रको भूमिका अभिनय गर्न लगाउने । |
| बालबालिकाले आफैँले बनाएका कथामा अभिनय गर्न सक्छन् । | आफ्नै कथा बनाउने र सुनाउने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## ४. क्षेत्र : सामाजिक विकास

### ४.१. उपक्षेत्र : सामाजिक

### क) विशिष्ट पक्ष : जीवन उपयोगी सिपहरू

**सूचक :** बालबालिकाले विभिन्न समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि - समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने र खेलहरू खेल्ने ।




## मूल्याङ्कन क्रियाकलाप

**विधि :** अवलोकन

**आवश्यक सामग्रीहरू :** पजल तथा खेलका लागि प्रयोग गरिने खेलअनुसारका सामग्री

**निर्देशनहरू :**

१. तपाईंले बालबालिकासँग स्वतन्त्र वा निर्देशित खेल जस्ता विविध खेल क्रियाकलापहरू गराउँदा बालबालिकालाई अवलोकन गर्नुहोस् साथै खेल समयमा कसले अन्तरक्रिया गरिरहेको छ र कसले छैन याद गर्नुहोस् ।

- यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका अरूका छेउमा वा नजिक खेल्छन् तर अरूसँग खेल्दैनन् । | अरूका छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने । | सुरुआत | • बालबालिकालाई विभिन्न खेल क्रियाकलापहरूमा सहभागी हुने भौतिक वातावरण बनाउने । जस्तैः एक छेउमा बसेर खेल्न सकिने खेलहरूका क्रममा सानो स्थान र दुई वा तीन बालबालिका जम्मा हुने र एक-अर्कासँग अन्तरक्रिया गर्ने अवसर हुन सक्छ ।<br>• बालबालिकाको सिकाइको रुचिलाई अभिवृद्धि गर्ने गरी सिकाइको वातावरण तयार गर्ने । स्वनिर्देशित खेलहरूमा (व्यक्तिगत र सानो समूहका खेल) सहभागी हुन नियमित समय र अवसरहरू उपलब्ध गराउने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
| --- | --- | --- | --- |
| | | | • बालबालिकालाई समूहमा काम गर्न प्रोत्साहित गर्ने । उनीहरूले सँगै काम गरिरहँदा सामग्रीहरू दिने र अरूसँग खेल्दा उनीहरूलाई पालो पर्खन लगाउने ।<br>• अरूसँग नखेल्ने बालबालिकालाई खाजा तथा खानाको समयमा साथीहरूको ससानो समूहमा राख्ने । सहजकर्ताले ससाना समूहमा खेलाउने र खेल्दा अर्का साथीसँग संवाद गर्नेपर्ने वातावरण निर्माण गर्ने । |
| बालबालिकाले अरूसँग खेल्न थाल्छन् । | अरूसँग खेल्न सुरु गर्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै नियमित दैनिक कार्यहरूका क्रममा बालबालिका बीच अन्तरक्रियाका लागि अवसरहरू दिने । उदाहरणका लागि- स्वतन्त्र कुराकानीका क्रियाकलाप गराउने ।<br>• पजल मिलाउने जस्ता क्रियाकलाप गराउने जहाँ हेरक बालबालिकासँग केही टुक्राहरू छन् र त्यो पजल मिलाउन उनीहरू एक-अर्काको सहयोगीका रूपमा काम गर्दछन् । यसले पनि उनीहरूबीचको अन्तरक्रियालाई सहयोग पुऱ्याउँछ । |
| संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न बालबालिकाले अरूसँग खेल्छन् । | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई अन्य बालबालिकासँग व्यस्त रहन साथै समूहगत कार्यमा नेतृत्व गर्ने अवसरहरूका लागि प्रोत्साहित र सहयोग गर्ने ।<br>• समूहगत कार्यका लागि नियमहरूसहितका खेलहरूको योजना बनाउने । कक्षाकोठा भित्र वा बाहिरको खेलको समयमा सुरुमै नियमहरू र बालबालिकासँग गरिएको अपेक्षाका बारेमा स्पष्ट बुझाउने । तिती वा एकखुट्टी वा एक अर्कालाई लखेट्न वा बोर्डमा खेलिने सामान्य खेलहरूको आयोजना गर्ने ।<br>• बालबालिकाले स्वतन्त्र रूपमा ती खेलहरू खेल्न नसक्दासम्म उनीहरूले खेलिरहेका समयमा नियमहरू सम्झाइरहने । |
| बालबालिका नियमसहितका खेलहरूमा अरू बालबालिकासँगै सहभागी हुन्छन् । | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## ख) विशिष्ट पक्ष : सामाजिक व्यवहार

**सूचक :** बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई अभिवादन गर्छन् ।

**सुरुआतमा**
परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने

**प्रगति भइरहेको**
केही निश्चित वयस्कलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने

**अगाडि बढिरहेको**
परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने

**प्राथमिक विद्यालयका लागि तयार**
परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउने

## मूल्याङ्कन क्रियाकलाप

**विधि :** अवलोकन

**आवश्यक सामग्रीहरू :** केही छैन

**निर्देशनहरू :**

१. ४-५ बालबालिकाको समूहलाई (दैनिक रूपमा) उनीहरूले बालविकास केन्द्रमा प्रवेश गर्दा वा कोही केन्द्रमा आउँदा कसरी अभिवादन गर्छन् भन्ने आधारमा अवलोकन गर्नुहोस् ।

- तपाईंको पटक पटकको अवलोकनपछि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| परिचित वयस्कहरूलाई बालबालिकाले हाउभाउसहित अभिवादन गर्छन् । | परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने । | सुरुआत | • सामाजिक व्यवहारबारे सिक्न बालबालिकालाई विविध अवसरहरू प्रदान गर्ने । सामाजिक व्यवहार सम्बन्धमा कुनै कथा सुनाउने ।<br>• कथा, अभिनय वा गीतहरू मार्फत सामाजिक सिपहरूबारे (जस्तैः कक्षामा कोही आउँदा कसरी अभिवादन गर्ने, कसरी अन्तरक्रिया गर्ने, समूहमा कसरी सँगै काम गर्ने) कुराकानी गर्ने ।<br>• नमस्ते, धन्यवाद जस्ता अभिवादन र शिष्टाचार गर्दा आफूले नमुना व्यवहार प्रदर्शन गर्ने । सहजकर्ताले बालबालिकाको प्रेरक व्यक्तित्वका रूपमा कार्य गर्दै उपयुक्त व्यवहार प्रदर्शन गर्ने । |
| केही निश्चित वयस्कहरूलाई अभिवादन गर्न बालबालिकाले हाउभाउ वा मौखिक प्रतिक्रिया प्रयोग गर्छन् । | केही निश्चित वयस्कलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने । | प्रगति भइरहेको | |


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| परिचित र अपरिचित वयस्कहरूलाई बालबालिकाले अभिवादन गर्छन् तर त्यसका लागि उनीहरूलाई कहिलेकाहीँ सम्झाउनु पर्छ । | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने । | अगाडि बढिरहेको | • अभिनय, कथा प्रस्तुत वा अन्तरक्रिया गरेर असल स्पर्श र खराब स्पर्शबारे कुराकानी गर्ने । उदाहरणका लागि कुनै पनि स्पर्शले असहज महसुस गरेमा आफ्नो विश्वाशिलो व्यक्तिलाई भन्नुपर्छ भन्ने कुरा बुझाउने ।<br>• उदाहरणका लागि हात समात्दा, अँगालो मार्दा, प्रशंसा गर्दा/धाप मार्दा ठेल्दा वा खराब तरिकाले छुँदा जस्ता स्पर्शका उदाहरणसहित असल र खराब स्पर्शबारे बुझाउने । |
| बालबालिकाले आफैँ परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्छन् । | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउने । | प्राथमिक विद्यालयका लागि तयार | |

## ५. क्षेत्र : संवेगात्मक विकास

### ५.१. उपक्षेत्र : संवेगात्मक विकास

### क) विशिष्ट क्षेत्र : संवेगात्मक अभिव्यक्ति

**सूचक :** बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् ।




### मूल्याङ्कन क्रियाकलाप

**विधि :** यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।

**आवश्यक सामग्रीहरू :** विभिन्न प्रकारका संवेग झल्काउने चित्र तथा दृश्यपत्तीहरू

**निर्देशनहरू :**

१. बालबालिकासँग विभिन्न प्रकारका संवेग/भावनाहरू (जस्तैः खुसी, दुःखी वा रिसाएको) का बारेमा खुला कुराकानी गर्ने तथा अभिनय गर्ने गराउने योजना बनाउनुहोस् । क्रियाकलापमा प्रयोग गर्न श्रव्यदृश्य सामग्री/दृश्यपत्तीहरू जस्ता केही सहयोगी सामग्रीहरू तयार पार्नुहोस् । संवेग/भावनाहरूबारे कुराकानी गर्दा वा अभिनयका क्रममा तपाईंले यो मूल्याङ्कनको क्रियाकलाप गराउनु पर्छ र यसका लागि आवश्यक प्रश्नहरू सोध्न तपाईंले दैनिक रूपमा स्तर मिलाएर बालबालिकाको समूह छनोट गर्न सक्नुहुन्छ । त्यसरी छनोट भएको प्रत्येक बालबालिकालाई निश्चित प्रश्न सोधेपछि बाँकी बालबालिकालाई सहभागी गराउँदै यो क्रियाकलाप टुङ्ग्याउनुहोस् र उनीहरूलाई आफ्ना अनुभवजन्य कुराकानी गर्न प्रोत्साहित गर्नुहोस् ।

- ❖ बालबालिकालाई दृश्यपत्तीहरू देखाउनुहोस् र (एक पटकमा एक जनालाई) सोध्नुहोस् - "यो चित्रमा देखिएको व्यक्तिले कस्तो महसुस गरिरहेको होला ?"
    - ○ एक वा दुई प्रकारका संवेग/भावनाहरू (जस्तैः रिसाएको, खुसी भएको, शोक प्रकट गरेको, आश्चर्य प्रकट गरेको आदि मध्ये कुनै एक वा दुई) चिन्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
    - ○ एक वा दुई प्रकारका संवेग/भावनाहरू चिन्न सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. कुनै निश्चित संवेग/भावना प्रस्तुत गर्न श्रव्यदृश्य वा चित्रपत्ती छान्नुहोस् ।

- ❖ बालबालिकालाई (जसले माथिको क्रियाकलापमा एक वा दुई भावनाहरू चिनेका थिए) छनोट गरिएको दृश्य वा चित्रपत्ती देखाउनुहोस् । जस्तैः रिसाएको अनुहारको दृश्य । उनले कहिले त्यस्तो महसुस गरेका थिए ? रिसाउनुको कारण के हुनसक्छ ? जस्ता प्रश्नहरू सोध्दै क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

- ○ निश्चित प्रकारको संवेग/भावना उत्पन्न हुनाको कारण भन्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- ○ निश्चित प्रकारको संवेग/भावनाको कारण भन्नसक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. बालबालिकालाई (जसले माथिको क्रियाकलापमा निश्चित प्रकारको भावनाको कारण भन्न सकेका थिए) एउटा परिस्थिति देखाउन कुनै चित्रपत्ती छान्नुहोस् । उदाहरणका लागि- एउटा भकुन्डोका लागि एक बालिका र एक बालक झगडा गरिरहेको बेला अरू बालबालिकाले उनीहरूलाई हेरिरहेको चित्र ।

❖ बालबालिकालाई त्यो चित्र पत्ती देखाउनुहोस् र भन्नुहोस् कि ती केटा र केटी भकुन्डोका लागि झगडा गरिरहेका छन् । अब बालबालिकालाई सोध्नुहोस्, "चित्रमा भएको केटा (वा केटी) तपाईं भएको भए तपाईंलाई कस्तो लाग्थ्यो होला ?" अनि त्यसपछि सोध्नुहोस्, "तपाईंलाई त्यस्तो लाग्दा तपाईं के गर्नुहुन्छ होला ?"

- ○ तपाईंको पटक पटकको अवलोकनमा त्यस परिस्थितिका लागि उचित प्रतिक्रिया दिन नसक्ने बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिका संवेग/भावनाहरू चिन्न (छुट्याउन) नसक्ने छन् । | संवेग/भावनाहरू चिन्न नसक्ने । | सुरुआत | • बालबालिकाले संवेगात्मक रूपमा सुरक्षित महसुस गर्ने वातावरण सिर्जना गर्ने । त्यो यस्तो वातावरण होस् जसमा उनीहरूले भावनालाई बुझ्न र त्यसलाई नाम दिन सिकून् (त्यो कुन प्रकारको भावना वा संवेग हो भनेर नाम दिने जस्तैः खुसी भएको, रिसाएको आदि), रचनात्मक हिसाबले आफ्ना भावना अभिव्यक्त गर्ने क्षमता विकास गरून् र आफ्ना भावनाहरूको अरूमा के प्रभाव हुन्छ भन्नेबारे जानकार बन्न सुरु गरून् ।<br>• बालबालिकालाई कथा सुनाउने र कथामा भएका पात्रहरूले कस्तो महसुस गरिरहेका छन् भनी अनुमान गर्न लगाउने । "पात्रले त्यस्तो महसुस गरिरहेको छ भनेर तपाईं कसरी भन्न सक्नुहुन्छ ?" भनेर पनि सोध्ने ।<br>• बालबालिकालाई उनीहरूका आफ्नो (मनमा लागेको कुरा) भावनाहरूबारे व्यक्त गर्न प्रोत्साहित गर्ने । कुनै बालबालिकाले आफूलाई कस्तो महसुस भएको छ भनेर आनै भावनाहरू |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| | | | प्रकट गर्न वा सङ्केत गर्न सकेन भने उसलाई उपयुक्त शब्दहरूसहित भावनात्मक अवस्थाको पहिचानको लागि मद्दत गर्ने । उसलाई मनमा लागेको कुरा भन्न लगाउने । उदाहरणका लागि- बालबालिकाको भावनालाई उसकै तर्फबाट नाम दिने, "म देख्न सक्छु तपाईं दुःख महसुस गरिरहनुभएको छ ।" आदि भन्ने र परिस्थितिमा आधारित भएर किन सुखी, दुखी, खुसी हुने जस्ता निश्चित भावनाहरू उठ्दछन् भन्ने विषयमा कुराकानी गर्ने ।<br>• बालबालिकासँग आफ्ना भावनाबारे खुला रूपमा कुराकानी गर्ने । उनीहरूले खुसी हुनु वा दुखी हुनु ठिक छ भनेर सोच्छन् भन्ने सुनिश्चित गर्ने । सबै जनाले कहिलेकाहीँ दुःख वा निराशा महसुस गर्छन् भन्ने उनीहरूले बुझ्छन् भनी सुनिश्चित गर्ने ।<br>• विभिन्न अवस्थाका संवेग दर्शाउने चित्रहरू देखाएर बालबालिकासँग छलफल गर्ने । जस्तै रिसाएको, खुसी भएको, दुःखी भएको, डराएको, रोएको, हाँसेको, शोक प्रकट गरेको आदि । |
| बालबालिकाले विभिन्न प्रकारका संवेग/भावनाहरू चिन्छन् तर निश्चित भावना प्रकट हुनुका पछाडिको कारण भन्न सक्दैनन् । | आफ्ना संवेग/भावनाहरू चिन्ने । | प्रगति भइरहेको | • दैनिक कुराकानीमा भावनाहरूबारे कुराकानी गर्ने : "म आज धेरै खुसी छु ।", "तपाइँ किन दुःखी देखिनुभएको छ ?" कुराकानीलाई किन उनीहरूले त्यस प्रकारले महसुस गर्ने गर्छन् भन्नेसम्म बुझाउने ।<br>• दैनिक कुराकानीमा भावनात्मक अवस्थाहरूलाई नाम दिएर कुरा गर्ने । जस्तै "म आज धेरै खुसी छु । तपाई किन दुःखी देखिनु भएको छ ?" भावनालाई शब्दमा व्यक्त गर्नाले बालबालिकालाई आफ्नो संवेगको अवस्था बुझ्न मद्दत गर्दछ ।<br>• उनीहरूका भावनाहरू र तिनका पछाडिका कारण वा भावनालाई केले उत्प्रेरित गर्छ भन्ने बारेमा कुराकानी गर्न बालबालिकालाई प्रोत्साहित गर्ने । संवेगात्मक रूपमा जागृत बनाउने किसिमको कथा अभिनयात्मक तरिकाले सुनाउने र त्यस कथाको के कुराले बालबालिकालाई कस्तो महसुस गरायो सोध्ने । कथाका पात्र र घटनाका सम्बन्धमा उनीहरूका धारणा राख्न लगाउने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले निश्चित संवेग/भावना पछाडिका कारण बताउन सक्छन् तर संवेग/भावनाहरूका लागि उपयुक्त प्रतिक्रिया दिन सक्दैनन् । | संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई चुनौतीपूर्ण भावनाहरू सामना गरिरहँदा उनीहरूले के गर्नुपर्छ भनेर सोच्ने विकल्प दिने । बालबालिका आफैँलाई अभिव्यक्त गर्न र परिस्थितिलाई कसरी समाधान गर्ने भन्ने उपायहरू सोच्न र भन्न लगाउने ।<br>• बालबालिकासँग छलफल गरी विभिन्न भावनाहरू अभिव्यक्त गर्ने उपयुक्त तरिकाहरू पत्ता लगाउने ।<br>• सामाजिक हिसाबले उचित तरिकाले आफ्ना भावनाहरू अभिव्यक्त गरेकोमा बालबालिकाको प्रशंसा गर्ने । उदाहरणका लागि बालबालिकाले कुनै नयाँ खेलौना वा पोसाक पाउँदा खुसी प्रकट गरी धन्यवाद भन्दा, कोही मित्र तथा आफ्न्तजनको मृत्युको खबर सुनेर दुःख प्रकट गर्दा उनीहरूको प्रशंसा गर्ने ।<br>• बालबालिकालाई तनावपूर्ण वा चुनौतीपूर्ण परिस्थिति सामना गर्दा सहयोग खोज्न प्रोत्साहित गर्ने ।<br>• आफू वा अरूलाई हानि नगरी भावनाहरू अभिव्यक्त गर्न बालबालिकालाई मद्दत गर्ने । |
| बालबालिकाले संवेग/भावनाहरूका लागि उपयुक्त प्रतिक्रिया दिन सक्छन् । | आफ्नो संवेग/भावनालाई उचित प्रतिक्रिया दिने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## ख) विशिष्ट पक्ष : संवेगात्मक सुरक्षा र आत्मविश्वास

**सूचक :** बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् ।




### मूल्याङ्कन क्रियाकलाप

**विधि :** अवलोकन

**आवश्यक सामग्रीहरू :** चित्र, चित्रकथा र कथा

**निर्देशनहरू :**

१. स्वतन्त्र खेल, कथावाचन, रेखाचित्र कोर्ने, कला र शिल्पका काम जस्ता विविध क्रियाकलापहरू गरिरहँदा क्रियाकलापका क्रममा बालबालिकालाई अवलोकन गर्नुहोस् । कसले आफ्ना धारणा आत्मविश्वासका साथ अभिव्यक्त गर्न सक्छ र कसले सक्दैन याद गर्नुहोस् ।

❖ यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

### प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्दैनन् । | आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने । | सुरुआत | • हरेक बालक तथा बालिकालाई एकआपसमा सबैसँग खेल्ने र अन्तरक्रिया गर्ने अवसर उपलब्ध गराउने । उदाहरणका लागि- बालबालिकाले एक अर्कालाई चिन्न जान्न पाऊन् भनेर सानो समूहलाई सहजीकरण गर्न विभिन्न सिकाइ क्षेत्रमा सानो समूह बनाएर छलफल गराउने ।<br>• सबै बालबालिकालाई मनमा लागेका कुरा अभिव्यक्त गर्ने अवसर मिलाउने । जस्तै: चित्र छलफल गराई विचार अभिव्यक्त गर्न लगाउने । चित्रकथा प्रस्तुत गर्ने र कथा तथा चित्रका विषयमा उनीहरूको दृष्टिकोण तथा विचार प्रकट गर्न लगाउने । |
| बालबालिकाले निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्छन् । | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने । | प्रगति भइरहेको | |
| बालबालिकाले आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्छन् । | आफूसँग निकट नरहेका सहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने । | अगाडि बढिरहेको | |


| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले जोसँग पनि आफ्ना धारणाहरू अभिव्यक्त गर्छन् । | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • उनीहरूलाई के मन पर्छ वा मन पर्दैन भन्ने आधारमा सामग्री वा क्रियाकलापहरू छान्ने वा चयन गर्ने अवसर दिने ।<br>• बालबालिकालाई कथाहरू सुनाउने र उनीहरूलाई त्यस कथाबारे आफ्नो धारणा सुनाउन प्रोत्साहित गर्ने । बालबालिकालाई कथाको पात्र तथा घटनाका विषयमा प्रश्नहरू सोध्न प्रोत्साहित गर्ने ।<br>• खुला कुराकानीको क्रियाकलाप चलाउने र बालबालिकालाई आफ्नो विचार र धारणाहरू खुला रूपले सुनाउन प्रोत्साहित गर्ने । उदाहरणका लागि- यस्ता कुराकानीका लागि प्रत्येक दिन जोडीमा कम्तीमा एक मिनेट कुराकानी गराउने ।<br>• सबै बालबालिकालाई मौखिक, साङ्केतिक (इसारायुक्त वा हाउभाउसहितका) विभिन्न विधिबाट आफ्ना विचार प्रकट गर्ने गराउने किसिमका क्रियाकलापमामा सहभागी गराउने । उदाहरणका लागि- आफ्ना धारणाहरू बोलेर अभिव्यक्त गर्न लाज मान्ने बालबालिकालाई सङ्केत/चालहरू प्रयोग गर्न प्रोत्साहित गर्ने जस्तैः तपाइँ सहमत हुनुहुन्छ भने हात उठाउने, यो विकल्प छान्न चाहनुहुन्छ भने कक्षाकोठाको अगाडि आउने आदि । साङ्केतिक क्रियाकलापमा सहभागी हुने बालबालिकालाई विस्तारै अरूसँग घुलमिल हुन र बोल्न अभिप्रेरित गर्दै लैजाने किसिमका क्रियाकलाप गराउने । |

## ६. क्षेत्र : सांस्कृतिक विकास

### ६.१. उपक्षेत्र : सांस्कृतिक विकास

### क) विशिष्ट पक्ष : राष्ट्र र राष्ट्रियता

**सूचक :** बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् ।




## मूल्याङ्कन क्रियाकलाप

**विधि :** यसलाई कक्षाभित्रको खेल/सिकाइ क्रियाकलापका रूपमा योजना बनाउनुहोस् ।

**आवश्यक सामग्रीहरू :** राष्ट्रिय झण्डा, चाडबाडका चित्र, पारिवारिक तथा स्थानीय संस्कृतिसँग सम्बन्धित खानेकुराहरू

**निर्देशनहरू :**

१. आफ्ना बारेमा कुराहरू सुनाऊन् भनेर बालबालिकासँग निर्देशित तथा खुला कुराकानीहरू गर्नुहोस् ।

❖ बालबालिकालाई (एक पटकमा एक जना) उनीहरूको नाम, आमाबुबाको नाम, परिवारका सदस्यहरू साथै उनीहरूको उमेर र लिङ्गबारे बताउन लगाउनुहोस् । यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्न एकै दिनमा सबै बालबालिकालाई छनोट गर्न आवश्यक छैन । तपाईंले उनीहरूलाई विभिन्न समूहमा बाँड्नुहोस् र कक्षामा भएका बालबालिकाको सङ्ख्या र अन्य क्रियाकलापको कार्यतालिकाका आधारमा यो क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

- आफ्ना बारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- आफ्ना बारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. चाडबाड वा स्थानीय संस्कृति/सम्पदासँग सम्बन्धित खानाहरूका ४-५ ओटा तस्बिरहरू छान्नुहोस् ।

❖ बालबालिकालाई (माथिको क्रियाकलापमा सूचना दिन सक्नेहरूलाई) ती तस्बिर/चित्रका पत्तीहरू देखाउनुहोस् र ती तस्बिरहरू चिन्न लगाउनुहोस् । अरू बालबालिकालाई परिवारिक चित्र (फ्यामली ट्री), राष्ट्रिय झन्डा वा उनीहरूलाई मन पर्ने चाडबाड वा खानाको चित्र बनाउने जस्ता क्रियाकलाप गर्न प्रोत्साहन दिनुहोस् ।

- कुनै पनि चाडबाड वा खानेकुरा चिन्न नसक्ने बालबालिका छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।

- ○ कुनै चाडबाड वा खानेकुरा चिन्न सक्ने बालबालिका छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. बालबालिकाको देशको/समुदायको परम्परागत गीत गाउनुहोस् वा बजाउनुहोस् ।

❖ बालबालिकालाई (माथिको क्रियाकलापमा चाडबाड वा खानेकुरा चिन्न सक्नेहरूलाई) सँगसँगै देशको/समुदायको परम्परागत गीत गाउन लगाउनुहोस् र सो गीतलाई निरन्तरता दिन लगाउनुहोस् ।

- ○ तपाईंको पटक पटकको अवलोकनहरूमा परम्परागत गीत आफैँ गाउन नसक्ने बालबालिका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

## प्रतिक्रियाका चरण र थप सिकाइका लागि सिकाइ रणनीतिहरू

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले आफ्नो र अभिभावकहरूका नाम बताउन सक्छन् । | आफ्नो नाम वा अभिभावकका नाम जस्ता आफ्नै बारेमा आधारभूत सूचनाहरू थाहा भएको । | सुरुआत | • प्रत्येक पटक बालबालिकाको नाम प्रयोग गरी प्रत्येक बालबालिकासँग प्रत्यक्ष रूपमा पटक-पटक अन्तरक्रिया गर्ने ।<br>• बालबालिकालाई आफ्नो घरपरिवार र अभिभावकको नाम र थर बताउन लगाउने ।<br>• कक्षामा बालबालिकाको जन्मदिन मनाउने ।<br>• बालबालिकालाई आफ्नो र अरूको व्यक्तिगत विशेषताहरूबीचको समानता र असमानताहरू चिन्न मद्दत गर्न क्रियाकलापहरू तय गर्ने र सामग्रीहरू उपलब्ध गराउने ।<br>• विविधता र असमानताहरूलाई सकारात्मक रूपमा सम्बोधन गर्न कथा, गीत आदिको प्रयोग गर्ने । |
| बालबालिकाले आफ्नो उमेर र लिङ्ग बताउन सक्छन् । | आफ्नो उमेर, लिङ्ग जस्ता आफ्नै बारेमा आधारभूत सूचनाहरू प्रस्तुत गर्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई उनीहरूको उमेर भन्न, लिङ्ग पहिचान गरी भन्न र उनीहरू को हुन् भन्ने भाव विकास गर्न मद्दत गर्ने खालका क्रियाकलापहरू गराउने ।<br>• बालबालिकाका फरक रुचि र क्षमताहरूलाई समेट्न कक्षाभित्र र बाहिर प्रयोग गर्न मिल्ने दुवैथरी सामग्री र उपकरणहरू समावेश गर्ने ।<br>• आफ्नो घरमा बालिने भाषामा शब्दहरू प्रस्तुत गर्ने बालबालिकाप्रति सहयोगी बन्ने । |

| बालबालिकाको प्रतिक्रिया | बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|---|
| बालबालिकाले आफ्नो परिवार भित्रका संस्कृति/ चाडबाडबारे बताउन सक्छन् । | परिवारका संस्कृति, चाडबाड जस्ता बारेमा सचेतना प्रस्तुत । | अगाडि बढिरहेको | • माथिका रणनीतिहरूसँगै कक्षाकोठाभित्र विभिन्न प्रकारका संस्कृति, चाडपर्व झल्किने चित्र प्रदर्शन गर्ने । उनीहरूले घरमा मनाउने पर्व र संस्कृतिका विषयमा पहिचान गरी भन्न लगाउने । बालबालिकालाई पारिवारिक तथा स्थानीय चाडवाडहरू मनाएर रमाउने क्रियाकलापको अभिनय गराउने ।<br>• बालबालिकालाई परिवारिक चित्र बनाउन प्रोत्साहित गर्ने र चित्रमा भएका सदस्यहरूको बारेमा भन्न लगाउने ।<br>• बालबालिकालाई उनीहरूको पारिवारिक संरचना, पेसाहरू, कामहरू वा पारिवारिक रूपमा महत्त्वपूर्ण कार्यक्रमहरूका बारेमा बताउन प्रोत्साहित गर्ने ।<br>• विविध चाडबाड र संस्कारहरू अनुभव गर्न/मनाउन अवसरहरू प्रदान गर्ने ।<br>• नियमित रूपमा सांस्कृतिक कुराहरूसँग सम्बन्धित पक्षमा अभिनय गराउने कुरालाई सहजीकरण गर्ने । |
| बालबालिकाले देशभित्र मनाइने चाडपर्वको नाम भन्न र देशको राष्ट्रिय गीत गाउन सक्छन् । | राष्ट्रिय चाड/दिवस र राष्ट्रिय गीतसम्बन्धी सचेतना प्रस्तुत गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• संस्कृति तथा राष्ट्रिय चिह्न नक्सासम्बन्धी विविध फोटो (तस्बिर)/भिडियो (श्रव्यदृश्य)हरू देखाउने र तिनका बारेमा समूहगत छलफल गर्ने ।<br>• देशमा मनाइने विभिन्न प्रकारका चाडपर्वको चित्र प्रस्तुत गर्दै बालबालिकासँग छलफल गर्ने ।<br>• बालबालिकालाई राष्ट्रिय झन्डाका रङहरू र आकार चिन्ने र आफैँ त्यसको चित्र बनाउने अवसर उपलब्ध गराउने ।<br>• बालबालिकालाई राष्ट्रिय झण्डासहित सामूहिक रूपमा राष्ट्रिय गीत गाउन लगाउने ।<br>• विभिन्न मानिस बस्ने क्षेत्र र ठाउँहरूबारे सिक्न बालबालिकालाई स-साना भौगोलिक नमूनाका जोड्न मिल्ने टुक्राहरू चलाउन र खेल्न प्रोत्साहित गर्ने । |

## ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)

| | | | |
|---|---|---|---|
| **बालबालिकाको नाम :** | **लिङ्ग :** | **जन्ममिति :** | **उमेर :** |
| **उचाइ :** | **तौल :** | | |
| **केही कार्यगत सीमितता/अपाङ्गता भए त्यसको विवरण[८] :** | | **ठेगाना :** | |
| **आमाको नाम :** | **बुबाको नाम :** | | **तस्बिर/फोटो** |
| **शिक्षकको नाम :** | **विद्यालय/प्रारम्भिक बालविकास केन्द्रको नाम :** | | |
| **ठेगाना :** | **महा/उपमहा/नगर/गाउँपालिका :** | | |

### मानक तथा सूचकहरू

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा[९] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | **शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती** | **स्थूल अङ्गको विकास** | **मानक :** शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने<br>**सूचक :** बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | उफ्रने जस्तो स्थूल अङ्गका क्रियाकलापमा सीमित सन्तुलन | | | | |
| | | | | स्थूल अङ्गका क्रियाकलापका क्रममा सन्तुलन कायम | | | | |
| | | | | छिटो सक्रिय हुँदा पनि सन्तुलन कायम र शरीरलाई नियन्त्रण | | | | |
| | | | | लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डो खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापका क्रममा सन्तुलन कायम र राम्रो संयोजन | | | | |

[८]बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा अनुसूची १मा रहेको वासिङ्टन समूहको २ देखि ४ वर्षका बालबालिकाको कार्यगत सीमितता पहिचान प्रश्नावली प्रयोग गरेर यहाँ भर्नुहोस् । यो प्रश्नावली तपाईंले IEMIS भर्न प्रयोग गरिसक्नु भएको छ भने त्यसैबाट पनि लिन सक्नुहुन्छ ।

[९]पहिलो मूल्याङ्कन प्रतिवेदन बालबालिका प्राथमिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दाको समयमा गरिनेछ भन्ने आशा गरिएको ।

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| २ | | **सूक्ष्म अङ्गको विकास** | **मानक :** साना मांसपेशी सहितका अङ्गहरूको संयोजन र परिचालन गर्न सक्षम हुने ।<br>**सूचक :** टाँक लाउने, बकल कस्ने, चेन लगाउने, तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा र रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेशीहरू (जस्तैः औंलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय | | | | |
| | | | | सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय | | | | |
| | | | | जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम | | | | |
| | | | | साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम | | | | |
| ३ | | **इन्द्रिय अङ्गको विकास** | **मानक :** आफ्नै इन्द्रियहरूको प्रयोग गरी खेल्ने र सिक्ने ।<br>**सूचक :** बालबालिकाले इन्द्रिय अङ्गसँग सम्बन्धित विविध सिपहरू प्रदर्शन गर्न सक्दछन् । | विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत | | | | |
| | | | | कुनै इन्द्रिय गुणमा (जस्तैः गन्ध, आवाज, स्वाद, बनोटमा) आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट | | | | |

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| ४ | | **व्यक्तिगत सरसफाइ** | **मानक :** आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने । **सूचक :** बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्छन् (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) । | आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| ५ | | **सुरक्षित अभ्यास** | **मानक :** सुरक्षित बस्ने र हानिकारक वस्तुहरूबाट टाढा रहने ज्ञान हुनु । **सूचक :** बालबालिकाले हाँच्छ्युँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने वा धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् । | सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्रपूर्वक ढङ्गले पालना गर्ने | | | | |
| | | | | अधिकांश समयमा आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने | | | | |
| ६ | **भाषिक विकास** | **सुनाइ** | **मानक :** एकआपसमा र परिचित वयस्कहरूसँग कुराकानी गर्ने । **सूचक :** बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् । | कथा वा कुराकानीमा ध्यान नदिने | | | | |
| | | | | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने (जस्तैः अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तैः के ? कहिले ? को ?) प्रतिक्रिया जनाउने | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन ? र कसरी ?) प्रतिक्रिया जनाउने | | | | |

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | **पूर्वपढाइ** | **मानक :** पूर्वपठ्नका सिप देखाउने । **सूचक :** बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई अक्षरहरूसँग जोड्न सक्षम छन् । | पुस्तकको पहिलो पाना चिन्ने | | | | |
| | | | | चित्रहरू र पाठ छुट्याउन सक्ने | | | | |
| | | | | पाठको दिशा (लेखाइ कथाबाट कतापट्टि जान्छ) भन्ने बुझ्ने | | | | |
| | | | | अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने | | | | |
| ८ | | **पूर्वलेखाइ** | **मानक :** पूर्वलेखाइका सिपहरू देखाउने । **सूचक :** बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्छन् । | लेखनको प्रतिनिधित्व स्वरूप केरकार गर्ने | | | | |
| | | | | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने | | | | |
| | | | | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने | | | | |
| | | | | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) | | | | |
| ९ | **बौद्धिक विकास** | **बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू** | **मानक :** सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने । **सूचक :** बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् । | कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने | | | | |
| | | | | कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| १० | | **वर्गीकरण र क्रम मिलाउने** | **मानक :** वस्तुहरूलाई क्रममा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने ।<br>**सूचक :** बालबालिकाले फरक-फरक विशेषता (आकार, नाप वा रङ)का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने | | | | |
| | | | | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने | | | | |
| | | | | कुनै दुई विशेषताका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| | | | | सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| ११ | | **वैज्ञानिक ज्ञान/खोजी** | **मानक :** हेरेर मौसमबारे व्याख्या गर्न सक्ने ।<br>**सूचक :** बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्छन् र त्यस मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्छन् (जस्तो कि झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने) | मौसम पहिचान गर्न नसक्ने | | | | |
| | | | | कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्ने | | | | |
| | | | | पहिचान गरेको मौसम र सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने | | | | |
| | | | | कुनै ३-४ प्रकारका मौसमहरू र तीसँग सम्बन्धित वस्तुहरूको पहिचान गर्न सक्ने | | | | |
| १२ | | **दुरी र दिशा** | **मानक :** दिशा र त्यससम्बन्धी निर्देशनहरू बुझ्ने र तिनलाई प्रयोग गर्ने ।<br>**सूचक :** बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् । | वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने | | | | |
| | | | | एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तै माथि वा भित्र, नजिक वा टाढा | | | | |
| | | | | तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् | | | | |
| | | | | बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन् | | | | |

| क्र. सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| १३ | | अङ्क/ सङ्ख्या | **मानक :** अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने । **सूचक :** बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणाको ज्ञान प्रस्तुत गर्दछन् । | मात्राहरूको तुलना गर्न सक्ने | | | | |
| | | | | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने | | | | |
| | | | | अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने | | | | |
| | | | | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठूलो दुवै सङ्ख्याको पहिचान गर्ने | | | | |
| १४ | | कल्पना | **मानक :** वास्तविकता र कल्पनाबीच फरक गर्न सक्ने । **सूचक :** बालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने | | | | |
| | | | | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने | | | | |
| | | | | कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने | | | | |
| | | | | आफ्नै कथा बनाउने र सुनाउने | | | | |
| १५ | सामाजिक विकास | जीवन उपयोगी सिपहरू | **मानक :** व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर । **सूचक :** बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्ने । | अरूको छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने | | | | |
| | | | | अरूसँग खेल्न सुरु गर्ने | | | | |
| | | | | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने | | | | |
| | | | | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने | | | | |

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| १६ | | **सामाजिक व्यवहार** | **मानक :** आवश्यकतानुसार आफ्ना साथी र अरू ठुला मानिससँग उचित रूपमा व्यवहार गर्ने । **सूचक :** बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई सावाधानीपूर्वक अभिवादन गर्छन् । | परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने | | | | |
| | | | | केही निश्चित वयस्कलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउने | | | | |
| १७ | **संवेगात्मक विकास** | **संवेगात्मक अभिव्यक्ति** | **मानक :** परिस्थितिअनुसार विविध संवेग/भावनाहरू अभिव्यक्त गर्ने । **सूचक :** बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् । | संवेग/भावनाहरू चिन्न नसक्ने | | | | |
| | | | | आफ्ना संवेग/भावनाहरू चिन्ने | | | | |
| | | | | संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने | | | | |
| | | | | आफ्नो संवेग/भावनालाई उचित प्रतिक्रिया दिने | | | | |
| १८ | | **संवेगात्मक सुरक्षा र आत्मविश्वास** | **मानक :** विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने । **सूचक :** बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् । | आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने | | | | |
| | | | | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने | | | | |
| १९ | **सांस्कृतिक विकास** | **राष्ट्र र राष्ट्रियता** | **मानक :** "हामी नेपाली हौँ" भन्ने भावना अभिव्यक्त गर्न सक्ने **सूचक :** बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् । | आफ्नो नाम वा अभिभावकका नाम जस्ता आफ्नै बारेका आधारभूत सूचनाहरू थाहा भएको | | | | |
| | | | | आफ्नो उमेर, लिङ्ग जस्ता आफ्नै बारेमा आाधारभूत सूचनाहरू प्रस्तुत गर्ने | | | | |
| | | | | परिवारका संस्कृति, चाडबाड जस्ता बारेमा सचेतना प्रस्तुत गर्ने | | | | |
| | | | | राष्ट्रिय चाड/दिवस र राष्ट्रिय गीतसम्बन्धी सचेतना प्रस्तुत गर्ने | | | | |

**टिप्पणीमा, सम्बोधन गर्न आवश्यक रहेका समग्र सबल र दुर्बल पक्षहरू लेख्नुहोस् ।**

| त्रैमासिक | टिप्पणी | हस्ताक्षर | |
|---|---|---|---|
| | | प्रारम्भिक बालविकास शिक्षक | अभिभावक/स्याहारकर्ता |
| सुरुआतमा (प्रवेशको समयमा) | | | |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| तेस्रो त्रैमासिक | | | |



# खण्ड ३

## प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयहरू बन्द रहँदा अभिभावक/स्याहारकर्तामार्फत प्रयोगका लागि सिकाइ रणनीतिहरूसहितको निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका



## क) निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका र यसको प्रयोगमा ध्यान दिनुपर्ने केही कुरा

**१. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) अभिभावक/स्याहारकर्ताहरूसँग घरमै प्रयोग गर्नुको उद्देश्य के हो ?**

प्रारम्भिक बालविकास/पूर्वप्राथमिक उमेरका बालबालिकाको सम्बन्धित अभिभावक/स्याहारकर्ताहरूको सहयोगमा घरमै आधारित क्रियाकलापको माध्यमबाट विकास तथा सिकाइको स्तर मूल्याङ्कन गरी अभिभावक/स्याहारकर्ताहरूलाई बालविकास र सिकाइमा आवश्यक सरसल्लाह दिन प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकले प्रयोग गर्ने उद्देश्यले यसको विकास गरिएको हो ।

**२. घरमा बालिबालिकाको सिकाइको मूल्याङ्कन गर्ने काममा मद्दत गर्न तपाईंले आमाबुबा/स्याहारकर्ताहरूसँग कसरी सम्पर्क गर्न सक्नुहुन्छ ?**

पूर्वप्राथमिक स्तरका शिक्षक/प्रारम्भिक बालविकास शिक्षकले बालबालिकाको घरमा आधारित मूल्याङ्कनलाई प्रत्यक्ष भौतिक भेटघाट, सामान्य प्रविधि टेलिफोन सम्पर्क/एसएमएस) र अनलाइन भिडियो कल वा सामाजिक सञ्जालहरू) साधनहरूमार्फत सञ्चालन गर्न सक्नुहुन्छ । आजकल यी माध्यमहरू नेपालमा बालबालिकासँग घरमा सम्पर्क गर्न प्रयोग भइरहेका पनि छन् । सबैभन्दा पहिले सम्पर्कका लागि सबैभन्दा बढी पहुँचमा रहेको माध्यम पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ । त्यसपछि सोही अनुरूपको मूल्याङ्कन योजना बनाउनुपर्छ । केही विद्यमान माध्यमहरू तल उल्लेख गरिएका छन् :

| घरमा पुग्ने | फोन सम्पर्क वा एसएमएस जस्ता सामान्य प्रविधि माध्यम | स्वास्थ्य, पोषण वा अन्य सेवाका लागि बालविकास केन्द्रमा हुने भ्रमण | भिडियो कुराकानी वा सामाजिक सञ्जाल जस्ता अनलाइन माध्यमहरू |
|---|---|---|---|
| पूर्वप्राथमिक स्तरका शिक्षकहरू अभिभावक/स्याहारकर्ता र साना बालबालिकालाई सम्पर्क गर्न विद्यालय/बालविकास केन्द्र बिदा भएको समयमा उनीहरूका घरमा पुग्न सक्नुहुन्छ भने यो अवसर बालबालिकासँग प्रत्यक्ष मूल्याङ्कन क्रियाकलाप सञ्चालनका लागि प्रयोग हुन सक्दछ । शिक्षकले मूल्याङ्कन स्रोत पुस्तिकाबाट बालबालिकासँग घरमै गर्न सकिने क्रियाकलापहरू पहिचान गर्न सक्नुहुन्छ भने अभिभावक/स्याहारकर्ताबाट बालबालिका बारे उहाँहरूको अवलोकनका आधारमा सूचनाहरू सङ्कलन गर्न सक्नुहुन्छ । | अभिभावक/स्याहारकर्तासँग फोनमा कुरा गरी तपाईं अभिभावकमार्फत मूल्याङ्कन कार्यमा जान सक्नुहुन्छ । अभिभावक/स्याहारकर्ताको व्यस्त कार्यतालिकाका कारण पूरै मूल्याङ्कन सम्पन्न गर्न सम्भव भएन भने पनि तपाईं मूल्याङ्कन कार्यहरूलाई विभिन्न भागमा बाँड्न र फोन सम्पर्कपछि उपयुक्त समयमा मूल्याङ्कन सूचना सङ्कलन गर्न सक्नुहुन्छ । | अभिभावक/स्याहारकर्ताहरू बैठक वा पोषण वा स्वास्थ्य सेवाका लागि बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा आएको समयमा तपाईंले उहाँहरूसँग मूल्याङ्कन स्रोत पुस्तिकामा आधारित केही प्रश्नहरू सोध्ने योजना बनाउन सक्नुहुन्छ । | पूर्वप्राथमिक तहका शिक्षकहरूले अभिभावक/स्याहारकर्तासँग मूल्याङ्कन क्रियाकलापहरू पुऱ्याउन आफूसँग भाइबर/म्यासेन्जरमा विद्यमान रहेका समूहहरूको प्रयोग गर्न सक्नुहुन्छ र फोन सम्पर्कबाट त्यसमा के भइरहेको छ भनी जानकारी लिन सक्नुहुन्छ । |

## ३. अभिभावक/स्याहारकर्तासँग यो पुस्तिका घरमा प्रयोग गर्ने सम्बन्धमा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण बुँदाहरू

- निर्माणात्मक मूल्याङ्कन घरमा बालबालिकाको नियमित दैनिकीको अङ्गका रूपमा सञ्चालन गरिन्छ (जब उनीहरू दैनिक कार्यतालिकाअनुसारका विभिन्न कार्यहरूमा सहभागी भइरहेका हुन्छन् वा केही नियोजित क्रियाकलापका क्रममा) । तपाईंले बालबालिकाका विभिन्न विशिष्ट पक्षहरू/सक्षमताका क्षेत्रहरूमा आफ्नो साथै अभिभावक/स्याहारकर्ताको उपलब्धताका आधारमा धेरै दिन/साता लगाएर पनि मूल्याङ्कन गर्न सक्नुहुन्छ ।
- विभिन्न विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूको मूल्याङ्कन एउटा निश्चित क्रममा सञ्चालन गर्नु पर्दैन, त्यसैले दक्षताका क्षेत्रहरूलाई एकत्रित गर्न सकिन्छ र अभिभावक/स्याहारकर्ताहरूसँगै दुई वा तीन भागमा मूल्याङ्कन सञ्चालन गर्न सकिन्छ ।
- कुनै बालबालिकालाई दिइएको विशिष्ट पक्षभित्रको कुनै निश्चित मूल्याङ्कन क्रियाकलाप गर्न आफूलाई असमर्थ पाउनुभयो भने रोकिनुहोस् र यही विशिष्ट पक्षभित्रको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि नबढ्नुहोस् । कि फरक विशिष्ट पक्षको अर्को मूल्याङ्कन क्रियाकलापमा जानुहोस्, कि त सहयोगका लागि सिकाइ रणनीति तर्जुमा गर्नेतर्फ लाग्नुहोस् ।
- अभिभावक/स्याहारकर्ताहरूसँग धैर्यतापूर्वक कुराकानी गर्नुहोस् र मूल्याङ्कन क्रियाकलापहरूको व्याख्या गर्नुहोस् । त्यो कार्य किन महत्त्वपूर्ण छ भनेर बताउनुहोस् । उहाँहरूसँग प्रश्नहरू हुन सक्छन्, त्यसैले पूरक जानकारी उपलब्ध गराउन तयार रहनुहोस् । जब अभिभावक/स्याहारकर्ताहरूले घरमा मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्ने अपेक्षा राखिन्छ, तब उहाँहरूलाई निर्देशनहरू र क्रियाकलाप, त्यसका पछाडिको उद्देश्यसमेत स्पष्ट रूपमा जानकारी गराउनुपर्दछ ।
- अभिभावक/स्याहारकर्तालाई असजिलो पार्नसक्ने गरी प्रक्रिया र अभिलेख राख्ने काममा जोड नदिनुहोस् । याद गर्नुहोस् यसको मुख्य लक्ष्य मूल्याङ्कन नभई सिकाइ रणनीतिहरूमा सघाउ पुऱ्याउनु हो ।

## ४. घरमा अभिभावक/स्याहारकर्ताले मूल्याङ्कन क्रियाकलापहरू सञ्चालन गर्दा उहाँहरूका सामु प्रष्ट पार्नै पर्ने केही बुँदाहरू :

- एक पटकको अवलोकनबाट मात्र नभई अभिभावक/स्याहारकर्तासँगको छलफलबाटसमेत सङ्कलन गरिएका बहुप्रमाणका आधारमा तपाईंले प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्ने आशा गरिएकाले अभिभावक/स्याहारकर्ताहरूलाई विभिन्न समय क्रममा गरिने मूल्याङ्कन र अन्य क्रियाकलापका आधारमा बालबालिकाको स्तर अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् ।
- अभिभावक/स्याहारकर्ताहरूसँगको छलफलमा आधारित भई तपाईंले वर्षमा ४ पटक प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्ने आशा गरिन्छ । यो प्रत्येक ४ महिनापछि गरिनु पर्छ ।
- बालबालिकासँग केही समयावधिसम्म सिकाइको सीमित औपचारिक अनुभव हुने भएकाले सुरुमा उनीहरूले सङ्घर्ष गर्न सक्छन् भनी अभिभावक/स्याहारकर्ताहरूलाई स्पष्ट पारिदिनुहोस् । बालबालिका कुनै क्रियाकलाप पूरा गर्न असमर्थ भए भनेपनि त्यसमा चिन्ता गर्नु पर्दैन ।
- अभिभावक/स्याहारकर्ताहरूलाई उहाँहरूले यसलाई परीक्षाका रूपमा हेर्न नहुने र बालबालिकाका लागि यो तनावपूर्ण अनुभव बन्न नहुने कुरा बताउनुहोस् । बालबालिकाले यसलाई खेल कार्य र सिकाइ अनुभवका रूपमा हेरेको हुनुपर्छ ।
- अभिभावक/स्याहारकर्ताहरूसँग अन्तरक्रिया गर्दा सकारात्मक प्रोत्साहनको अर्थ र महत्त्व तथा बालबालिकाले कस्तो प्रदर्शन गऱ्यो भन्ने मतलब नगरी उनीहरूले गरेको प्रयासलाई कदर गर्ने कुरामा

जोड दिनुहोस् । बालबालिकाका सानो प्रगतिका लागि पनि प्रशंसा गर्न अभिभावक/स्याहारकर्ताहरूलाई सुझाव दिनुहोस् ।

- आफ्ना व्यक्तिगत आग्रहहरूबाट बालबालिकालाई फाइदा नपुग्ने भएकाले बालबालिकाको मूल्याङ्कनलाई प्रभावित हुन नदिन अभिभावक/स्याहारकर्ताहरूलाई आग्रह गर्नुहोस् ।
- अभिभावक/स्याहारकर्ताहरूलाई पूर्वप्राथमिक तह/प्रारम्भिक बालविकास केन्द्रहरू पुनः खुले पनि बालविकास केन्द्रमा बालबालिकाले सिकेका कुरामा जोड दिन घरमा सिकाइ वातावरण कायम राखिरहन प्रोत्साहित गर्नुहोस् ।

### सामग्रीको ढाँचा

| विकासका क्षेत्र | उप-क्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू |
|---|---|---|
| शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक विकास | स्थूल अङ्गको विकास |
| | स्वास्थ्य र सरसफाइ | व्यक्तिगत सरसफाइ |
| भाषिक विकास | सञ्चार | सुनाइ |
| | | पूर्वलेखाइ |
| बौद्धिक विकास | बौद्धिक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | | वर्गीकरण र क्रम मिलाउने |
| | गणित | अङ्क/सङ्ख्या |
| | सिर्जनशीलता | कल्पना |
| सामाजिक विकास | सामाजिक विकास | जीवन उपयोगी सिप |
| संवेगात्मक विकास | संवेगात्मक विकास | संवेगात्मक सुरक्षा तथा आत्मविश्वास |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| १. | **स्थूल अङ्गको विकास** | आफ्ना बालबालिकाका लागि ठुला मांसपेशीसम्बन्धी केही क्रियाकलापहरू गराउने तयारी गर्नुहोस् ।<br>१. भुइँमा केही ठुला आकारहरू (वृत्त, त्रिभुज आदि) बनाउनुहोस् । बालबालिकालाई दुवै खुट्टा प्रयोग गरी निश्चित आकारमा उफ्रन भन्नुहोस् । यो क्रियाकलाप ५ पटक दोहोऱ्याउनुहोस् । (आकारहरू खिच्न चक, पिठो, खरानी, डोरी, तार, लठ्ठी आदि प्रयोग गर्न सकिन्छ ।) तपाईंको बालक/बालिकाले सन्तुलन नगुमाई उफ्रन सकेको छ वा छैन पटकपटक अवलोकन गर्नुहोस् ।<br>• बालबालिका उफ्रन नसक्ने, लड्ने वा आफ्नो सन्तुलन कायम राख्न नसक्ने छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिका नलडी उफ्रन र आफ्नो सन्तुलन कायम गर्न सक्षम छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् । | बालबालिका सन्तुलन नगुमाई उफ्रन सक्दैनन् । | बालबालिका सन्तुलन नगुमाइ उफ्रन सक्छन् । | बालबालिका कुनै आकारको घेरामा छिटोछिटो हिँड्दा नियन्त्रण र सन्तुलन कायम राख्न सक्छन् । | बालबालिकाले तोकिएको लक्ष्यमा वा त्यसको नजिक बल फाल्दा सन्तुलन कायम राख्न सक्छन् । |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | २. आफ्नो बालबालिकालाई निर्धारित आकारको घेरामा छिटो हिँड्न लगाउनुहोस् । २-३ पटक छिटोछिटो हिँड्दा आफैँ सन्तुलन कायम राख्न छोडिदिनुहोस् । उनीहरूले आकारको घेरामा छिटो हिँड्दा सन्तुलन र नियन्त्रण कायम राख्न सकेका छन् वा छैनन् पटकपटक अवलोकन गर्नुहोस् ।<br>• बालबालिकाले आकारको घेरामा छिटोछिटो हिँड्न नसकेमा फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिकाले आकारको घेरामा छिटोछिटो हिँड्न सकेमा यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>३. खुला ठाउँमा एउटा कार्टुन/बाल्टिन राख्नुहोस् । त्यसबाट एक मिटर जति पर एउटा रेखा कोर्नुहोस् । आफ्नो बालबालिकालाई त्यो रेखामा उभ्याउनुहोस् र उनीहरूलाई कार्टुन/बाल्टिनमा पर्ने गरी भकुन्डो (वा पुरानो पत्रिका वा कपडाको डल्लो) फाल्न लगाउनुहोस् । यो क्रियाकलापलाई ५ पटक दोहोऱ्याउनुहोस् । तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले बल कार्टुन वा बाल्टीभित्र वा | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | लक्ष्यको नजिक फाल्दा ठुला मांसपेशीहरूको सन्तुलन र नियन्त्रण कायम राख्न सकेका छन् वा छैनन् हेर्नुहोस् ।<br>• बालबालिकाले दिइएको लक्ष्यमा बल फाल्दा सन्तुलन राख्न सकेका छैनन् भने विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गत दिइएको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले दिइएको लक्ष्यमा बल फाल्दा सन्तुलन राख्न सकेका छन् भने अर्थात् लक्ष्यभित्र वा नजिक बल फालेका छन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card)मा लेख्नुहोस् । | | | | |
| २. | **व्यक्तिगत सरसफाइ** | आफ्ना बालबालिकालाई पटक पटक अवलोकन गर्नुहोस् र हेर्नुहोस् कि उनीहरू आधारभूत स्वावलम्बन सिपहरू[10] (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय गएपछि हात धुने) आफैँले गरेर देखाउन सक्षम छन् कि छैनन् । | बालबालिका आधारभूत स्वावलम्बन सिपहरू देखाउन नसक्ने छन् । | बालबालिकाले कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू देखाउन सक्छन् । | बालबालिकाले स्वतन्त्र रूपमा २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू देखाउन सक्छन् । | बालबालिका स्वतन्त्र रूपमा अधिकांश आधारभूत स्वावलम्बन सिपहरू देखाउन सक्षम छन् । |

[10]यी आधारभूत स्वावलम्बन सिपहरू हुन्, जसलाई अभिभावक/स्याहारकर्ताले घरमा अवलोकन गर्न सक्नुहुन्छ । जस्तैः शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माँझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हात धुने ।

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| ३. | **जीवन उपयोगी सिपहरू** | बालबालिकाले आधारभूत स्वावलम्बन सिपसम्बन्धी क्रियाकलापहरू तथा तपाईंले घरमा गराउने अरू कामहरू आफैँले आनै पहलमा गर्छन् वा अरूले सम्झाएपछि मात्र गर्छन् अवलोकन गर्नुहोस् । | केही गर्नका लागि भनिसकेपछि पनि बालबालिकाले त्यसमा कुनै पहल लिँदैनन् । | सङ्केत/प्रोत्साहन दिँदा बालबालिकाले काममा पहल लिन्छन् । | बालबालिकाले आफूलाई मन पर्ने काममा पहल लिन्छन् । | बालबालिकाले अधिकांश/सबै काममा स्वस्फूर्त रूपमा पहल लिन्छन् । |
| ४. | **बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू** | आफ्नो बालबालिकालाई कुनै घटना/क्रियाकलाप क्रम मिलाएर व्याख्या गर्न लगाउनुहोस् । उदाहरणका लागि- "हामी बिहान के के गर्छौं ?" भनेर सोध्नुहोस् । (जस्तैः दाँत माझ्ने, शौचालय जाने, नुहाउने, बिहानको खाजा खाने, तयार हुने) । (कुनै पनि ५-६ ओटा चरणसहितको क्रियाकलाप वा घटना छान्नुहोस्) । बालबालिकालाई त्यसका प्रत्येक चरणलाई सही क्रममा राखी कुराकानी गर्न दिनुहोस् । तपाईंको पटक पटकको अवलोकनमा उसले उक्त काम/घटनाका कति ओटा क्रियाकलाप/चरणहरू क्रम मिलाएर भन्न सके ध्यान दिनुहोस् । | बालबालिका कुनै पनि क्रियाकलाप ठिक क्रममा भन्न सक्दैनन् । | बालबालिकाले कम्तीमा २ ओटा क्रियाकलाप क्रममा राखेर कुनै घटना बताउन सक्छन् । | बालबालिकाले ३-४ ओटा क्रियाकलाप क्रममा राखेर कुनै घटना बताउन सक्छन् । | बालबालिकाले सबै ५ ओटा क्रियाकलाप क्रममा राखेर कुनै घटना बताउन सक्छन् । |
| ५. | **सुनाइ** | आफ्ना बालबालिकालाई कुनै सामान्य र रोचक कथा सुनाउनुहोस् । यस क्रियाकलापको अर्को चरणमा जानुअघि यो कथा २-३ पटक (समय लिएर) सुनाउनुहोस् । कथालाई रोचक बनाउन कथा सुनाउँदा स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूको प्रयोग गर्नुहोस् । | कथा सुनाइरहँदा बालबालिकाले ध्यान दिँदैनन् । | कथा सुनाइरहँदा बालबालिकाले ध्यान दिन्छन् तर सामान्य प्रश्नको जवाफ दिन सक्दैनन् । | बालबालिकाले कथासँग सम्बन्धित सामान्य प्रश्नहरूको सही जवाफ दिन सक्छन् । | बालबालिकाले कथासँग सम्बन्धित जटिल प्रश्नहरूको सही जवाफ दिन सक्छन् । |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | १. कथा सुनिरहँदा कति ध्यान दिइरहेका छन् अवलोकन गर्नुहोस् (अनुहारको हाउभाउ, शरीरको हाउभाउ, सङ्केतहरूमा ध्यान दिनुहोस्, तपाईंले कथा सुनाइरहँदा प्रश्नहरू गर्छन् वा ध्यान दिँदैनन् हेर्नुहोस् । जस्तैः कसैसँग कुरा गर्ने वा खेलौनासँग खेल्ने वा अरू कुरातिर व्यस्त हुने आदि)<br>• कथा सुन्दा बालबालिकामा एकाग्रता छैन भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• कथा सुन्दा बालबालिकामा एकाग्रता छ भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>२. बालबालिकालाई कथासँग सम्बन्धित केही सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूको जवाफ दिन भन्नुहोस् (जस्तैः पात्रको नाम के थियो ? वा कथामा यस्तो (कुनै काम) कसले गरेको थियो ?)<br>• बालबालिकाले सामान्य प्रश्नहरूको जवाफ दिन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् । | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | • बालबालिकाले सामान्य प्रश्नहरूको जवाफ दिन सके भने यही विशिष्ट पक्ष /सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>३. बालबालिकालाई कथासँग सम्बन्धित केही जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूको जवाफ दिन भन्नुहोस् (जस्तैः किन उसले (कुनै पात्रले) त्यस्तो काम (पात्रले गरेको कार्य) गर्‍यो होला ? वा उसलाई किन त्यस्तो लाग्यो होला ?)<br>• बालबालिकाले जटिल प्रश्नहरूको जवाफ दिन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन गतिविधितर्फ अघि बढ्नुहोस् ।<br>• तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले जटिल प्रश्नहरूको जवाफ दिन सके भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा भर्नुहोस् । | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| ६. | **कल्पना** | १. सुनाइ बोधका लागि कथा सुनाइसकेपछि, आफ्ना बालबालिकालाई सोध्नुहोस् - "कथामा पात्रलाई के हुनसक्छ भन्ने लाग्छ ?" अथवा "कुनै पात्रको स्थानमा तिमी भएको भए के गर्थ्यौ ?"<br>• बालबालिकाले यी कुनै पनि प्रश्नको जवाफ दिन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिकाले यीमध्ये कुनै प्रश्नको जवाफ दिन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>२. अभिनय प्रस्तुत गर्दा बालबालिकालाई पुराना कपडा, भाँडाकुँडा, मकुन्डो, पत्रिका जस्ता केही अभिनयसँग सम्बन्धित सहयोगी सामग्रीहरू दिनुहोस् । अनि बालबालिकालाई यी सामग्रीहरू प्रयोग गर्न र कथामा मन परेको कुनै पात्रले जस्तै बोल्न वा अभिनय गर्न लगाउनुहोस् ।<br>• बालबालिकाले कथाको कुनै पात्रको जस्तो अभिनय गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् । | बालबालिकाले कथामा अब के हुनसक्छ भनी बताउन सक्दैनन् । | बालबालिकाले कथामा अब के हुनसक्छ भनी आफूलाई लागेको कुरा बताउन सक्छन् । | बालबालिकाले सुनाइएको कथाबाट अभिनय प्रस्तुत गर्न सक्छन् । | बालबालिकाले आफैँले बनाएको कथामा अभिनय प्रस्तुत गर्न सक्छन् । |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | • बालबालिकाले कथाको कुनै पात्रको जस्तो अभिनय गर्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>३. अब बालबालिकालाई आफ्नै कथा बनाउन र अभिनय साथ प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• बालबालिकाले आफैँ कथा बनाउन र अभिनयमार्फत प्रस्तुत गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले आफैँ कथा बनाउन र अभिनयमार्फत प्रस्तुत गर्न सके भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा भर्नुहोस् । | | | | |
| ७. | **वर्गीकरण र क्रम मिलाउने** | विभिन्न वर्गमा छुट्याउने कार्यका लागि कपडा, रङ्गीन टुक्रा, पात, वस्तुहरू जस्ता केही सामग्री वा घरमा उपलब्ध कुनै सामग्रीहरू छान्नुहोस् । | बालबालिकाले कुनै पनि विशेषताका आधारमा कपडा वा अन्य सामग्रीहरू वर्गीकरण गर्न सक्दैनन् । | बालबालिकाले कुनै एक विशेषताका आधारमा कपडा वा अन्य सामग्रीहरू वर्गीकरण गर्न सक्छन् । | बालबालिकाले कुनै २ विशेषताका आधारमा कपडा वा अन्य सामग्रीहरू वर्गीकरण गर्न सक्छन् । | बालबालिकाले कुनै ३ विशेषताका आधारमा कपडा वा अन्य सामग्रीहरू वर्गीकरण गर्न सक्छन् । |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | १. बालबालिकालाई छानिएका सामग्रीहरूमध्येबाट कुनै एक विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न लगाउनुहोस्, जस्तैः रङ वा नाप वा आकार । उदाहरणका लागि - बालबालिकालाई सबै सेतो रङका कपडा छान भन्नुहोस् ।<br>• बालबालिकाले एउटा विशेषताका आधारमा, जस्तो कि सेतो रङका आधारमा, वर्गीकरण गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिकाले एउटा विशेषताका आधारमा वर्गीकरण गर्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>२. बालबालिकालाई छानिएका सामग्रीहरूमध्येबाट कुनै दुई विशेषताका आधारमा वर्गीकरण गर्न लगाउनुहोस्, जस्तैः कमिज जति एउटा थुपोमा र सुरुवाल जति अर्कोमा राख भन्नुहोस् । | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | • बालबालिकाले दुई ओटा विशेषताका आधारमा, जस्तो कि कपडाको प्रकार : कमिज र सुरुवाल भन्ने आधारमा, वर्गीकरण गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिकाले दुई ओटा विशेषताका आधारमा वर्गीकरण गर्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>३. बालबालिकालाई छानिएका सामग्रीहरूमध्येबाट कुनै ३ ओटा विशेषताहरूका आधारमा वर्गीकरण गर्न लगाउनुहोस्, जस्तैः प्रकार, स्वामित्व (कसका हुन्) र रङका आधारमा ।<br>• बालबालिकाले ३ ओटा विशेषताहरूका आधारमा सामग्रीहरू वर्गीकरण गर्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष वा क्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले ३ ओटा विशेषताहरूका आधारमा सामग्रीहरू वर्गीकरण गर्न सके भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card)मा भर्नुहोस् । | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| ८. | **अङ्क/सङ्ख्या** | घरमा उपलब्ध केही सामग्रीहरू छान्नुहोस् (जस्तैः बियाँ, गट्टी वा गेडागुडी)।<br>१. बालबालिकालाई (फरक फरक सङ्ख्याका तर प्रत्येकमा १० भन्दा कम) बियाँका दुई ओटा थुप्रो देखाउनुहोस्। बालबालिकालाई कुन थुप्रोमा धेरै वा थोरै बियाँ/गट्टी/गेडागुडी छ भनी सोध्नुहोस्।<br>• बालबालिकाले धेरै वा थोरै भएको समूह चिन्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस्।<br>• बालबालिकाले धेरै वा थोरै भएको समूह चिन्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस्।<br>२. बालबालिकालाई १० ओटा बियाँ/गेडागुडी/गट्टी देखाउनुहोस्। बालबालिकालाई त्यसबाट पहिले ५ ओटा र अर्को पटक ९ ओटा (पहिले दिएको पाँचओटा फेरि त्यसैमा राखिसकेपछि) बियाँ तपाईंलाई दिन भन्नुहोस्। | बालबालिका धेरै/थोरै बियाँहरूको समूह चिन्न सक्छन्। | बालबालिकाले ५ र ९ ओटा बियाँ सही तरिकाले गन्ती गर्न सक्छन्। | बालबालिकाले सबै अङ्क/सङ्ख्या सही रूपमा पढ्न र तिनलाई गनिएका बियाँहरूसँग जोडा मिलाउन सक्छन्। | बालबालिका सबैभन्दा सानो र ठुलो दुवै थरी सङ्ख्या चिन्न सक्छन्। |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | • बालबालिकाले सही तरिकाले ५ र ९ ओटा बियाँ गन्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• बालबालिकाले सही तरिकाले ५ र ९ ओटा बियाँ गन्न सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>३. कागजका साना टुक्राहरूमा कुनै चार ओटा अङ्क/सङ्ख्या लेख्नुहोस्, जस्तैः ३, ५, ७ र ९ । यी अङ्क/सङ्ख्या बालबालिकालाई देखाउनुहोस् । उनीहरूलाई ती कागजका प्रत्येक टुक्रामा भएका अङ्क/सङ्ख्या के हुन् भनी सोध्नुहोस् । त्यसपछि बालबालिकालाई ती प्रत्येक अङ्क/सङ्ख्याका छेउमा उत्तिकै सङ्ख्यामा बियाँ वा छानिएको अर्को सामग्री राख्न लगाउनुहोस् ।<br>• बालबालिकाले सबै अङ्क/सङ्ख्या सही पढ्न र गनिएका बियाँसँग जोडी मिलाउन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन गतिविधितर्फ अघि बढ्नुहोस् । | | | | |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | • बालबालिकाले सबै अङ्क/सङ्ख्या सही पढ्न र गनिएका बियाँसँग जोडी मिलाउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।<br>४. बालबालिकालाई कागजका टुक्राहरूमा लेखिएकामध्ये सबैभन्दा सानो र ठुलो अङ्क/सङ्ख्या चिन्न लगाउनुहोस् ।<br>• बालबालिकाले सबैभन्दा सानो र ठुलो अङ्क दुवै चिन्न सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।<br>• तपाईंको पटक पटकको अवलोकनमा बालबालिकाले सबैभन्दा सानो र ठुलो अङ्क दुवै चिन्न सके भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा भर्नुहोस् । | | | | |
| ९. | **पूर्वलेखाइ** | आफ्ना बालबालिकालाई जे मन पर्छ, त्यही चित्र बनाउन र त्यसका बारेमा लेख्न प्रोत्साहित गर्नुहोस् ।<br>*शिक्षकहरूले ध्यान दिनुपर्ने कुरा :* बालबालिकाको स्तर उनीहरूले चित्रका बारेमा के लेख्छन् भन्ने आधारमा निर्क्यौल गर्नुहोस् । | बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्छन् । | बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउँछन् । | बालबालिका आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको | बालबालिकाले दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्छन् (आफ्नो उच्चारणमा |

| सङ्ख्या | विशिष्ट पक्ष | मूल्याङ्कन क्रियाकलापहरू | स्तरहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरुआत | प्रगति भइरहेको | अगाडि बढिरहेको | प्राथमिक विद्यालयका लागि तयार |
| | | | | | जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुन्छन् । | आधारित भएर अक्षरहरू लेख्ने) । |
| १०. | **संवेगात्मक सुरक्षा र आत्मविश्वास** | आफ्ना बालबालिकालाई पटक पटक अवलोकन गर्नुहोस् । तपाईँसँग वा घरका कोही अरूसँग बालविकास केन्द्रमा/साथीसँग/वा दिनभरिमा गरिएका कुराहरूमा के मज्जा लाग्यो वा नमज्जा लाग्यो भनेर बालबालिकाले सुनाउन सक्छन् कि सक्दैनन् याद गर्नुहोस् । | बालबालिका आफ्ना धारणाहरू अभिव्यक्त गर्न (मौखिक वा सङ्केतहरूबाट) सक्दैनन् । | बालबालिकाले निकट साथीहरू वा अभिभावकसँग मात्र आफ्ना धारणा सुनाउँछन् । | बालबालिकाले आमाबुवा वा परिवारका निकट सदस्यहरू नभएता पनि केही सीमित साथीहरूलाई आफ्ना धारणा सुनाउँछन् । | बालबालिकाले परिवारका सबै सदस्य र/वा साथीहरू/ छिमेकीहरूलाई पनि आफ्ना धारणा सुनाउँछन् । |

## ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (अभिभावक/स्याहारकर्ताहरूसँग प्रयोग गर्नका लागि घरमै आधारित संस्करण)

<table>
<tr><td>बालबालिकाको नाम :</td><td>लिङ्ग :</td><td>जन्ममिति :</td><td>उमेर :</td></tr>
<tr><td colspan="4">उचाइ : तौल :</td></tr>
<tr><td colspan="2">केही अपाङ्गता भए त्यसको विवरण[11] :</td><td colspan="2">ठेगाना :</td></tr>
<tr><td>आमाको नाम :</td><td colspan="2">बुबाको नाम :</td><td rowspan="3">तस्बिर/फोटो</td></tr>
<tr><td>शिक्षकको नाम :</td><td colspan="2">पूर्वप्राथमिक विद्यालय/प्रारम्भिक बालविकास केन्द्रको नाम :</td></tr>
<tr><td>ठेगाना :</td><td colspan="2">महा/उपमहा/नगर/गाउँपालिका :</td></tr>
</table>

### मानक र सूचकहरू

<table>
<tr><th>क्र. सं.</th><th>क्षेत्र</th><th>विशिष्ट पक्ष</th><th>मानक र सूचकहरू</th><th>स्तरहरू</th><th>सुरुआतमा[12]</th><th>पहिलो त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेस्रो त्रैमासिक</th></tr>
<tr><td rowspan="4">१</td><td rowspan="4">शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती</td><td rowspan="4">स्थूल अङ्गको विकास</td><td rowspan="4">मानक : शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने ।<br><br>सूचक : बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् ।</td><td>उफ्रने जस्तो स्थूल अङ्गका क्रियाकलापहरूका क्रममा सीमित सन्तुलन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थूल अङ्गका क्रियाकलापहरूका क्रममा सन्तुलन कायम गर्दछ</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>छिटो सक्रिय हुँदा पनि सन्तुलन कायम गर्दछ र शरीरलाई नियन्त्रण गर्दछ</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डो खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापहरूका क्रममा सन्तुलन कायम राख्ने र राम्रो संयोजन देखाउँछ</td><td></td><td></td><td></td><td></td></tr>
</table>

[11]यसको पहिचान गर्ने जिम्मेवारी शिक्षकलाई दिइएको छ र निर्माणात्मक मूल्याङ्कन सामग्री तथा मार्गदर्शन (प्रारम्भिक बालविकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा प्रयोगका लागि)को अनुसूचीमा विस्तृत प्रक्रिया उल्लेख छ ।

[12]पहिलो मूल्याङ्कन प्रतिवेदन बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दाको समयमा गरिनेछ भन्ने अपेक्षा गरिएको छ ।

| क्र. सं. | क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| २. | | **व्यक्तिगत सरसफाइ** | **मानक :** आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने ।<br>**सूचक :** बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्छन् (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) | आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| ३. | **भाषिक विकास** | **सुनाइ** | **मानक :** एक-आपसमा र परिचित वयस्कहरूसँग कुराकानी गर्ने ।<br>**सूचक :** बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् । | कथा वा कुराकानीमा ध्यान नदिने | | | | |
| | | | | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने (जस्तैः अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तैः के, कहिले, को) प्रतिक्रिया जनाउने | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन र कसरी) प्रतिक्रिया जनाउने | | | | |
| ४. | | **पूर्वलेखाइ** | **मानक :** पूर्वलेखन सिपहरू देखाउने ।<br>**सूचक :** बालबालिकाले पूर्वलेखन सिपहरू प्रदर्शन गर्न सक्छन् । | लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्ने | | | | |
| | | | | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने | | | | |
| | | | | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेकोजस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने | | | | |
| | | | | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) | | | | |

| क्र. सं. | क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| ५. | **बौद्धिक विकास** | **बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू** | **मानक :** सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने ।<br>**सूचक :** बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् । | कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने | | | | |
| | | | | कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| ६. | | **वर्गीकरण र क्रम मिलाउने सिप** | **मानक :** वस्तुहरूलाई क्रममा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने ।<br>**सूचक :** बालबालिकाले फरक-फरक विशेषताहरू (आकार, नाप वा रङ)का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने | | | | |
| | | | | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने | | | | |
| | | | | कुनै दुई विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| | | | | सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| ७. | | **अङ्क/सङ्ख्या** | **मानक :** अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने ।<br>**सूचक :** बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणको ज्ञान प्रस्तुत गर्दछन् । | मात्राहरूको तुलना गर्न सक्ने | | | | |
| | | | | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने | | | | |
| | | | | अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने | | | | |
| | | | | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठुलो दुवै सङ्ख्याको पहिचान गर्ने | | | | |

| क्र. सं. | क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुआतमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| ८. | | **कल्पना** | **मानक :** वास्तविकता र कल्पनाबीच फरक गर्न सक्ने ।<br>**सूचक :** बालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने | | | | |
| | | | | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने | | | | |
| | | | | कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने | | | | |
| | | | | आफ्नै कथा बनाउने र सुनाउने | | | | |
| ९. | **सामाजिक विकास** | **जीवन उपयोगी सिपहरू** | **मानक :** व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर<br>**सूचक :** बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन् । उदाहरणका लागि- समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्ने । | अरूको छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने | | | | |
| | | | | अरूसँग खेल्न सुरु गर्ने | | | | |
| | | | | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने | | | | |
| | | | | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने | | | | |
| १०. | **संवेगात्मक विकास** | **संवेगात्मक सुरक्षा र आत्मविश्वास** | **मानक :** विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने ।<br>**सूचक :** बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् । | आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने | | | | |
| | | | | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने | | | | |

टिप्पणीमा, सम्बोधन गर्न आवश्यक रहेका समग्र सबल र दुर्बल पक्षहरू लेख्नुहोस् ।

| त्रैमासिक | टिप्पणी | हस्ताक्षर | |
|---|---|---|---|
| | | प्रारम्भिक बालविकास सहजकर्ता | अभिभावक/स्याहारकर्ता |
| सुरुआतमा (प्रवेशको समयमा) | | | |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| तेस्रो त्रैमासिक | | | |

## ग) घरमै सिकाइ प्रवर्द्धन गर्न सहयोगात्मक सिकाइ अभ्यासहरू

प्रत्येक पक्ष/सक्षमताअन्तर्गतका आगामी वा विकास उपयुक्त चरणतर्फ बालबालिकालाई लैजाने कुरामा मद्दत गर्न यहाँ सुझाइएका क्रियाकलापहरूलाई मूल्याङ्कन र बालबालिकाको स्तरका आधारमा अभिभावक/स्याहारकर्ताहरूले गर्नसक्ने क्रियाकलापका रूपमा प्रारम्भिक तहका शिक्षकहरूले सुझाउन सक्नुहुन्छ ।

### १. स्थूल अङ्गको विकास

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| स्थूल अङ्गको विकाससम्बन्धी क्रियाकलापमा सीमित सन्तुलन जस्तै उफ्राइ । | सुरुआत | • बालबालिकालाई शारीरिक सन्तुलन र नियन्त्रण मजबुत गर्ने अभ्यास गर्ने समय दिनुहोस्, जस्तो कि - सिधा रेखामा बालबालिकालाई हिँडाउने वा दौडाउने, बिचमा हिँड्न बाटो बनाइदिने, खेतका आलीमा हिँडाउने ।<br>• चलायामान हुन र रमाइलो गर्न बालबालिकालाई प्रोत्साहित गर्न स्थानीय सङ्गीत, बालगीत, नृत्य र गोलाकारसँग जोडिने खेलहरूको उपयोग गर्ने ।<br>• भुइँमा गोलाकार, आयताकार जस्ता विभिन्न आकार कोर्ने र बालबालिकालाई उफ्रन वा ती आकारको वरिपरि छिटोछिटो वा विस्तारै हिँड्न लगाउने । बालबालिकालाई सक्रिय राख्न विभिन्न तरिकाहरू प्रयोग गर्न प्रोत्साहित गर्ने, जस्तो - फड्कने वा वरिपरि घुम्ने आदि ।<br>• ठुला मांसपेशीहरू सबल बनाउन जनावरले जस्तै चार खुट्टा गरी हिँड्ने, भ्यागुतालेजस्तै गरी उफ्रने जस्ता विभिन्न जनावरहरूको चालमा हिँड्न बालबालिकालाई प्रोत्साहित गर्ने । |
| क्रियाकलापका क्रममा सन्तुलन कायम राख्छन् । | प्रगति भइरहेको | • माथि उल्लेखित रणनीतिहरूका साथसाथै उल्टो हिँड्ने, एक खुट्टाले मात्र टेकेर उफ्रने जस्ता विविध प्रकारका क्रियाकलापहरू शिक्षकको योजनाअनुसार गराउने ।<br>• कपडा, गेडागुडी राखिएका साना थैला वा भकुन्डो जस्ता सामग्रीहरू दिई फाल्न, समात्न, खुट्टाले हान्न लगाउने ।<br>• अवरोधसहितका चालसम्बन्धी खेलहरू सिर्जना गर्न घरमा उपलब्ध सामग्रीहरूको प्रयोग गर्ने । बालबालिकालाई सिरानीमाथि उफ्रन, कुर्सीमुनि घस्रने आदि काममा प्रोत्साहित गर्ने । |
| छिटोछिटो हिँड्दा वा सक्रिय हुँदा शरीरको नियन्त्रण र सन्तुलन कायम राख्छन् । | अगाडि बढिरहेको | • माथिका दुवै स्तरहरूमा उल्लेख गरिएका रणनीति र क्रियाकलापहरूसँगै बालबालिकालाई निश्चित लक्ष्यमा बल फाल्न वा निश्चित दिशामा बल खुट्टाले प्रहार गर्न प्रोत्साहित गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| लक्ष्यसहित बल फाल्ने वा तोकिएको लक्ष्यमा बललाई खुट्टाले प्रहार गर्न सक्ने जस्ता विविध क्रियाकलापका क्रममा राम्रोसँग सन्तुलन कायम राख्ने र संयोजन गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • टायर भित्र पस्ने, उफ्रने, झुण्डिने, फड्कने, पल्टिने, डोरी नाघ्ने, कुद्ने जस्ता क्रियाकलाप गराउने ।<br>• अंग्रेजीको '8' भुइँमा कोरी त्यस माथि हिँड्न अभ्यास गराउने ।<br>• सन्तुलनका लागि क्रियाकलापहरू गराउने । जस्तैः सिरानी, भाँडा वा झोला टाउकोमा राखी सन्तुलनका साथ हिँड्ने ।<br>• दौडेर टक्क रोकिने, घुमेर अडिने जस्ता अभ्यास गराउने ।<br>• चुङ्गी, टायर गुडाउने जस्ता विभिन्न स्थूल अङ्गको विकास गराउने अभ्याससहितका परम्परागत नेपाली खेलहरूको प्रयोग गर्ने । |

## २. व्यक्तिगत सरसफाइ

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने । | सुरुआत | • हात धुनेजस्तो सामान्य अभ्यासबाट सुरु गराउने र त्यहाँबाट अरू अभ्यासहरू विकास गर्दै लैजाने ।<br>• बालबालिकासँगै बसेर घरमा दिनभरि गरिने कामका लागि समयतालिका (दैनिक समयतालिका) तयार गर्ने । (दैनिक कार्यतालिका हुँदा बालबालिकालाई कुन अभ्यास कति बेला गर्ने भनेर बुझ्न मद्दत गर्दछ ।)<br>• आफ्नो सहयोगमा आधारभूत सरसफाइ क्रियाकलापहरूको अभ्यास गर्न बालबालिकालाई प्रोत्साहित गर्ने । उदाहरणका लागि खानाअघि र पछि, शौचालय गएर आएपछि, बाहिरबाट आउँदा हात धुने आदि ।<br>• प्रत्येक व्यक्तिगत सरसफाइ कार्यका प्रक्रियाहरू आफूले गरेर देखाउने र व्याख्या गरिदिने । उदाहरणका लागि- बालबालिकालाई हात धुने अभ्यासको उचित तरिका भन्दै र गर्दै देखाउने ।<br>• आफूले पनि व्यक्तिगत सरसफाइ कार्यहरूको अभ्यास गर्ने । नियमित दाँत माँझ्ने जस्ता कार्य उनीहरूसँगै गर्दा बालबालिका थप उत्साहित हुन्छन् ।<br>• शौचालय प्रयोगमा पोख्त हुन बालबालिकालाई मद्दत गर्ने । बालबालिकासँग धैर्य राखेर काम गर्ने । |
| कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू पूरा गर्न सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकाले स्वतन्त्रपूर्वक आधारभूत स्वावलम्बन सिपहरू पूरा गर्ने प्रयास गर्न अवसर दिने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • असल सरसफाइ बानीहरू बारे बालबालिकासँग कुरा गर्न स्थानीय कथा, बालकविता वा गीतलाई प्रयोग गर्ने । व्यक्तिगत सरसफाइ किन महत्त्वपूर्ण छ भनी बालबालिकासँग छलफल गर्ने । दाँत माझ्न वा कपडा मैलो हुँदा अर्को फेरेन भने के हुनसक्छ भनेर छलफल गर्ने । यसले बालबालिकालाई सरसफाइ अभ्यासहरूको महत्त्व बुझ्न मद्दत गर्नेछ । |
| २-३ आधारभूत स्वावलम्बन सिपहरू स्वतन्त्र ढङ्गले पूरा गर्न सक्षम । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कसैले नसम्झाई आधारभूत स्वावलम्बन क्रियाकलाप गरेकोमा बालबालिकालाई प्रशंसा गर्ने र त्यसै गर्न प्रोत्साहन दिने ।<br>• कुनै निश्चित स्वालम्बन क्रियाकलाप आफैँ गर्न भइसके पछि (जस्तै आफैँ लुगा फेर्ने, राम्रोसँग हात धुन सक्ने आदि भएको अवस्थामा) साधारण उत्सवको रूपमा मनाउने जस्तै त्यस दिन बालबालिकालाई मन पर्ने खाना बनाइदिने । |
| अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू स्वतन्त्र ढङ्गले पूरा गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | |

## ३. जीवन उपयोगी सिपहरू

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| भनेपनि कुनै क्रियाकलाप गर्न अग्रसर नहुने । | सुरुआत | • बालबालिकालाई विभिन्न खेल क्रियाकलापहरूमा सहभागी हुन मद्दत गर्ने भौतिक वातावरण सिर्जना गर्ने ।<br>• बालबालिकालाई क्रियाकलाप आफैँ गर्न प्रोत्साहित गर्ने । यसका लागि घरमा गर्नुपर्ने सामान्य कार्यहरू जस्तै: तरकारी काट्ने, केलाउने, कुचो लगाउने, बोटविरुवामा पानी हाल्ने जस्ता कार्यको जिम्मेवारी दिने ।<br>• बालबालिकालाई कुनै कामका लागि प्रयोग गरिएको सामान काम सकिएपछि यथास्थानमा राख्न लगाउने ।<br>• बालबालिकासँग मिलेर दैनिक कार्यतालिका बनाउने र सो तालिकाअनुसारको क्रियाकलाप गर्न सम्झाउने । |
| प्रोत्साहित गरेपछि मात्र क्रियाकलाप गर्नमा अग्रसर हुने । | प्रगति भइरहेको | |
| आफूले रुचाएको क्रियाकलाप मात्र गर्न अग्रसर हुने । | अगाडि बढिरहेको | • माथिका दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कसैले सम्झना नदिलाई बालबालिका स्वयम्ले गरेका क्रियाकलापहरूमा प्रशंसा गर्ने र त्यस्तो कार्य गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिका आफैँलाई काम गर्ने अवसर दिने । |
| प्राय: जसो क्रियाकलाप गर्न सजिलै अग्रसर हुने । | प्राथमिक विद्यालयका लागि तयार | |

## ४. बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू

<table>
<tr><th colspan="2">बालबालिकाको स्तर</th><th>सिकाइ रणनीतिहरू</th></tr>
<tr><td>कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने ।</td><td>सुरुआत</td><td rowspan="2">• परिचित र अभ्यस्त क्रियाकलापहरूको प्रयोग गरी घटनाहरूको क्रमबारे कुराकानी गर्न प्रोत्साहन दिने । उदाहरणका लागि- बालबालिका परिचित रहेका दैनिक कार्यतालिका भित्रका कामहरूको क्रम वा बिहान उठेपछि गरिने कामहरू ।<br>• बालबालिकासँग दिनभर गरिएका काम/घटनाहरूबारे कुराकानी गर्ने । तपाईंले घरमा केही काम गरिरहँदा सो कामबारे बालबालिकासँग कुराकानी गर्ने र त्यसमा पूरा गरेका चरणहरू क्रमबद्ध रूपमा व्याख्या गर्न सहयोग गर्ने ।<br>• काम तथा घटना सम्बन्धी २ चरण भएका चित्रपत्तीहरू तयार गरी प्रयोग गर्ने ।<br>• बालबालिकालाई घटना क्रमहरू बुझ्न मद्दत गर्दा सङ्केतहरूको प्रयोग सुनिश्चित गर्ने । उदाहरणका लागि- "अब यसपछि यो आउँछ/यो गर्ने ।" जस्तैः सङ्केतहरूको प्रयोग गरी बालबालिकालाई घटनाक्रम बुझ्न सहयोग पुऱ्याउने । जस्तैः बाटोमा यात्री हिँडे, घाम बेसरी चर्किए, गर्मी भयो र यात्रीलाई पसिना आयो, यात्री शीतलताको लागि छहारीमा बसे आदि ।<br>• घटनाहरूलाई क्रममा व्याख्या गर्न बालबालिकालाई प्रोत्साहित गर्ने ।</td></tr>
<tr><td>कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने ।</td><td>प्रगति भइरहेको</td></tr>
<tr><td>कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने ।</td><td>अगाडि बढिरहेको</td><td rowspan="2">• माथि उल्लेख गरिएका सिकाइ अभ्यासहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई घटनाहरू विस्तृत रूपमा सुनाउन र व्याख्या गर्न प्रोत्साहित गर्ने खालका प्रश्नहरूबाट उत्तर खोज्न लगाउने । जस्तैः उसलाई कस्तो लाग्यो, उसलाई के मन पऱ्यो र उसले किन त्यस्तो गऱ्यो आदि ।<br>• ३ देखि ५ क्रमबद्ध घटनाका चरण भएका चित्रपत्तीहरू तयार पार्ने र प्रयोग गर्ने । ३ चरणको क्रमबाट सुरु गर्ने र बालबालिका तयार भएपछि तिनलाई चुनौती थप्न ५ चरणसम्मको विकास गर्ने ।<br>• परिवारमा आउने जन्मदिन, चाडवाड जस्ता शुभकार्यहरू बारे छलफल गर्ने र क्रम मिलाएर भन्न लगाउने । यसका लागि क्यालेन्डरको प्रयोग गर्ने ।</td></tr>
<tr><td>कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने ।</td><td>प्राथमिक विद्यालयका लागि तयार</td></tr>
</table>

## ५. सुनाइ

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कथा/कुराकानीमा ध्यान नदिने । | सुरुआत | • बालबालिकाले कम्तीमा दिनमा एउटा कथा सुन्ने सुनिश्चित गर्दै उनीहरूलाई कथा सुनाउने । विशेषगरी दैनिक समयतालिकामा राती सुत्नु अघि कथा सुनाउने समय बनाउने ।<br>• बालबालिकालाई कथा भन्दा वा सुनाउँदा कथाको मागअनुसार स्वरको उतारचढाव, पात्रहरूको हाउभाउसहित नक्कल गर्ने र बालबालिकालाई पनि गर्न लगाउने ।<br>• स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू जस्तैः पुराना कपडाका टुक्राहरू प्रयोग गरी पुतली बनाउने र ती पुतलीलाई कथा सुनाउँदा प्रयोग गरी कथालाई रुचिकर बनाउने ।<br>• कथा वा केही सूचना सुनाइरहँदा बालबालिकालाई अवलोकन गर्ने र किन उनीहरूले पूर्ण रूपमा ध्यान दिइरहेका छैनन् भनी कारणहरू पत्ता लगाउन प्रयास गर्ने ।<br>• बालबालिकालाई प्रश्न सोध्ने अवसर दिने । |
| कथा/कुराकानी ध्यानपूर्वक सुन्ने अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने) | प्रगति भइरहेको | • कथा सुनाउने क्रममा बालबालिकालाई अवलोकन गर्ने । कथा सुनाइरहँदा पात्रहरूसँग सम्बन्धित प्रश्न साथै अब के हुन्छ ? भन्ने लाग्छ, कसले त्यस्तो गर्छ होला ? आदि जस्ता प्रश्नहरू बालबालिकालाई सोध्ने ।<br>• बालबालिकालाई कथा बुझ्न कठिनाइ परेको देखिएमा उही कथालाई फरक फरक तरिकाले भन्ने (दोहोऱ्याउने) ।<br>• बालबालिकाको बोध सिपको विकासमा मद्दत गर्न उनीहरू अपरिचित रहेका शब्द र अवस्थाहरूको अर्थपूर्ण व्याख्या गर्ने ।<br>• गाउँखाने कथा, गीति कथाहरू बालबालिकालाई सुनाउने र उनीहरूलाई पनि भन्न लगाउने ।<br>• कथा सुनाइरहँदा पात्रहरूसँग सम्बन्धित प्रश्नका साथै जिज्ञासा/उत्सुकता बढाउने वा समस्या समाधान गर्ने प्रश्नहरू जस्तैः "अब के हुन्छ भन्ने लाग्छ ? कसले त्यस्तो गर्छ होला ?" आदि प्रश्नहरू बालबालिकालाई सोध्ने । |
| कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा जस्तैः के, कहिले, को) जवाफ दिन सक्ने । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई कथाहरू पुनर्कथन गर्न वा त्यस कथासँग सम्बन्धित महत्त्वपूर्ण घटनाहरूबारे कुराकानी गर्न प्रोत्साहित गर्ने ।<br>• कथामा भएका घटनाहरूको क्रमका बारेमा छलफल गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • बालबालिकालाई पुराना कपडा, भाँडाकुँडा, पत्रिका जस्ता घरेलु सामानलाई खेलौनाका रूपमा प्रयोग गरी आफ्नै कथा बनाउन र सुनाउन प्रोत्साहित गर्ने । |
| कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन र कसरी) जवाफ दिन सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• कथा सुनाइसकेपछि कथासँग सम्बन्धित व्याख्यात्मक उत्तर आउने प्रश्नहरू सोध्ने । जस्तैः "तिमीलाई के लाग्छ, त्यो पात्रले किन त्यस्तो गऱ्यो होला ? त्यो पात्रलाई कस्तो लागेको थियो होला ? तिमीले कथाको त्यो पात्रलाई त्यो अवस्थाको समाधान निकाल्न कसरी मद्दत गर्नसक्थ्यौ होला ?" |

**६. कल्पना**

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कथा सुनाउँदै गर्दा अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने । | सुरुआत | • बालबालिकालाई काल्पनिक कथाको अभिनयमा सहभागी हुन प्रोत्साहित गर्ने । अभिनयलाई रोचक बनाउन स्थानीय स्तरमा पाइने विभिन्न सामग्रीहरूको आवश्यकतानुसार प्रयोग गर्ने । |
| कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने । | प्रगति भइरहेको | • बालबालिकाले कथाको पात्रको अभिनय गरिरहँदा उनीहरूलाई स-साना प्रश्न सोध्ने । जस्तैः "तिमी के बनेको ?", "अब तिमी के गर्छौ ?" आदि ।<br>• प्रत्येक दिन बालबालिकालाई कथा पढेर सुनाउने अनि उनीहरूलाई कथाको किताबबाट पात्र तथा परिस्थितिहरूको कल्पना गरी अभिनय गर्न प्रोत्साहित गर्न वा कथालाई रोचक बनाउन स्थानीय स्तरमा पाइने सामग्रीहरू प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>• माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई पूर्वानुमान गर्ने प्रश्नहरूसहित कथा सुनाउने अथवा कथाको सुरुआत वा अन्त्यको भाग मात्र सुनाउने र बालबालिकालाई कल्पना गरी कथा पूरा गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई आफ्ना विचारहरू अभिव्यक्त गर्न मद्दत गर्नका लागि कल्पनाशीलता र रचनात्मक सोच उत्प्रेरित गर्ने प्रश्नहरू सोध्ने । "..... जस्तै भए के हुन्छ होला भन्ने तपाईंलाई लाग्छ ?" "यो काम गर्नका लागि अरू के के तरिका छन् ?" आदि ।<br>• बालबालिका कथासँग परिचित भएको सुनिश्चित गर्न कम्तिमा ३-४ पटक उही कथा पढेर सुनाउने ।<br>• बालबालिकाको कल्पना र सोचलाई प्रशंसा गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • खाना पकाउने, खुवाउने जस्ता दैनिक अन्तरक्रियामार्फत बालबालिकाको कल्पनाशीलतालाई सहयोग पुऱ्याउने । काल्पनिक नाटकका क्रममा बालबालिकालाई दैनिक घटनाहरूलाई नक्कल गर्न प्रोत्साहित गर्ने । |
| कथामा अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिका बिच कल्पना गर्ने सिप सुधार गर्ने विभिन्न तरिकाहरू प्रयोग गर्ने । उदाहरणका लागि- बालबालिकालाई कथा सुनाउन लगाउने (तपाईंले बालबालिकाको कल्पनाशीलतालाई शीर्षक वा कथाको मुख्य पात्रको उदाहरण दिएर उत्साहित बनाउन सक्नुहुन्छ) वा उनीहरूसँग कथा थप्ने खेल खेल खेलाउने । सबैभन्दा पहिले आफैँले एउटा वाक्य भनेर सुरु गर्ने र बालबालिकालाई पालैपालो थप्दै अघि बढ्न भन्ने ।<br>• बालबालिकालाई अभिनयसहित कथा प्रस्तुत गर्न प्रोत्साहित गर्ने । बालबालिकाले अभिनय गर्दा उनीहरूसँग सहभागी हुने ।<br>• बालबालिकालाई आफ्ना विचारहरू अभिव्यक्त गर्न मद्दत गर्नका लागि कथा सुनाइसकेपछि वा बालबालिकाले आफ्नै कथा बनाइसकेपछि कल्पनाशील र सिर्जनात्मक सोचलाई उत्साहित पार्ने प्रश्नहरू सोध्ने । ".... जस्तै भए के हुन्छ होला भन्ने तिमीलाई लाग्छ ?" "यो काम गर्नका लागि अरू के के तरिका छन् ?" आदि ।<br>• बालबालिकालाई खेलौना सामग्री, पुतली वा स्थानीय स्तरमा उपलब्ध कुनै पनि सामग्री प्रयोग गरी कथा बनाउन लगाउने । |
| आफ्नै कथा बनाउने र सुनाउने | प्राथमिक विद्यालयका लागि तयार | |

### ७. वर्गीकरण र क्रम मिलाउने सिप

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने । | सुरुआत | • बालबालिकालाई घरमा उपलब्ध सामग्रीहरू हेर्न र तिनलाई अभिरुचिपूर्वक खेलाउन दिने । जस्तै: तरकारी, फलफूल, अन्न, डब्बाडुब्बी र भाँडाकुँडा आदि ।<br>• विशेषताहरू (जस्तै: वृत्तमा कुनै कुना हुँदैन, त्रिभुजका तीन भुजाहरू हुन्छन्) र समानता (जस्तै: सबै चक्काहरू गोलाकार छन्, जब कि बाकसहरू आयताकार/वर्गाकार बढी हुन्छन्) बारे छलफल गर्न स्थानीय वा अन्य ठोस सामग्री/वस्तुहरूको प्रयोग गर्ने ।<br>• कुनै वस्तु वा सामग्रीका बारेमा कुराकानी गर्दा त्यसका रङ वा आकारबारे कुरा गर्न जोड दिने । (जस्तो: पातहरू हरिया हुन्छन्, आकाश निलो छ, सूर्य पहेँलो छ आदि) । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • बालबालिकालाई घरमा भएका तरकारी र अन्न नाङ्लो वा थालमा एकै ठाउँमा राखेर नाम भन्न र छुट्याउन लगाउने ।<br>• घरमा भएको तरकारी (आलु, लौका वा फर्सी जे छ), थाल, टेवल त्यसको आकारसँग मिल्ने अन्य वस्तुसँग तुलना गर्न लगाउने । जस्तैः आलुसँग कपडाको बल, लौकासँग बोतल, फर्सीसँग भकुन्डो, थालसँग नाङ्लो, टेवलसँग ढोका आदि ।<br>• बालबालिकालाई रङ र आकारहरूलाई तिनका नामहरूसहित पहिचान गर्न लगाउने । उनीहरूले आकारहरूको पहिचान गर्न नसकेमा तिनको नाम भनिदिने साथै आकार र रङका नामहरू उनीहरूको दैनिक शब्दभण्डारका भागहरू हुन् भनेर सुनिश्चित गर्ने । |
| कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने । | प्रगति भइरहेको | • बालबालिकालाई विविध रङ (प्राथमिक रङहरू - रातो, पहेँलो, नीलो र आधारभूत आकारहरूमा मात्र सीमित नभई) र आधारभूत आकारहरूका (वृत्त, त्रिभुज, वर्ग) स्थानीय रूपमा पाइने विभिन्न सामग्रीहरू उपलब्ध गराउने र ती सामग्रीसँग खेल्न र खोजी गर्न अवसर दिने ।<br>• बनोट (खस्रो, चिल्लो, काँडा भएको) र उपयोग (सिसाकलम चित्र बनाउन प्रयोग गर्न सकिन्छ, ब्रस दाँत सफा गर्न) जस्ता विशेषताहरूका बारे छलफल गर्न स्थानीय सामग्री वा अन्य ठोस सामग्री/वस्तुहरू प्रयोग गर्ने ।<br>• कुनै वस्तुका बारेमा कुराकानी गर्दा त्यसको रङ र आकारमा मात्र सीमित नभई त्यसका गुणहरूबारे पनि कुराकानी गर्ने बुँदाहरू बनाउने (जस्तैः विरुवाका पातहरू हरिया छन् तर मौसम परिवर्तन हुँदा तिनका रङ परिवर्तन हुन्छ र ती झर्छन्) ।<br>• बालबालिकालाई घरभित्रबाट गोलाकार वस्तु ल्याएर नाङ्लोमा राख्न लगाउने । यसैगरी अन्य आकारका वस्तुहरू खोज्न लगाउने ।<br>• बालबालिकालाई घरभित्रबाट निलो रङका वस्तुहरू ल्याउन लगाउने ।<br>• बालबालिकालाई रङ र आकारहरूलाई तिनका नामबाट चिन्न लगाउने । (जस्तै रङ (रातो, निलो, पहेंलो) र आकार (गोलो, चेप्टो, लाम्चो, त्रिभुज)) उनीहरूले आकार चिन्न सकेनन् भने नामहरू दोहोर्‍याइदिने र रङ र आकारका नामहरू उनको शब्दभण्डारका अङ्ग हुन् भन्ने सुनिश्चित गर्ने । रङ र आकारको आधारमा वस्तुहरू छुट्याउनका लागि बालबालिकालाई प्रोत्साहित गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • दैनिक कार्यतालिकाभित्रका क्रियाकलापहरूलाई वर्गीकरणका लागि प्रयोग गर्ने । उदाहरणका लागि- हिँड्दा आफ्ना बालबालिकालाई पात, सिन्का, गट्टी र अन्य प्राकृतिक चिजबिज टिप्न दिने । एउटा चिजबाट अर्को कसरी छुट्याउने भनेर प्रोत्साहित गर्ने । |
| कुनै दुई विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने । | अगाडि बढिरहेको | • माथि दुई स्तरमा उल्लेख गरिएका सिकाइ रणनीतिहरूसँगै बालबालिकालाई विभिन्न मापदण्डहरू अर्थात् दुई वा बढी मापदण्डहरू एकसाथ प्रयोग गरी विभिन्न वस्तुहरू वर्गीकरण गर्न अवसरहरू दिने । (जस्तैः आकार, रङ वा नाप) ।<br>• भुईँमा दुई हात बराबरको एउटा लामो रेखा कोर्ने । पाइला गन्दै बालबालिकालाई हिँड्न लगाउने र आफू पनि रेखामा पाइला गन्दै हिड्ने । कसको पाइला ठुलो कसको सानो नाप्न लगाउने । |
| सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

**८. अङ्क/सङ्ख्या**

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| मात्राहरूको तुलना गर्न सक्ने । | सुरुआत | • उपलब्ध वस्तुहरू प्रयोग गरी बालबालिकालाई धेरै र थोरै, अग्लो र होचो, ठुलो र सानो जस्ता मात्रा र गुणहरू तुलना गर्ने अवसरहरू दिने ।<br>• हाउभाउसहित अङ्क/सङ्ख्या समावेश भएका गीत गाउने र गाउन लगाउने (जस्तैः एक ओटा नाक मेरो, एउटै छ मुख) वा बालबालिकालाई गन्ती हुने खालको उपयुक्त कथालाई चित्र तथा हावभावसहित सुनाउने ।<br>• दैनिक कार्यतालिकाका क्रियाकलापहरू गरिरहँदा गुणहरूसँग सम्बन्धित विभिन्न शब्दहरू उल्लेख गर्न ध्यान दिने, उदाहरणका लागि-“यो झोला गह्रौं छ” वा “यो रुमाल हलुङ्गो छ” आदि ।<br>• बालबालिकासँगको दैनिक अन्तरक्रियामा सङ्ख्याहरूबारे कुराकनी गर्ने र अङ्कहरूलाई उनीहरूको शब्दभण्डारमा थप्ने । बालबालिकालाई अङ्कको प्रयोग र गन्ती गर्न प्रोत्साहित गर्ने । जस्तैः हामीसँग कति ओटा हात छन् ?, ती हातमा कति ओटा औंलाहरू छन् ? गन्न लगाउने ।<br>• गीत, कथा र कविताहरूमार्फत गन्तीलाई कण्ठस्थ गरी सिक्ने अवसर बालबालिकालाई उपलब्ध गराउने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • कुनै कुरा धेरै वा थोरै भनेर चिनेपछि वस्तुहरूलाई अङ्क प्रयोग गरी गन्तीका माध्यमबाट मात्राहरूलाई कसरी मूल्याङ्कन गर्न सकिन्छ भनी बुझाउन बालबालिकासँग क्रियाकलापहरू गर्ने । जस्तै २ ओटा ढुङ्गा भन्दा ३ ओटा ढुङ्गा धेरै हुन्छ ।<br>• विभिन्न फरक संख्या/मात्राका वस्तुहरू कुनै भाँडामा राखी कुनमा धेरै, कुनमा थोरै र कुनमा बराबर छ भनि तुलना गरी भन्न प्रोत्साहित गर्ने ।<br>• अङ्कसँग सम्बन्धित विभिन्न अवधारणाबारे कुराकानी गर्न रोचक क्रियाकलापहरू तय गर्ने । उदाहरणका लागि- बालबालिकालाई तरकारी पसले बन्न लगाउने र अभिभावक/स्हायारकर्ता तरकारी किन्ने ग्राहक बन्न सक्नुहुन्छ । उपलब्ध विभिन्न तरकारीहरूबारे सोध्ने, तिनको मूल्य, ती कति महँगा छन्, तरकारीहरू जोख्ने आदि विषयमा समेत कुराकानी गर्ने ।<br>• बालबालिकालाई ठोस वस्तुहरू प्रयोग गरी गन्ती सिक्ने अवसरहरू दिने ।<br>• गन्तीलाई बालबालिकाको दैनिक जीवनको अङ्ग बनाउने । उदाहरणका लागि- पसलमा फलफूलहरू गन्ने र बाटाका रुखहरू गन्ने वा खेलौनाहरू एकसाथ गन्ने आदि । |
| कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूसँगै बालबालिकालाई लेख्य अङ्क/सङ्ख्याको परिचय गराउने तथा उनीहरूले अङ्क/सङ्ख्याहरू चिनेको र तिनलाई वस्तुहरूसँग सही रूपमा जोडा मिलाउन सक्ने बनेको सुनिश्चित गर्ने ।<br>• बालबालिकासँगै वस्तुहरू गनेर अङ्क/सङ्ख्याको अवधारणा विकास गर्न ठोस वस्तुहरू प्रयोग गर्ने । स्थानीय सामग्रीहरू (ब्लक, औँला, पात, काठका टुक्रा आदि) को प्रयोग गरी गन्ने । बालबालिकाले गलत तरिकाले गन्ती गर्दा सच्याउने र उनीहरू सँगसँगै गन्ती गर्ने । |
| अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• वरिपरि भएका चित्रहरू देखाई त्यसमा भएका विभिन्न वस्तुहरूको गणना गर्न लगाउने ।<br>• ठुला सङ्ख्याभित्र साना सङ्ख्या हुन्छ भन्ने देखाउन ठुलो समूहबाट गन्ती गर्दै ससाना समूह बनाउने, ससाना समूहबाट त्यसै गरी ठुलो समूह बनाउने क्रियाकलापहरू गराउने । |
| १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठुलो दुवै सङ्ख्याको पहिचान गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | |

## ९. पूर्व लेखाइ

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्ने । | सुरुआत | • कोर्न वा चित्र बनाउन वा आकारहरूमाथि लेख्न बालबालिकालाई अवसर र सामग्रीहरू उपलब्ध गराउने ।<br>• घरमा बालबालिकाले कोर्ने वा लेख्ने ठाउँ बनाइदिने । यस उमेरमा चित्र बनाउने, कोर्ने र लेख्ने अवसरले बालबालिकाको लेखाइमा रुचि विकास गराउँछ । घरमा निश्चित ठाउँ उपलब्ध गराउँदा बालबालिकाले कोर्ने र चित्र बनाउने अभ्यास गर्ने अवसर पाउँछन्, जुन अक्षर लेख्ने सिकाइका पहिलो चरण हो ।<br>• बालबालिकालाई चित्र कोर्न र आफैँलाई अभिव्यक्त गर्न प्रोत्साहित गर्ने र के बनाएको हो भनेर उनीहरूसँग कुराकानी गर्ने ।<br>• बालबालिकालाई चित्र भित्र रङ भर्न लगाउने ।<br>• बालबालिकाले लेखेका वा कोरेका चित्र तथा रङ भरको चित्रलाई घरमा कहीँ प्रदर्शन गर्ने व्यवस्था मिलाउने । (यसले उनीहरूलाई आफ्नो लेखाइ महत्त्वपूर्ण भएको महसुस गराउँछ र लेख्नका लागि थप प्रोत्साहन दिन्छ ।)<br>• स्थानीय रङहरू (बेसार, कमेरो, माटो) द्वारा रङ भर्न प्रोत्साहित गर्ने तथा पिठो, चामलमा औंलाले लेख्न लगाउने ।<br>• बालबालिकालाई पिठो मुछ्न लगाउने र मुछेको पिठोबाट लेख्न लगाउने ।<br>• बालबालिकासँगै लेख्ने र त्यसबारे कुराकानी गर्ने । (उदाहरणका लागि- तपाईंले किनमेलको सूची बनाउँदा तपाईं के गर्दै हुनुहुन्छ भनेर व्याख्या गरिदिनुहोस् ।) |
| लेखनको प्रतिनिधित्व स्वरूप कागजमा आकारहरू कोर्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएझैं कोर्ने अवसर उपलब्ध गराउने र चित्रहरूबारे बालबालिकाले भनेका कुरा लेखर चित्रमा टाँस्ने ।<br>• बालबालिकालाई चित्र बनाउन र आफैँलाई अभिव्यक्त गर्न प्रोत्साहन दिने । |
| आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेकोजस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएझैं कोर्ने र चित्र बनाउने अवसर उपलब्ध गराउने र बालबालिकालाई मानिसहरू कसरी फरक देखिन्छन् भन्ने बारेमा सोच्न र त्यसलाई आफूले बनाउने मानिसको चित्रमा उतार्न लगाउने ।<br>• बालबालिकालाई विभिन्न ठाउँमा लेखिएका वस्तुका नाम वा आफ्नै नाम लेख्ने कुरामा परिचित बनाउने ।<br>• बालबालिकालाई उनीहरूले देखेका शब्दहरू कापीमा नक्कल गर्न लगाउने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| दिइएको विषय वा विचारसँग जोडिएका शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने । (आफ्नो उच्चारणका आधारमा अक्षरहरू लेख्ने) | प्राथमिक विद्यालयका लागि तयार | • बालबालिकालाई माटो, बालुवा, पिठो, हावा आदिमा अक्षरहरू लेख्न लगाउने । |

## १०. संवेगात्मक सुरक्षा र आत्मविश्वास

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने । | सुरुआत | • आफ्ना बालबालिकालाई उनीहरूका मनमा लागेका कुरा वा कुनै विषय वा वस्तुका बारेमा उठेका विचार (धारणाहरू) अभिव्यक्त गर्ने अवसर दिने । (अभिभावक/स्याहारकर्ताले बालबालिकालाई उनीहरूका धारणा स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने अवसर दिँदा यसले उनीहरूलाई आत्मविश्वासको विकासका साथै अभिभावक/स्याहारकर्तासँग विश्वासिलो सम्बन्ध विकासमा मद्दत पुऱ्याउँछ ।)<br>• बालबालिकालाई घर वा छिमेकका अरू बालबालिकासँग खेल्ने र अन्तरक्रिया गर्ने अवसरहरू मिलाइदिने ।<br>• बालबालिकालाई आकर्षित गर्न र उनीहरूका अभिव्यक्तिहरूलाई बाहिर ल्याउन चित्रहरू वा कथाहरूको प्रयोग गर्ने । उदाहरणका लागि- बालबालिकाका लागि प्रत्येक दिन कथा सुनाउने र उनीहरूलाई कथाका बारेमा प्रश्नहरू सोध्न दिने । (कथा सुनाउनुले विभिन्न धारणा र अनुभवहरू अभिव्यक्त गर्ने अवसर प्रदान गर्दछ ।)<br>• बालबालिकालाई मनपर्ने वा नपर्ने आधारमा सामग्री वा क्रियाकलापहरू रोज्ने वा छान्ने अवसर उपलब्ध गराउने ।<br>• बालबालिकालाई उनीहरूले धेरै नजिक ठान्ने व्यक्तिसँग आफ्ना धारणा र विचारहरू अभिव्यक्त गर्न प्रोत्साहित गर्ने ।<br>• बालबालिका कुनै क्रियाकलापमा सहभागी हुँदा परिणाम जेसुकै भए पनि उनीहरूको प्रयासमा आफूले गर्व महसुस गरेको आभास गराउने । (बालबालिकालाई थाहा दिनुहोस् कि तपाईँले उनीहरूले गरिरहेको कामलाई महत्त्व दिनुहुन्छ, चाहे त्यो ब्लकहरू जोडेर घर बनाएको होस् वा उनीहरूलाई मनपर्ने केही चित्र बनाएको वा पिठोको डल्लोमा केही आकृति आदि बनाएको होस् ।) |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने । | प्रगति भइरहेको | • माथिका रणनीतिहरूसँगै खुला कुराकानी/छलफल वा कथावाचन वा चित्र हेर्ने र पढ्ने वा नाटक गर्ने जस्ता विभिन्न क्रियाकलापका लागि निश्चित समय छुट्याउने र खुला रूपमा धारणाहरू सुनाउन बालबालिकालाई प्रोत्साहित गर्ने ।<br>• आफ्ना बालबालिकालाई छिमेकका बालबालिकासँग कुराकानी गर्ने, खेल्ने अवसर दिने ।<br>• बालबालिकालाई नयाँ कुराहरू गर्न प्रोत्साहित गर्ने । (नयाँ सिप सिक्नाले बालबालिकालाई आफ्ना अगाडि जे आइपर्छ, त्यसलाई समाधान गर्ने आत्मविश्वास प्राप्त गर्न मद्दत गर्दछ ।) |
| आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने । | अगाडि बढिरहेको | • माथिका रणनीतिहरू निरन्तर अपनाउने ।<br>• बालबालिकाको उमेरअनुसारका परिस्थितिहरूमा कुनै काम गर्दा उनीहरूको धारणा लिने । (तपाईंले बालबालिका र उनीहरूका विचारलाई महत्त्व दिनुहुन्छ भन्ने देखाउन उनीहरूको उमेर सुहाउँदा परिस्थितिहरूमा सल्लाह वा धारणाहरू लिनुहोस् ।)<br>• बालबालिकासँग परिचित र अपरिचित साथीहरूसँग पनि खेल्ने, कुराकानी गर्ने अवसर मिलाइदिने । |
| आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथिका सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## घ) घरमा सिकाइ सहयोग प्रवर्द्धनका लागि विकासका अन्य क्षेत्रहरू

### १. सूक्ष्म अङ्गको विकास

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| सूक्ष्म अङ्गको विकाससम्बन्धी क्रियाकलापहरूका क्रममा साना मांसपेशीको सीमित समन्वय कायम गर्न सक्छन् । | सुरुआत | • बालबालिकालाई विभिन्न सामग्रीहरूसँग खेल्न र तिनका बारेमा परिचित हुन प्रोत्साहित गर्ने । जस्तो कि बालबालिकालाई पिठो/माटोसँग खेल्न र डल्लो पार्न लगाउने वा बालुवामा खेल्न दिने ।<br>• बालबालिकालाई दुवै हात प्रयोग गरी विभिन्न कुराहरू पात, गेडागुडी, ढुङ्गा, सिन्का) टिप्ने र कुनै भाँडोमा राख्न लगाउने जस्ता सूक्ष्म अङ्गको विकासमा सघाउने विभिन्न प्रकारका क्रियाकलापहरू गराउने ।<br>• बालबालिकालाई आफ्नो कपडाको टाँक, जिपर, तुना, हुक, बटन, खिप लगाउने जस्ता क्रियाकलापमा अभ्यास गराउने ।<br>• बालबालिकालाई बोतलमा गिलास वा कचौराले पानी भर्न लगाउने ।<br>• फरक फरक आकारका प्लाष्टिकका बोतल तथा बट्टाका बिर्कोहरू खोल्न र बन्द गर्न लगाउने । |
| सूक्ष्म अङ्गको विकाससम्बन्धी क्रियाकलापहरूका क्रममा साना मांसपेशीको समन्वय कायम गर्न सक्छन् । | प्रगति भइरहेको | • माटो, साना ढुङ्गा, बालुवा वा पिठो जस्ता विविध सामग्री दिने र बालबालिकालाई ती कुरासँग खेल्न र तीबारे परिचित हुन छोडिदिने ।<br>• बालबालिकालाई आफ्नो लुगा र जुत्ता आफैं लगाउन लगाउने ।<br>• घरायसी काममा सहभागी गराउने । जस्तै तरकारी केलाउन, लुगा धुन, कुचो लाउन आदि ।<br>• बालबालिकालाई कालो पाटीसँग खेल्न, रेखा कोर्न वा चित्र सार्न प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई चित्रभित्र रङ भर्न लगाउने ।<br>• सूक्ष्म अङ्गको विकासमा सहयोग पुऱ्याउन टाँक लाउने/खोल्ने, साना ढुङ्गाहरू राखेर विभिन्न आकारको रेखाङ्कन गर्ने क्रियाकलाप, रङ मिसाउने, चित्र वा आकार तयार पार्न कागज च्यातेर साना टुक्रा पार्ने र तिनलाई अर्को कागजमा च्यात्ने, बटार्ने, बुन्ने, टाँस्ने, चिम्टाले गेडाहरू टिप्न लगाउने जस्ता विभिन्न प्रकारका क्रियाकलापहरूको योजना बनाउने । |
| जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीको समन्वय कायम गर्न सक्छन् । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूसँगै विभिन्न आकारका लुगा पट्याउन बुबाआमालाई सघाउने वा दुवै हात प्रयोग गरी फराकिलो भाँडोबाट साँघुरो भाँडामा पानी खन्याउने जस्ता दैनिक क्रियाकलापमा बालबालिकालाई सहभागी गराउने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| साना मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूमा राम्रोसँग नियन्त्रण र समन्वय गर्न सक्दछन् । | प्राथमिक विद्यालयका लागि तयार | • साना मांसपेशीहरू अझ मजबुत बनाउन माथि उल्लेख गरिएका क्रियाकलापहरूलाई निरन्तरता दिने ।<br>• सूक्ष्म मांसपेशीको विकासका लागि रोचक क्रियाकलापहरू बनाउने । उदाहरणका लागि- गेडागुडीहरू टेबलमा राख्नुहोस् र बालबालिकालाई एक-एक ओटा गर्दै प्लेटमा राख्न लगाउने । बालबालिकालाई दुवै हात वा फरक फरक औँला प्रयोग गरी सोही क्रियाकलाप अभ्यास गर्न दिने । गेडागुडी खुट्टा वा खुट्टाका औँलाहरूले राख्ने प्रयासमार्फत खेललाई मनोरञ्जनात्मक बनाउने । |

## २. इन्द्रियमा आधारित सिपको विकास (Sensory Motor Skills)

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| विभिन्न आवाज, गन्ध, स्वाद र बनोटहरूको पहिचान गर्न सुरु गरेको | सुरुआत | • बालबालिकालाई वातावरण र सामग्रीहरूबारे खोजी गरी आफ्ना इन्द्रियहरूको सक्रिय प्रयोग गर्ने अवसरहरू प्रदान गर्ने । जस्तैः आकारहरू तयार पार्न गिलो पिठोको डल्लोसँग खेल्ने, बनोटहरू छाम्ने वा फरक फरक आवाजहरू सुन्न सङ्गीत बजाउने, वातावरणमा आकार र ढाँचाहरू थाहा पाउन नजिकबाट हेर्ने, खानेकुरा वा अन्य सामग्रीहरूको वासना पहिचान गर्ने (जस्तैः लसुन, अदुवा, सुकमेल), विभिन्न खानेकुराहरूको स्वाद पहिचान गर्ने (जस्तैः चिनी, नुन, कागती वा अदुवा)<br>• बालबालिकालाई इन्द्रियसँग जोडिएका सिपहरू प्रयोग गरी विभिन्न सामग्री चिन्न मद्दत गर्न आफ्नो दैनिक कार्यतालिकाको उपयुक्त समय प्रयोग गर्ने । उदाहरणका लागि- भान्सामा खाना पकाउँदा बालबालिकालाई खानेकुराको बासना र स्वाद थाहा पाउन मद्दत गर्ने ।<br>• बालबालिकालाई इन्द्रिय प्रयोग गरेर पहिचान गर्न सकिने (चाखेर, सुनेर, सुँघेर, स्वाद लिएर, छोएर आदि) विभिन्न कुराहरू चिनाउने । उनीहरूले ती चिज कसरी चिने छलफल गराउने । आँखामा आँखामा पट्टी बाँधेर चाख्ने, छुने तथा सुन्ने क्रियाकलापलाई खेलको रूपमा खेलाउने । |
| कुनै एक इन्द्रिय विशेषता प्रयोग गरी वस्तुहरू छुट्याउन सक्छन् । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका क्रियाकलापहरूसँगै बालबालिकालाई इन्द्रिय सिपहरूको प्रयोग गर्न प्रोत्साहित गर्ने । जस्तो कि, खानेकुराहरूका विभिन्न स्वाद वा बनोट अवलोकन गर्ने/चिन्ने/छुट्याउने ।<br>• स्थानीय स्तरमा उपलब्ध वाद्यवादन यन्त्र वा भाँडामा गेडागुडी, गट्टी राखी बालबालिकाले नै बनाएका सामग्री उपलब्ध गराउने साथै यी सामग्रीहरूबाट विविध ताल वा आवाज निकाल्न बालबालिकालाई प्रोत्साहन गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • एक-दुई इन्द्रिय सिपहरू प्रयोग गरी विभिन्न वस्तुहरू वर्गीकरण गर्ने अवसर बालबालिकालाई दिने । जस्तैः खानाको स्वादका आधारमा, वातावरणमा भएका आवाजहरू वा बनोटका आधारमा । |
| २-३ इन्द्रिय विशेषताहरू प्रयोग गरी वस्तुहरू छुट्याउन सक्षम हुने । | अगाडि बढिरहेको | • माथि दुवै स्तरमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• इन्द्रिय सिपहरूको प्रयोग गरी २-३ विशेषताहरूका आधारमा सामग्रीहरूको स्वतन्त्र खोजी गर्न र तिनलाई वर्गीकरण गर्न बालबालिकालाई प्रोत्साहित गर्ने । |
| सबै इन्द्रियसँग जोडिएका विशेषताहरूको प्रयोग गरी वस्तुहरू छुट्याउन सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका क्रियाकलापहरू सँगसँगै बालबालिकालाई एकसाथ तीन वा बढी इन्द्रिय गुणहरू प्रयोग गरी विभिन्न वस्तुहरू वर्गीकरण गर्ने अवसरहरू दिने । |

## ३. सुरक्षित अभ्यास

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| सुरक्षित अभ्यास प्रस्तुत गर्न नसक्ने । | सुरुआत | • हाच्छ्युँ गर्दा मुख ढाक्ने, हात धुने जस्ता सुरक्षित अभ्यासहरूबारे बालबालिकासँग कुराकानी गर्ने ।<br>• अभिनय, कथावाचन, बालगीत जस्ता विविध क्रियाकलापहरूको माध्यमबाट यस किसिमका सुरक्षित अभ्यासका विषयमा ज्ञान सिप दिने ।<br>• सुरक्षित रूपमा खेल्ने सम्बन्धमा स्पष्ट निर्देशनहरू दिने । |
| कसैको सहयोगमा सुरक्षित अभ्यासहरू प्रस्तुत गर्न सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका क्रियाकलापसँगै अभिभावक तथा स्याहारकर्ता स्वयम्ले सुरक्षित अभ्यासहरूको प्रदर्शन गर्ने (किनभने अधिकांश बालबालिकाले ती कामलाई अनुसरण गर्न प्रयास गर्नेछन् ।)<br>• सम्भावित खतराहरूबारे कुरा गर्न चित्रपत्तीहरू सहितका कथाहरूको प्रयोग गर्ने र त्यससँग सम्बन्धित प्रश्नहरू गर्ने ।<br>• बालबालिकालाई असुरक्षित अभ्यासहरू पहिचान गर्न लगाउने, किन कुनै खास अभ्यास असुरक्षित छ र त्यस्तो अवस्थामा कसरी प्रतिक्रिया जनाउने आदि कुराहरू सोध्ने ।<br>• सुरक्षित अभ्यासहरू किन पालना गर्नु आवश्यक छ भनी बालबालिकासँग छलफल गर्ने ।<br>• बालबालिकासँग घर वरिपरि घुम्ने  र त्यहाँ देखिएका सम्भावित खतराहरूबारे मिलेर छलफल गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्र रूपमा पालना गर्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• घरमा सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न बालबालिकालाई प्रोत्साहित गर्ने र गरेमा प्रशंसा गर्ने । |
| अधिकांश समय आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने | प्राथमिक विद्यालयका लागि तयार | |

## ४. पूर्वपढाइ

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| किताबको पहिलो पाना चिन्ने । | सुरुआत | • घरमा पर्याप्त पठन सामग्रीहरू जम्मा गर्ने (उदाहरणका लागि- कथा पुस्तकहरू र चित्र सामग्रीहरू) ।<br>• बालबालिकालाई किताब र अन्य छापासामग्रीहरू चलाउन र तीसँग खेल्न/अन्तरक्रिया गर्न प्रोत्साहित गर्ने । (जस्तैः किताबको आवरण चिन्ने वा पाना पल्टाउने)<br>• बालबालिकालाई किताबको पहिलो पाना, तथा अन्तिम पानाको अवधारणा दिने र कुन पहिलो कुन पछाडिको भनेर छलफल गर्दै चिन्न र पल्टाएर देखाउने अभ्यास गराउने ।<br>• बालबालिकासँग तस्बिर र चित्रहरूका बारेमा कुराकानी गर्ने ।<br>• बालबालिकालाई चित्रकथाका किताब देखाउने र त्यसमा कुन चित्र अघि कुन पछिको हो चिन्न र भन्न लगाउने । |
| पाठ र चित्रहरूमा फरक छुट्याउन सक्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिसँगै किताब पढिरहँदा चित्रहरूलाई औँलाले देखाउने र बालबालिकालाई त्यस चित्रसँग सम्बन्धित थप प्रश्नहरू सोध्ने । जस्तैः "कथाको पात्र तिमी कहाँनिर देख्न सक्छौ ?", "यो चित्रमा के भइरहेको छ भन्ने तिमीलाई लाग्छ ?"<br>• कथा पढिरहँदा बालबालिकाले देख्ने गरी पढेको दिशामा आफ्नो औँला चलाउने । |
| पाठको दिशा थाहा पाउने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूसँगै घरमा रहेका विभिन्न वस्तुहरूको नाम तिनमा टाँस्ने र बालबालिकालाई ती अक्षर वा शब्द पढ्न प्रोत्साहित गर्ने ।<br>• ध्वनिहरू बिचको फरक बालबालिकालाई बुझाउन र शब्दहरू स्वतन्त्र ध्वनिहरूबाट बनेका हुन्छन् भन्ने बुझाउन अन्त्यानुप्रास (लय) भएका र अन्य शब्दसँग सम्बन्धित खेलहरूको प्रयोग गर्ने ।<br>• बालबालिकालाई अक्षरहरू देखाउने र उनीहरूले ती अक्षरहरू चिने भन्ने सुनिश्चित गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • बालबालिकालाई अक्षरहरू चिनाउन र बुझाउन स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूको प्रयोग गर्ने । उदाहरणका लागि- बालबालिकासँगै एउटा अक्षर लिने र उनीहरूलाई वरिपरिबाट त्यस अक्षरसँग सम्बन्धित वस्तु पत्ता लगाउन प्रोत्साहित गर्ने । बालबालिकालाई उनीहरूले भेटेजति र सकेजति वस्तु सङ्कलन गर्न र चिन्न प्रोत्साहित गर्ने ।<br>• पाठ पढ्दा दाँयाबाट बाँया तर्फ पढ्नुपर्छ भन्ने बुझाउन आफैँले त्यसको प्रस्तुतीकरण गर्ने । |
| सही तरिकाले अक्षर/शब्दहरू पहिचान गर्ने तिनलाई चित्रहरूसँग जोडा मिलाउने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका सिकाइ अभ्यासहरूलाई निरन्तरता दिने । |

## ५. वैज्ञानिक ज्ञान

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कुनै पनि प्रकारको मौसम पहिचान गर्न नसक्ने । | सुरुआत | • बालबालिकालाई वातावरणसँग सम्बन्धित विभिन्न अवधारणाहरूबारे परिचित हुने अवसर उपलब्ध गराउने । उदाहरणका लागि- दिनको सुरुवात झ्याल खोलेर गर्ने र दुवै जना मिलेर मौसमबारे जान्न खोज्ने । विस्तारै बालबालिकालाई थप पहल लिन छोडिदिने ।<br>• विभिन्न मौसमको अवधारणाहरूबारे बालबालिकाको बुझाइ गहिरो बनाउन वास्तविक जीवनका अनुभवहरूसँग ती अवधारणाहरूलाई जोड्ने ।<br>• बालबालिकालाई इन्द्रियहरूको प्रयोग गरी मौसमको अवस्था अवलोकन गर्न प्रोत्साहित गर्ने साथै विभिन्न मौसमका लागि उपयुक्त खानेकुरा र पोसाकका बारेमा छलफल गर्ने । |
| कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्ने । | प्रगति भइरहेको | |
| पहिचान गरेको मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• अभिभावक/स्याहारकर्ता र बालबालिका मिलेर तत्कालको मौसम पहिचान गर्ने । मौसम चिनेपछि त्यस दिनका लागि कुन लुगा उपयुक्त हुन्छ भनी बालबालिकाको लुगा छान्न लगाउने ।<br>• मौसमसँग जोड्दै विभिन्न प्रकारका कपडा झिक्ने र कुन लुगा न्यानो वा पानी नछिर्ने हो कुनचाहिँ गर्मीका बेलामा लगाउने हो भनी बालबालिकासँग छलफल गर्ने ।<br>• कथाको माध्यमबाट मौसमअनुसारको उपलब्ध वस्तुहरू, घटनाहरू बताउने तथा आवश्यकतानुसार अनुभव गर्न अवलोकन गराउने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| कुनै ३-४ प्रकारका मौसमहरू र तीसँग सम्बन्धित वस्तुहरूको पहिचान गर्न सक्ने । | प्राथमिक विद्यालयका लागि तयार | • बालबालिकालाई त्यस दिनभरिको मौसमबारे भन्न लगाउने । |

## ६. दुरी र दिशा

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने । | सुरुवात | • दैनिक अन्तरक्रियाका क्रममा वस्तुहरूको अवस्थितिबारे कुराकानी गरी स्थानगत अवस्थितिसम्बन्धी सचेतनाको अभ्यास गर्ने अवसर उपलब्ध गराउने । जस्तैः बालबालिकालाई "घरबाट गाईगोठ र बगैँचामध्ये कुन नजिक वा टाढा छ ?", "किताब कहाँ छ ?" "खन्ने औजार कहाँ छ ?" आदि प्रश्न सोध्ने ।<br>• स्थानगत अवस्थिति बुझाउन बालबालिकालाई विभिन्न वस्तुहरू सङ्केत वा औँला प्रयोग गरी देखाउन प्रोत्साहित गर्ने । उनीहरूले सङ्केत प्रयोग गरी देखाउँदा अभिभावक/स्याहारकर्ताले त्यसका लागि उपयुक्त शब्द भनिदिने ।<br>• बालबालिकालाई स्थानगत सचेतना अभ्यासमा मद्दत गर्नका लागि क्रियात्मक कथा, गीत वा बालगीतहरू प्रयोग गर्ने । |
| एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका सिकाइ रणनीतिहरू सँगसँगै बालबालिकालाई वस्तुहरूको अवस्थिति तुलना गर्न मद्दत गर्ने । उदाहरणका लागि- बालबालिकाबाट कुन-कुन वस्तुहरू नजिक छन् र कुन-कुन वस्तुहरू टाढा छन् उल्लेख गर्ने ।<br>• बालबालिकालाई विभिन्न स्थानगत ज्ञानसम्बन्धी अवधारणा प्रदर्शन गर्न घरलाई प्रयोग गर्ने । केही कुराको तल, माथि र भित्र भएका तीन वस्तुहरू पत्ता लगाउने जस्ता विविध क्रियाकलापहरू गराउने ।<br>• बालबालिकालाई सामग्रीहरू मिलाएर राख्न मद्दत गर्न प्रोत्साहित गर्ने, (यसले उनीहरूलाई कसरी फरक सामग्रीहरू एकसाथ रहन सक्छन् भनेर दृश्यमा बुझ्न मद्दत गर्दछ ।)<br>• बालबालिकालाई दायाँ र बायाँको अवधारणा दिन विभिन्न खेल वा क्रियाकलाप गराउने । |
| तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउने । | अगाडि बढिरहेको | • माथिका उल्लेख गरिएका रणनीतिहरू सँगसँगै घरमा भएका वस्तुहरूको अवस्थिति बहुतरिकाबाट तुलना गर्न बालबालिकालाई मद्दत गर्ने । उदाहरणका लागि- सुन्तला र स्याउ टेबलमाथि छन्, सुन्तला टेबलमाथि स्याउको दायाँ/बायाँतिर छ । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउने । | प्राथमिक विद्यालयका लागि तयार | • माथिका सबै स्तरहरूमा उल्लेख गरिएका सिकाइ रणनीतिहरूलाई निरन्तरता दिने । |

## ७. सामाजिक व्यवहार

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने । | सुरुआत | • सामाजिक व्यवहारबारे सिक्न बालबालिकालाई विविध अवसरहरू प्रदान गर्ने । उदाहरणका लागि- उपयुक्त सामाजिक व्यवहारबारे कुराकानी गर्न कथावाचन प्रयोग गर्ने । |
| केही निश्चित वयस्कलाई हाउभाउ सहित वा मौखिक रूपमा अभिवादन गर्ने | प्रगति भइरहेको | • घरमा आएका अतिथिजनहरूलाई शिष्टाचार गर्न जाँदा आफूसँग आफ्ना बालबालिकालाई पनि सहभागी गराउने ।<br>• कथा, अभिनय वा गीतहरूमार्फत सामाजिक सिपहरूबारे जस्तैः घरमा कोही आउँदा कसरी अभिवादन गर्ने, कसरी अन्तरक्रिया गर्ने, समूहमा कसरी सँगै काम गर्ने) ज्ञान र सिप दिने । |
| परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने | अगाडि बढिरहेको | • बालबालिकाको प्रेरक व्यक्तित्वका रूपमा कार्य गर्दै आफैँले उपयुक्त व्यवहार प्रदर्शन गर्ने । |
| परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउने । | प्राथमिक विद्यालयका लागि तयार | • बालबालिकालाई पुतली/गुडिया प्रयोग गरी अरूलाई अभिवादन गर्नुपर्ने काल्पनिक खेलको नमुना प्रस्तुत गर्ने । बालबालिकालाई सही तरिकाले अभिवादन गर्ने विभिन्न तरिकाहरू देखाउने ।<br>• अभिनय, कथा वा अन्तरक्रिया गरेर असल स्पर्श र खराब स्पर्शबारे कुराकानी गर्ने । उदाहरणका लागि कुनै पनि स्पर्शले असजिलो महसुस भएमा आफ्नो विश्वाशिलो व्यक्तिलाई भन्नुपर्छ भन्ने कुरा बुझाउने । उदाहरणका लागि हात समात्दा, अँगालो मार्दा, धाप मार्दा ठेल्दा वा खराब तरिकाले छुँदा जस्ता स्पर्शका उदाहरणसहित असल र खराब स्पर्शबारे बुझाउने । |

## ८. संवेगात्मक अभिव्यक्ति

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| संवेग/भावनाहरू चिन्न नसक्ने । | सुरुआत | • बालबालिकासँग दिनभरिमा भए गरेका काम तथा क्रियाकलापका आधारमा आफ्ना संवेगात्मक अवस्था जोडेर बालबालिकासँग कुराकानी गर्ने । जस्तैः "आमा दुःखी हुनुहुन्छ किनभने तिमीले आज धेरैबेरसम्म चिसो पानीमा खेल्यौ ।" "बाबा धेरै खुसी हुनुहुन्छ किनभने तिमीले घर सफा गर्न उहाँलाई मद्दत गर्‍यौ ।" |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • बालबालिकालाई कथा सुनाउने र कथा सुनाउँदा कथामा भएका पात्रहरूले कस्तो महसुस गरिरहेका छन् भनी अनुमान गर्न लगाउने । पात्रले जस्तो महसुस गरिरहेको छ त्यस्तै नक्कल गर्न लगाउने ।<br>• विभिन्न अवस्थाका संवेग दर्शाउने चित्रहरू देखाएर बालबालिकासँग छलफल गर्ने । जस्तै रिसाएको, खुशी भएको, दु:खी भएको, डराएको, रोएको, हाँसेको, शोक प्रकट गरेको आदि ।<br>• बालबालिकालाई आफ्ना भावनाहरूबारे कुराकानी गर्न प्रोत्साहित गर्ने । अभिभावक/स्याहारकर्ताले आफ्ना बालबालिकाले अनुहार मलिनो बनाएको बखत "तिमी किन निन्याउरो वा दुखी देखिएका छौ नि ?" वा निकै चमकदार अनुहार भएको बखत "तिमी निकै खुसी देखियौ नि ? के भयो ?" आदि जस्ता व्यवहारिक प्रसङ्गबाट बालबालिकालाई संवेग प्रकटीकरणमा मद्दत पुऱ्याउने । परिस्थितिमा आधारित भएर किन निश्चित भावनाहरू उठ्दछन् भन्ने बुझाउने कोसिस गर्ने । |
| आफ्ना संवेग/भावनाहरू चिन्ने । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरूसँगै बालबालिकालाई आफ्ना संवेग/भावनाहरू (खुसी हुने, दु:खी हुने, क्रोधित हुने, उत्साही हुने) के कारणले प्रकट हुन्छ भन्ने बारेमा कुरा गर्न प्रोत्साहन दिने । कसैले कुनै निश्चित कुरा भन्दा/पाउँदा/भेट्दा किन खुसी/दुखी/उत्साही हुन्छन् ? के कस्ता कुराले तिमीलाई त्यस्तो महसुस गराउँछ जस्ता प्रश्नहरू सोध्दै बालबालिकासँग छलफल गर्ने ।<br>• कागजका टुक्राहरूमा विभिन्न अवस्थाका संवेगका चित्रहरू बनाउने (खुसी, दु:खी, त्रसित र क्रोधित) । तिनलाई हातमा लिने र बालबालिकालाई चित्रमा देखाएजस्तै संवेगहरू अभिव्यक्त गर्ने अभिनय गर्न लगाउने । (खासगरी तपाईंले बालबालिकामा कडा संवेगहरू आएको देख्नुहुन्छ भने यसो गर्नुहोस् ।) |
| संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने । | अगाडि बढिरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई चुनौतीपूर्ण भावनाहरू सामना गरिरहँदा उनीहरूले के गर्नुपर्छ भनेर सोच्ने विकल्प दिने । बालबालिका आफैँलाई अभिव्यक्त गर्न र परिस्थितिलाई कसरी अगाडि बढाउने वा समाधान गर्ने रणनीतिहरू सुझाउन दिने ।<br>• बालबालिकासँग छलफल गर्दै विभिन्न भावनाहरू अभिव्यक्त गर्ने उपयुक्त तरिकाहरू पत्ता लगाउन लगाउने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
| --- | --- | --- |
| | | • सामाजिक हिसाबले उचित तरिकामा आफ्ना भावनाहरू अभिव्यक्त गरेकोमा बालबालिकालाई प्रशंसा गर्ने ।<br>• आफू वा अरूलाई हानि नगरी भावनाहरू अभिव्यक्त गर्न बालबालिकालाई मद्दत गर्ने । |
| आफ्नो संवेग/भावनालाई उचित प्रतिक्रिया दिने । | प्राथमिक विद्यालयका लागि तयार | • माथि सबै स्तरहरूमा उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने । |

## ९. राष्ट्र र राष्ट्रियता

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
| --- | --- | --- |
| आफ्नो र अभिभावकको नाम थाहा भएको । | सुरुआत | • घरमा कोही आउँदा बालबालिकालाई उहाँहरूसमक्ष आफू र परिवारका बाँकी सदस्यलाई चिनाउन लगाउने ।<br>• बालबालिकालाई उनीहरूको उमेर, लिङ्ग, मनपर्ने खाना, क्रियाकलाप आदिका आधारमा उनीहरू को हुन् ? भन्ने भाव विकास गर्न मद्दत गर्ने ।<br>• घरमा आफ्नो संस्कारअनुसार बालबालिकाको जन्मदिन मनाउने । |
| आफ्नो बारेमा सचेत रहेको । | प्रगति भइरहेको | • माथि उल्लेख गरिएका रणनीतिहरू सँगसँगै बालबालिकालाई पारिवारिक संस्कार र संस्कृतिबारे थप जानकारी पाउने क्रियाकलापहरूमा सहभागी गराउने । |
| परिवारको बारेमा सचेत रहेको | अगाडि बढिरहेको | • माथिका रणनीतिहरूसँगै बालबालिकालाई त्यस्ता कार्यक्रम र काममा सहभागी गराउने, जहाँ राष्ट्रिय र सांस्कृतिक सम्पदाहरू प्रस्तुत गरिन्छन् ।<br>जस्तैः चाडबाडको समयमा घर सजाउने र संस्कृतिअनुसारको लुगा तथा गरगहना लगाउने । बालबालिकासँग विभिन्न परम्पराहरूको अर्थका बारेमा छलफल गर्ने ।<br>• बालबालिकालाई आफ्नो परिवारको चित्र बनाउन प्रोत्साहित गर्ने ।<br>• बालबालिकालाई आफ्नो पारिवारमा कतिजना ? कसले के काम गर्ने ? भन्ने विषयमा बेलाबखत छलफल गरी भन्ने अभ्यास गराउने ।<br>• घरपरिवारमा भर्खर मनाएको वा केही समयअघि मनाएको चाडपर्वको विषयमा बालबालिकासँग कुराकानी गर्ने र सम्झनाको आधारमा भन्न प्रोत्साहित गर्ने । |

| बालबालिकाको स्तर | | सिकाइ रणनीतिहरू |
|---|---|---|
| | | • चाडपर्व तथा विभिन्न संस्कारमा परिवारका कसले के गर्छन् भन्ने विषयमा क्रियाकलापको अभिनय गराउने ।<br>• चाडपर्व विशेषमा आफ्नो समुदायमा गाइने परम्परागत गीत, भजन गाउन लगाउने । |
| देशका बारेमा सचेत रहेको | प्राथमिक विद्यालयका लागि तयार | • माथि उल्लेख गरिएका रणनीतिहरूलाई निरन्तरता दिने ।<br>• बालबालिकालाई नेपालको राष्ट्रिय झन्डा चिनाउने र त्यसमा प्रयोग भएको रङ र आकार चिनाउने । झन्डाकोजस्तै आकार कोर्न लगाउने ।<br>• बालबालिकालाई राष्ट्रिय झन्डा चित्रमा रङ भर्न लगाउने ।<br>• संस्कृति तथा राष्ट्रिय चिह्न नक्सासम्बन्धी विविध फोटो (तस्बिर)/भिडियो (श्रव्यदृश्य)हरू देखाउने र तिनका बारेमा छलफल गर्ने ।<br>• बालबालिकालाई देशको राष्ट्रिय गान गाउन लगाउने वा सिकाउने ।<br>• विभिन्न मानिस बस्ने क्षेत्र र ठाउँहरूबारे सिक्न बालबालिकालाई स-साना भौगोलिक नमुनाका जोड्न मिल्ने टुक्राहरू चलाउन र खेल्न प्रोत्साहित गर्ने । |

## अनुसूची १

## बालबालिकामा हुनसक्ने कार्यगत सीमितता वा अतिरिक्त आवश्यकताहरूको मूल्याङ्कन गर्नका लागि प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहहरूमा वासिङ्गटन समूहको कार्यगत सीमितता प्रश्नावली (२ देखि ४ वर्षको) प्रयोग

विश्व स्वास्थ्य संगठनकाअनुसार विश्व जनसंख्याको करिब १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारको कार्यगत सीमितता वा अपाङ्गतासहित बाँचिरहेका छन्, जसमा २ देखि ४ प्रतिशत गम्भीर अपाङ्गता भएका हुने गर्दछन् ।

निर्माणात्मक मूल्याङ्कनको अङ्गका रूपमा सबै बालबालिकाका व्यक्तिगत आवश्यकताहरू सक्दो उत्तम तरिकाले, समयमा र पर्याप्त रूपमा पूरा गरिएको सुनिश्चित गर्नु महत्त्वपूर्ण छ । सबै बालबालिकासँग आफ्नो क्षमताअनुसार सबै शैक्षिक क्रियाकलापहरूमा सहभागी हुने अधिकार हुन्छ । त्यसैले सम्भावित कार्यगत सीमितता भएका बालबालिकाको पहिचान गर्नुको उद्देश्य उनीहरूको सिकाइमा सक्दो उत्तम तरिकाले सहयोग गरिएको सुनिश्चित गर्ने हो ।

वासिङ्गटन समूह प्रश्नावलीले सुनाइ, देखाइ, सञ्चार/बुझाइ, सिकाइ, चाल र संवेगसहितका विभिन्न क्षेत्रमा रहेका कार्यगत सीमितताको पहिचान गर्दछ । यी प्रश्नावलीहरूको उपयोगले शिक्षक बालबालिकाका विभिन्न आवश्यकताहरूबारे जानकारी निर्माण गर्न मद्दत पुग्दछ । यसले निम्न कुराहरूमा मद्दत गर्नेछ :

१. बालबालिकालाई सघाउ पुग्ने सिकाइ वातावरण सृजना गर्न,

२. बालबालिकालाई आवश्यक पर्नसक्ने कुनै पनि सहयोगी सामग्री तथा उपकरणहरू उपलब्ध गराइएको सुनिश्चित गर्न (जस्तैः चस्मा, श्रवण यन्त्र वा सञ्चार सहज बनाउने सङ्केत बोर्डहरू आदि),

३. सबै बालबालिकाका आवश्यकताहरू पूरा गर्ने अर्थपूर्ण सिकाइ क्रियाकलापहरूको प्रारूप तयार गर्न,

४. सबै बालबालिकालाई सही तहमा सिकाइ क्रियाकलाप गरिएको सुनिश्चित गर्न ।

### क) यी प्रश्नावलीहरू कसरी पूरा गर्ने ?

यी प्रश्नावलीहरूमा बालबालिकाका बारे राम्रोसँग जानकारी भएको कसैले जवाफ दिनु महत्त्वपूर्ण हुन्छ । उक्त व्यक्ति शिक्षक वा अभिभावक/स्याहारकर्ता हुन सक्नुहुन्छ । यसका साथै शिक्षकले यी प्रश्नावलीहरू भरिरहँदा बालबालिकाबारे थप सूचना आवश्यकता परेमा अभिभावक/स्याहारकर्ताहरूलाई सम्पर्क गर्नुपर्छ ।

प्रश्नहरूको उत्तर दिनका लागि :

१. तपाईंले जो बालबालिका बारे प्रश्नहरूको जवाफ दिइरहनुभएको छ ऊसँग तपाई चिरपरिचित हुनुहुन्छ भन्ने सुनिश्चित गर्नुहोस् ।

२. प्रश्नावलीका १६ वटा प्रश्नहरू बारे आफूलाई अभ्यस्त बनाउनुहोस् र ती सबै प्रश्न आफूले पूर्ण रूपमा बुझेको सुनिश्चित गर्नुहोस् ।

३. कलमसँगै प्रश्नावली छापेर वा सारेर बोक्नुहोस् । साथै प्रश्नहरूको उत्तर दिनका लागि शान्त ठाउँ छान्नुहोस् ।

४. प्रश्नहरूको जवाफ दिनुहोस् । यदि तपाइँ केही प्रश्नहरूको उत्तर दिन असमर्थ रहनु भयो भने बालबालिकाका अभिभावक/स्याहारकर्ताहरू वा बालबालिकालाई राम्रोसँग चिन्ने अन्य कोहीलाई सम्पर्क गर्नुहोस् । अथवा प्रश्नहरूको जवाफका लागि समर्थ हुन दैनिक भेटघाटका क्रममा उक्त बालबालिकालाई अवलोकन गर्न थप केही समय लिनुहोस् ।

## ख) वासिङ्गटन समूहको कार्यगत सीमितता प्रश्नावली (२ देखि ४ वर्षको)

| क्र.सं. | विषय वा प्रश्न | विवरण र जवाफ | कैफियत |
|---|---|---|---|
| CFD1. | .............ले हेर्नका लागि चस्मा, प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD3 |
| CFD2. | ................लाई चस्मा, लगाउदा पनि देख्नमा कठिनाइ छ ? | १. कठिनाई छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै देख्दैनन् | 1-4 ⇨CFD4 |
| CFD3. | ......................लाई देख्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD4. | ..................ले श्रवणयन्त्र (हेरिङ एड/सुन्ने मेसिन) प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD6 |
| CFD5. | .................लाई श्रवणयन्त्र (सुन्ने मेसिन) लगाउँदा पनि व्यक्तिको स्वर वा गीतको स्वर सुन्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सुन्दैनन् | 1- 4⇨CFD7 |
| CFD6. | ............................लाई सुन्न कठिनाइ छ ? जस्तै व्यक्तिको बोली, सङ्गीतको स्वर | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD7. | ..................ले हिँड्नका लागि कुनै प्रकारको सहायक सामग्री प्रयोग गर्दैछन् वा कसैको सहयोग लिएका छन् ? | १. गर्छन् वा पाएका छन्<br>२. गर्दैनन् र पाएका छैनन् | 2⇨CFD10 |
| CFD8. | कुनै सहायक सामग्री तथा व्यक्तिगत सहयोग विना ................लाई हिँड्न कठिनाइ छ ? | १. हिँड्नमा कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD9. | कुनै सहायक सामग्री तथा कसैको सहयोगमा ..............लाई हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | 1- 4⇨CFD11 |
| CFD10. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD11. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई ससाना चिजहरू हातले उठाउन कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD12. | ...............सँग कुरा गर्दा उनलाई तपाईंले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १ .कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै बुझ्दैनन् | |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र जवाफ | कैफियत |
|---|---|---|---|
| CFD13. | जब .........बोल्छन् के तपाईंलाई उनले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १ .कठिनाइ छैन  २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ  ४. पटक्कै बुझ्दिन | |
| CFD14. | एउटै उमेरका अन्य समकक्षी बालबालिकालको तुलनामा ................लाई सिक्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन  २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ  ४. पटक्कै सक्दैनन् | |
| CFD15. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ..............लाई खेल्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन  २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ  ४. पटक्कै सक्दैनन् | |
| CFD16. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...................ले अन्य बालबालिका वा व्यक्तिलाई कत्तिको पिटने, टोक्ने, चिमोट्ने गर्दछन् ? | १. कहिले पनि गर्दैनन्  २.अरूहरूले जस्तै गर्छन्<br>३. धेरै गर्छन्  ४. एकदम धेरै मात्रामा गर्छन् | |

## ग) कार्यगत सीमितता भएका बालबालिकाका लागि आवश्यक सहयोग निर्धारण[१३]





[१३] ह्याण्डिक्याप ईन्टरनेशनलले निर्माण गरेको स्क्रिनिङ्ग, सिफारिस वा प्रेषण मार्गचित्र तथा शैक्षिक सहायता संयन्त्रसम्बन्धी निर्देश गर्ने पुस्तिकाबाट साभार

बालबालिकामा कार्यगत सीमितता छ भन्दैमा बालबालिकालाई मूल्याङ्कन तथा सिकाइ क्रियाकलापबाट अलग गर्नुहुँदैन । यहाँ कार्यगत सीमितता भएका बालबालिकालाई कसरी समेट्ने भन्ने साधारण सुझाव दिइएका छन् । सकिन्छ भने कार्यगत सीमितता भएका बालबालिकाका लागि वैयक्तिक सिकाइ योजना बनाउनुहोस् । कार्यगत सीमितता भएका बालबालिकाका लागि वैयक्तिक सिकाइ योजनासम्बन्धी क्षमता अभिवृद्धिका लागि पालिकाको शिक्षा शाखामार्फत तालिमको माग पनि गर्न सक्नुहुन्छ ।

**अतिरिक्त आवश्यकताहरू भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन सञ्चालन गर्नका लागि शिक्षकहरूलाई केही सुझावहरू :**

- प्रत्येक क्रियाकलापका लागि रहेका निर्देशनहरूलाई दोहोऱ्याउनुहोस् साथै बालबालिकाले उनीहरूबाट अपेक्षा गरिएको कुरा बुझेका छन् भनी सुनिश्चित गर्नुहोस् ।
- निर्देशनहरू उपलब्ध गराउन बहुउपायहरू उपयोग गर्नुहोस् । साथै छोटो निर्देशन दिनुहोस् ।
- अतिरिक्त आवश्यकताहरू भएका बालबालिकालाई अतिरिक्त समय र अभ्यासको मौका दिनुहोस् ।
- ती बालबालिकालाई उपलब्ध सहयोगी उपकरणहरू प्रयोग गर्न दिनुहोस् ।
- ती बालबालिकाई धेरै प्रोत्साहन र सकारात्मक प्रतिक्रियाहरू दिनुहोस् ।
- अतिरिक्त आवश्यकताहरू भएका बालबालिकालाई कक्षाकोठा बाहिरका क्रियाकलापमा यसै नछोडिदिनुहोस्, बरु उनीहरूसँग क्रियाकलाप गर्ने वैकल्पिक उपायहरूको खोजी गर्नुहोस् ।




**दृष्टिविहीन वा दृष्टिअल्पता भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- ➢ यस प्रकारका बालबालिकासँग कुरा गर्न सधैँ उनीहरूको नाम प्रयोग गर्नुहोस् ।
- ➢ दिइने निर्देशनलाई स-स्वर सुनाउनुहोस् र बालबालिकाले के गर्ने हो ? बताई दिनुहोस् ।
- ➢ बस्ने ठाउँको उपयुक्त व्यवस्थापनमा ध्यान दिनुहोस् र निर्देशन दिँदा उनीहरूको छेउमा जानुहोस् ।
- ➢ कक्षाकोठामा राम्रो प्रकाश व्यवस्था भएको साथै सबै लेख्य वा चित्रात्मक सामग्रीमा राम्रो रङ संयोजन (जस्तैः फिका र गाढा) रहेको सुनिश्चित गर्नुहोस् ।
- ➢ सम्भव हुँदासम्म सिकाइस्थलमा अनावश्यक हल्ला वा ध्वनि हुन नदिनुहोस् ।

- विभिन्न विषयको अवधारणाहरू दिन विविध प्रकारका वास्तविक वस्तुहरू प्रयोग गर्नुहोस्, जस्तै कक्षाकोठामा दैनिक प्रयोग हुने वस्तुहरू ।
- बालबालिकालाई जानकारी नदिई कक्षाकोठामा कुनै पनि सामग्री (जस्तै फर्निचर) यताउता नसार्नुहोस् ।
- आवश्यक परे बालबालिकाको हात वा काँधमा समातेर बाटो देखाउनुहोस् । विकल्पका रूपमा यस प्रकारका बालबालिकाले आफ्नो बाटो पत्ता लगाउनका लागि उनीहरूले समात्न सक्ने गरी कक्षाकोठामा डोरी टाँग्नुहोस् ।

**सुस्त श्रवण (श्रवण अल्पता) भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- यस प्रकारका बालबालिकाका लागि दृश्यात्मक वातावरण उपलब्ध गराउन सकेसम्म दृश्यसामग्रीहरूको प्रयोग गर्नुहोस् ।
- उनीहरूलाई दिइने निर्देशनमा चित्रात्मक सामग्री (विभिन्न वस्तुहरू प्रस्तुत गर्ने सामान्य चित्रहरू जस्तै, "हो/होइन", "खुसी/दुःखी", वा "शौचालय जाऊ") वा कक्षाकोठामा पाइने वास्तविक वस्तुहरूको उपयोग गर्नुहोस् ।
- दैनिक क्रियाकलापहरूका साथै तिनका चरणहरू प्रस्तुत गर्न दृश्य सामग्रीहरूको उपयोग गर्नुहोस् ।
- बस्ने ठाउँको व्यवस्थापनमा ध्यान दिनुहोस् र निर्देशन दिँदा उनीहरू बसेका छेउमा जानुहोस् ।
- सम्भव हुँदासम्म सिकाइस्थलमा अनावश्यक हल्ला वा ध्वनि कम गर्नुहोस् ।
- तपाईँले निर्देशन दिनुअगावै त्यस्ता बालबालिकाको ध्यान आफूतिर छ भनी सुनिश्चित गर्नुहोस्, जस्तै, गर्न लागिएको क्रियाकलापसँग सम्बन्धित वस्तु उनीहरूलाई पहिले नै दिन सकिन्छ ।
- कक्षाकोठामा राम्रो प्रकाश व्यवस्था भएको सुनिश्चित गर्नुहोस् ।
- तपाईँले कुरा गरिरहँदा बालबालिकालाई तपाईँका ओठहरू पढ्न दिनुहोस् । अर्थात् उनीहरू सबैले देख्ने ठाउँमा बसेर बोल्नुहोस् ।

**शारीरिक अपाङ्गता भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- कक्षाकोठाको संरचना यसरी मिलाउनुहोस् कि त्यहाँ बालबालिकालाई घुम्न खुला ठाउँ होस् । साथै कक्षामा दौडनका लागि कुनै किसिमका बाधाहरू नहुन् ।
- बालबालिका सहज तरिकाले बसून् भन्नका लागि विविध प्रकारले बस्ने ठाउँको व्यवस्थापन गर्नुहोस्, जस्तै सिरानी दिनुहोस् ।
- बालबालिकालाई उनीहरूका स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि विविध प्रकारका क्रियाकलापहरू गराउनुहोस् । बालबालिकालाई आवश्यकतानुसार उनीहरूका हात/खुट्टा समाई सही गति र दिशा लिन मद्दत गर्नुहोस् ।

**सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- निर्देशन दिँदा र नयाँ शब्दहरू सिकाउँदा चित्र र वास्तविक वस्तुहरूको उपयोग गर्नुहोस् ।
- निर्देशन दिने बहुउपायहरू प्रयोग गर्नुहोस् ।
- सङ्केतहरू सँगसँगै सामान्य भाषा र छोटा वाक्यहरू प्रयोग गर्नुहोस् ।
- बालबालिकासँग सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपूर्व र सञ्चालन गर्ने क्रममा उनीहरूसँग आँखा जुधाएर कुराकानी गर्नुहोस् ।

- स्पष्ट बोल्ने र आवश्यकतानुसार निर्देशनहरू दोहोऱ्याउने कुरामा ध्यान दिनुहोस् ।
- अवलोकन गरेर वा तपाइँले भनेको कुरा दोहोऱ्याउन लगाई बालबालिकाले निर्देशनहरू बुझेको सुनिश्चित गर्नुहोस् ।
- बालबालिकालाई उनीहरू स्वयम् र उनीहरूका विचार अभिव्यक्त गर्न समय दिनुहोस् साथै यसका लागि चित्रलाई देखाएर आफ्नो विचारको सङ्केत गर्ने जस्ता बहुउपायहरूसमेत उनीहरू सामु प्रस्तुत गर्नुहोस् ।

**सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- सबै सिकाइ कार्यहरू र निर्देशनहरूलाई साना साना चरणमा बाँड्नुहोस् र तिनलाई व्याख्या गर्न चित्रहरूको प्रयोग गर्नुहोस् ।
- बालबालिकाले दिइएका निर्देशनहरू बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस् (जस्तैः अवलोकन गरेर वा तपाइँले भनेको कुरा दोहोऱ्याउन लगाई)
- उनीहरूका लागि क्रियाकलापहरू खासै चुनौतीपूर्ण छैनन् भन्ने सुनिश्चित गरी बालबालिकाको ध्यान क्रियाकलापमा राख्न सघाउनुहोस् ।
- बालबालिकालाई अल्पकालीन र दीर्घकालीन क्रियाकलापहरू गराउनुहोस् । विभिन्न सिपहरूको अभ्यास गर्न उनीहरूलाई समय दिनुहोस् ।
- बालबालिकालाई उनीहरूको प्रदर्शन/काम गराइमा नियमित पृष्ठपोषण गरिरहनुहोस् ।

**मनोसामाजिक चुनौती भएका बालबालिकालाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही सुझावहरू**

- बालबालिकालाई धेरै नै प्रोत्साहन र सहयोग उपलब्ध गराउनुहोस् ।
- बालबालिकाले उनीहरूका काम र विभिन्न परिणतिहरू बिचको सामान्य सम्बन्ध बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस् र यो काम नियमित गर्नुहोस् ।
- असल व्यवहारका लागि बालबालिकालाई धन्यवाद दिनुहोस् ।
- अपेक्षित व्यवहारसहित बालबालिकाको नक्कल गर्नुहोस् (जस्तैः उदाहरण देखाई उनीहरूलाई अरूसँग खेल क्रियाकलापमा सहभागी हुन मद्दत गर्नुहोस्) ।

## घ) राष्ट्रिय स्तरमा उपलब्ध सेवाहरू[१४]

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **अस्पतालहरू (चिकित्सा, शल्य चिकित्सा र फिजियोथेरापी सेवाहरू)** | | | | | | | | |
| १ | राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध, काठमाडौं, नेपाल | ०१-४२३९१६१ ४२२६६३४ | फिजियोथेरापी, आकस्मिक सेवाहरू | घाइते तथा अपाङ्ता भएका व्यक्तिहरूका लागि फिजियोथेरापी तथा आकस्मिक सेवाहरू | अस्पताल जानुपर्ने | १२३ extension डायल गरेपछि जो कोहीलाई पनि सम्पर्क गर्न सकिने | | |
| २ | वीर अस्पताल, महाबौद्ध, काठमाडौं, नेपाल | ०१-४२२१९८८ ४२२२८५६ | फिजियोथेरापी, आपतकालीन सेवाहरू, सुधारात्मक शल्यक्रिया, सामान्य शल्य चिकित्सा, निदान | जन्मजात घाँटीमा समस्या, पाखुरा चलाउनमा समस्या, ठूलो टाउको, शारीरिक समस्या, हेमोफेलियाको निःशुल्क औषधी, डाउनसिन्ड्रोमको निदान | अस्पताल जानुपर्ने | चौथो तल्लामा रहेको सामाजिक सेवा इकाइ | | |
| ३ | कान्ति बाल अस्पताल, महाराजगन्ज, काठमाडौं, नेपाल | ९८४१३७४८०४ | फिजियोथेरापी, आपतकालीन सेवाहरू, सुधारात्मक शल्यक्रिया, सामान्य शल्य चिकित्सा, निदान | चौध वर्ष मुनिका बालबालिका दृष्टिसम्बन्धी र बौद्धिक अपाङ्ता भएका बालबालिका | अस्पताल जानुपर्ने | सामाजिक सेवा इकाइ, श्री कृष्ण गिरी | | |
| ४ | त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं, नेपाल | ०१-४४१२४०४ | फिजियोथेरापी, आपतकालीन सेवाहरू, सुधारात्मक शल्यक्रिया, सामान्य शल्य चिकित्सा, निदान | दृष्टिसम्बन्धी अपाङ्ता भएका सहित सबै बालबालिकाका लागि सेवा उपलब्ध रहेको | अस्पताल जानुपर्ने | | | |

[१४] ह्याण्डिक्याप ईन्टरनेशलले निर्माण गरेको स्क्रिनिङ्ग, सिफारिस वा प्रेषण मार्गचित्र तथा शैक्षिक सहायता संयन्त्र सम्बन्धी निर्देश गर्ने पुस्तिकाबाट साभार

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौं, नेपाल | ०१-४२७१९४१ | फिजियोथेरापी, आपतकालीन सेवाहरू, सुधारात्मक शल्यक्रिया, सामान्य शल्य चिकित्सा, निदान | शारीरिक र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सबै बालबालिकाका लागि पनि सेवा उपलब्ध रहेको | अस्पताल जानुपर्ने | | | सबैका लागि आकस्मिक सेवा बाहेक अन्य सेवाहरू केवल नेपाली सेना र तिनका परिवारका सदस्यहरूका लागि मात्र उपलब्ध रहेको |
| ६ | पाटन मानसिक अस्पताल, लगनखेल, ललितपुर, नेपाल | ०१-५५२१६१२<br>५५२१३३३ | आपतकालीन, निदान, मनोसामाजिक परामर्श, मनोचिकित्सक | सबै सेवाहरू बालबालिकाका लागि पनि उपलब्ध रहेको | अस्पताल जानुपर्ने | | | सबै सेवाहरूका लागि केवल रु.५० दर्ता शुल्क रहेको |
| ७ | नेपाल अर्थ ओपेडिक्स अस्पताल | ०१-४९११७२५<br>४९११७२४ | आपतकालीन, निदान, फिजियोथेरापी, आर्थोपिडिक्स, स्पिच थेरापी | शारीरिक अपाङ्गतालाई बढी केन्द्रित गरिएको बालबालिकाका लागि पनि सबै सेवा उपलब्ध रहेको | अस्पताल जानुपर्ने | | | |
| ८ | किर्तिपुर सामुदायिक अस्पताल, किर्तिपुर, काठमाडौं | ०१-४२२१८००<br>४२४०८०५ | आपतकालीन, निदान, स्पिच थेरापी, घुम्ती शिविरहरू | जलेको भागको उपचार, ओठ तथा तालु फाटिएको निःशुल्क शल्यक्रिया, बालबालिकाका लागि पनि सबै सेवा उपलब्ध रहेको | अस्पताल जानुपर्ने | | | |
| ९ | सुस्मा काइराला मेमोरिएल अस्पताल, सलम्बुटार, साखु, काठमाडौं | ०१-४४५०८२६<br>४४५०७२६<br>४४५०१७१ | आपतकालीन, निदान, स्पिच थेरापी, फिजियोथेरापी, मोबाइल क्याम्पहरू | शारीरिक अपाङ्ता, क्लब फुट जलेको, एम्प्युटेसन, खुट्टा खोच्याउँदै हिड्ने, ओठ तथा तालु फाटेको | अस्पताल जानुपर्ने | | | सुस्मा काइराला मेमोरिएल ट्रस्टद्वारा सञ्चालित |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १० | नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौं | ०१-४२६०८१३ | निदान, आपतकालीन सेवा, शल्य चिकित्सा | आँखाको उपचारसम्बन्धी सेवाहरू | अस्पताल जानुपर्ने | | | मोतीबिन्दु भएकाहरूका लागि २५ प्रतिशत छुट |
| **अस्पताल र पुनर्स्थापना केन्द्रहरू** | | | | | | | | |
| ११ | आनन्दवन अस्पताल, टिकाभैरव-९, लेले, ललितपुर, नेपाल | ०१-५१५१३७१ | निदान पुनर्स्थापना | क्लब फुट<br>कुष्ठरोग | अस्पताल जानुपर्ने | | | कुष्ठरोग पुनर्स्थापना केन्द्र |
| १२ | वि.पी. आइ फाउन्डेशन, मध्यपुर ठिमी- १, लोकन्थली, भक्तपुर, नेपाल | ०१-६६३१७०५<br>६६३९७३६ | निदान, स्पिच थेरापी, पुनर्स्थापना, शल्य चिकित्सा | नाक, कान, घाँटीसम्बन्धी उपचार<br>३-१० वर्षसम्मका बहिरा बालबालिकालाई सेवा दिइन्छ | अस्पताल जानुपर्ने | पुनर्स्थापना शाखा | | आवश्यक उपचार सहित साङ्केतिक भाषा पनि सिकाइन्छ |
| १३ | हरियो खर्क अस्पताल, नयाँ गाउँ, पोखरा | ०६१-४३०३४२<br>ext. ४३११६२ | निदान, आपतकालीन, शल्य चिकित्सा, सहायक उपकरणहरू, फिजियोथेरापी, अकुपेशन थेरापी, व्यावसायिक प्रशिक्षण | शारीरिक, मनोसामाजिक र दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि | अस्पताल जानुपर्ने | जोसुकै डाक्टर पनि जान सकिने | | सामान्य अपाङ्ता, स्पाइनलसम्बन्धी समस्या, क्लब फुट्स, कुष्ठरोग,छालासम्बन्धी सी.बि.आर. |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **पुनर्स्थापना केन्द्रहरू** | | | | | | | | |
| १४ | राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमन्डप, काठमाडौं | ०१-४२३९५८६ ४२२४९६८ | पहिचान/उपचार, सहायक सामग्रीहरू, विकासातमक सहयोग, अर्थोसिस र प्रोस्थेसिस, गमनशीलता तालिम, अकुपेशन थेरापी, मोबाइल क्याम्प | शारीरिक अपाङ्गता | कोषको कार्यालयमा प्रत्यक्ष सम्पर्क गर्नुपर्ने | जो डाक्टरलाई देखाउँदा पनि हुन्छ | | |
| १५ | स्पाइनल इन्जुरी सेन्टर, साँगा, काभ्रे | ०११-६६०८४७ ६६०८४८ | मूल्याङ्कन/चेक अप, फिजियोथेरापी, गतिशीलता प्रशिक्षण, पुनर्स्थापना, व्यावसायिक प्रशिक्षण | स्पाइनल इन्जुरी | प्रत्यक्ष रूपमा सम्पर्क गर्नुपर्ने | श्री डा.राज ढकाल | | |
| १६ | बालबालिकाका लागि अस्पताल र पुनर्स्थापना केन्द्र (HRDC), अधिकारी गाउँ, बनेपा-जनागाल, काभ्रे | ०११-६६१६६६ ६६१८८८ | मूल्याङ्कन/चेक अप, सहायक उपकरणहरू, शल्यक्रिया, ओथेसिस र प्रोस्थेसिस, गतिशीलता प्रशिक्षण, फिजियोथेरापी, व्यावसायिक प्रशिक्षण, शिक्षा | शारीरिक अपाङ्गता, क्लब फुट, जलेको, ज्वाइन्ट, स्पाइनल कर्ड, कुष्ठरोग, खुट्टा खोच्याउँदै हिड्ने, टि.ए., ओठ तथा तालु फाटेको, १८ वर्ष भन्दा कम बालबालिकालाई सेवा दिइन्छ | प्रत्यक्ष रूपमा केन्द्रमा सम्पर्क गर्नुपर्ने | | | |
| १७ | कोसिस नेपाल, ट्रान्जिट होम, बागडोल, ललितपुर | ०१-५१९०१०३ | चेक अप, परामर्श, उपचार, पुनर्स्थापना | १५-५९ वर्ष उमेर समूहका सबै व्यक्तिहरूका लागि मानसिक तथा मनोवैज्ञानिक सेवाहरू उपलब्ध गराइने | संस्थामा सिधै सम्पर्क गर्नुपर्ने | श्री युवराज चन्द | | |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १८ | अटिजम केयर नेपाल सोसाइटी, गैरीधारा-२, काठमाडौं | ०१-४४१९०१०<br>४४१००४५ | मूल्याङ्कन/जाँच फिजियोथेरापी, जीवनोपयोगी सिप, व्यावसायिक प्रशिक्षण अकुपेशन थेरापी | आठ वर्ष मुनिका बालबालिकाका लागि सेवा उपलब्ध गराइने | प्रत्यक्ष कार्यालयमा जानुपर्ने | | | |
| १९ | विशेष विद्यालय पुनर्स्थापना केन्द्र, पुरानो सिनामंगल, काठमाडौं | ०१-४९९०५३४<br>९८४१४७१५१५ | परामर्श, पुनर्स्थापना, शिक्षा | अटिजम, बहु अपाङ्गता ३-१३ वर्ष उमेर समूहका बालबालिका | प्रत्यक्ष रूपमा केन्द्रमा सम्पर्क गर्नुपर्ने | | | |
| २० | डाउनसिन्ड्रम एसोसिएसन नेपाल, मदन भण्डारीमार्ग, नयाँ बानेश्वर, काठमाडौं | ०१-४१०७१४१<br>९८६०५७५९३८<br>९८५१०६५८९५ | जाँच/निदान, परामर्श, अखुपेशन थेरापी, फिजियोथेरापी, शिक्षा | डाउनसिन्ड्रोम २-११ वर्ष उमेर समूहका बालबालिकाका लागि डे कयेर सेवा | प्रत्यक्ष रूपमा संस्थामा सम्पर्क गर्नुपर्ने | श्री राम केशरी बादी, श्री डा.ललिता केसी | | पैरवी समेत गर्ने |
| २१ | मस्तिष्क पक्षघात भएकाहरूको सेल्फ-हेल्प ग्रुप, धापाखेल, ललितपुर | ०१-५५७३६९९<br>५५७३०३० | जाँच, निदान, फिजियोथेरापी, स्पिच थेरापी | मस्तिष्क पक्षघात सबै बालबालिकालाई सेवा दिइन्छ । | प्रत्यक्ष सम्पर्क गर्नुपर्ने | | | |
| २२ | मस्कुलर डिस्ट्रोफिी फाउण्डेशन नेपाल, कुपन्डोल, ललितपुर | ०१-५५२१२५९ | निदान, फिजियोथेरापी, मनोसामाजिक परामर्श, ओथोपेडिक सामग्री, व्यावसायिक प्रशिक्षण, मोबाइल क्याम्पहरू | मस्कुलर डिस्ट्रफी बालबालिकाका लागि पनि सेवा उपलब्ध रहेको | प्रत्यक्ष रूपमा अस्पताल जानुपर्ने | | | |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **शिक्षा** | | | | | | | | |
| २३ | नेपाल अपाङ्ग सङ्घ खगेन्द्र नव जीवन केन्द्र, खगेन्द्रमार्ग, जोरपाटी, नारायणटार, काठमाडौं, नेपाल | ०१-४९१०९२३ ४९१२१०७ | स्वास्थ्य पुनर्स्थापना शैक्षिक पुनर्स्थापना सि.बि.आर., आय आर्जनमूलक क्रियाकलापहरू | स्वास्थ्य पुनर्स्थापना अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा (१०+२ तह) र सि.बि.आर कार्यक्रम | केन्द्रमा जानुपर्ने | श्री मोहन महर्जन | | अध्यक्ष |
| २४ | केन्द्रीय बहिरा माध्यमिक विद्यालय, नक्साल, काठमाडौं | ०१-४४१०१७९ | शिक्षा | राष्ट्रिय परिक्षा बोर्डसँग सम्बन्ध लिएको साथै कक्षा ११ र १२ मा शिक्षा र व्यवस्थापन संकायमा बहिरा तथा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूका लागि उपलब्ध रहेको | विद्यालयमा सम्पर्क गर्ने | | | |

| क्र.सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **पैरवी** | | | | | | | | |
| २५ | राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, प्रदर्शनी मार्ग, काठमाडौं | ०१-४२३११५९ | पैरवी | स्वास्थ्य, शिक्षा, रोजगारी/जीविका, सशक्तीकरण, सामाजिक सहभागिता, भौतिक सुविधाहरू, सहायक सामग्री र सेवा, पुनर्स्थापना सेवाहरू, उचित आवास सहित सबै सेवाहरू, सुविधाहरू र उनीहरूको विशेष आवश्यकताहरूसँग सम्बन्धित अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको लागि वकालत र समन्वय गर्दछ । | प्रत्यक्ष रूपमा कार्यालयमा सम्पर्क राख्ने | | | |
| २६ | नेपाल नेत्रहीन सङ्घ, सुकेधारा, काठमाडौं, नेपाल | ०१-४४३६७१४<br>४७२०४०८ | पैरवी | समावेशी शिक्षा, मतदाता शिक्षा, विपद जोखिम न्यूनीकरण, दृष्टिविहीन तथा न्यून दृष्टियुक्त व्यक्तिहरूको विकासको मूलप्रवाहिकरणमा समावेशिता, पहुँचयुक्तता आदिको प्रवर्धनमा गोष्ठी, कार्यशाला आदिको | प्रत्यक्ष रूपमा कार्यालयमा सम्पर्क राख्ने | श्री रमेश पोखरेल | अध्यक्ष | |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | सम्पर्क नम्बर | विषयगत क्षेत्र अथवा उपलब्ध सेवाहरू | बालबालिकाका लागि उपलब्ध सेवाहरूसहित सञ्चालित गतिविधिहरू | सेवामा पहुँचको प्रक्रिया | सम्पर्क जानकारी (सम्भव भएसम्म सम्बन्धित व्यक्तिको नाम) | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | माध्यमबाट काम गर्दछ । साथै संस्थागत तथा समुदायमा आधारित पुनर्स्थापना (सि.यि.आर.) कार्यक्रम मार्फत दृष्टिविहीन तथा न्यून दृष्टियुक्त व्यक्तिहरूको क्षमता विकास, आय आर्जन, अन्धोपन रोकथाम तथा उपचार, शिक्षा सहयता तालिम आदि प्रदान गर्दछ । | | | | |
| २७ | नेपाल दृष्टिविहीन कल्याण सङ्घ, त्रिपुरेश्वर, काठमाडौं | ०१-४४२६१६८ | पैरवी | परामर्श, ब्रेल प्रशिक्षण, घुम्ती शिविर, गमनशीलता तालिम | प्रत्यक्ष रूपमा कार्यालयमा सम्पर्क राख्ने | श्री अजय रत्न स्थापित | अध्यक्ष | |
| २८ | नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासङ्घ, धोविधारा, काठमाडौं | | पैरवी परामर्श | परामर्श र पैरवी | प्रत्यक्ष रूपमा कार्यालयमा सम्पर्क राख्ने | | | |

## अनुसूची २

यो निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका तयारीका विभिन्न चरणमा मार्गनिर्देश गर्ने र आफ्ना अमूल्य सुझाव उपलब्ध गराउने देहायका महानुभावहरूप्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

| नाम | पद | संस्था |
|---|---|---|
| श्री डिल्लीराम लुइँटेल | उप-महानिर्देशक | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| श्री हरि प्रसाद खनाल | उप-सचिव | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| श्री रमा अर्याल पन्थी | उप-सचिव | प्रारम्भिक बालविकास तथा विद्यालय पोषण शाखा/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| श्री शोभा कुमारी अधिकारी | निर्देशक | प्रारम्भिक बालविकास शाखा/शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| श्री उत्तरकुमार पराजुली | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| श्री पुरुषोत्तम घिमिरे | शाखा अधिकृत | पाठ्यक्रम विकास केन्द्र |
| श्री धनसूदन चौलागाईं | शाखा अधिकृत | प्रारम्भिक बालविकास शाखा/शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| श्री प्रकाश कुमार खरेल | शाखा अधिकृत | कार्यक्रम तथा अनुगमन शाखा/शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| श्री कुन्ती राना | कार्यकारी निर्देशक | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर |
| श्री मधु राजभण्डारी | प्रारम्भिक बालविकास विज्ञ | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर |
| श्री कौशिला खरेल | कोषाध्यक्ष | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर |
| श्री शशी बि.सी. | कार्यक्रम/तालिम संयोजक | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर |
| श्री पदम सुन्दर लिम्बू | वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर |
| डा. मिनाक्षी दाहाल | प्रारम्भिक बालविकास विज्ञ | |
| श्री सीमा जमिर राई | प्रारम्भिक बालविकास विज्ञ | |
| श्री देवीना प्रधानाङ्ग | प्रारम्भिक बालविकास विज्ञ | पूर्व सह-सचिव, नेपाल सरकार |
| श्री उमा घिमिरे | प्रारम्भिक बालविकास विज्ञ | युनिसेफ |
| डा. दिपु शाक्य | प्रारम्भिक बालविकास विज्ञ | युनिसेफ |
| श्री केन्जी कितामुरा | प्रारम्भिक बालविकास अधिकृत | युनिसेफ |
| श्री इली नुरा हियनो | शिक्षा अधिकृत | युनिसेफ |
| श्री हिरा सुनार | संयुक्त राष्ट्रसङ्घीय प्रशिक्षार्थी | युनिसेफ |



unicef
for every child

ARNEC
Asia-Pacific Regional Network for Early Childhood

Seto Gurans National Child Development Services